# चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य तह
तेस्रो सत्रको पाठ्यांश सङ्केत ६०९ र ६१० को
प्रयोजनका लागि
प्रस्तुत

## शोधप्रबन्ध

**शोधार्थी**
रामगीता लामिछाने
क्रमाङ्क नं. : ३६
दर्शनाचार्य तह
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग, कीर्तिपुर
२०८१

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य तेस्रो सत्रकी विद्यार्थी रामगीता लामिछानेले *चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन* शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................................

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
त्रि.वि. काठमाडौँ, कीर्तिपुर

मिति : २०८१/०३/१६

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तहको विद्यार्थी रामगीता लामिछानेले पाठ्यांश सङ्केत ६०९ र ६१० को प्रयोजनका लागि तयार पारेको *चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन* शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **शोधप्रबन्ध मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| **१. प्रा. डा. कृष्णप्रसाद न्यौपाने**<br>(विभागीय प्रमुख) | ...................... |
| **२. प्रा. डा. खगेन्द्रप्रसाद लुइटेल**<br>(शोधनिर्देशक) | ...................... |
| **३. सहप्रा. डा. दुर्गाबहादुर घर्ती**<br>(आन्तरिक शोधविशेषज्ञ) | ...................... |
| **४. प्रा. डा. महादेव अवस्थी**<br>(बाह्य शोधविशेषज्ञ) | ...................... |

मिति : २०८१/०३/२६

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको दर्शनाचार्य तह, तेस्रो सत्रको पाठ्यांश सङ्केत ६०९ र ६१० को प्रयोजनका लागि तयार पारिएको "चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन" शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले नेपाली समालोचनामा संरचनावादी समालोचनाका प्रवर्तक विशिष्ट विद्वान् आदरणीय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलको प्राज्ञिक सल्लाह सुझाब तथा कुशल निर्देशनमा तयार पारेको हुँ । यस्ता विशिष्ट विद्वान्का निर्देशनमा शोधप्रबन्ध गर्न पाउँदा मैले गौरवान्वित महसुस गरेको छु । यो शोधप्रबन्ध तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न कठिनाइहरूसँग डटेर सामना गर्न प्रेरणा प्रदान गर्दै सही मार्ग निर्देशन गरेर शोधप्रबन्ध सम्पन्न गर्न उत्प्रेरित गर्नु भएकोमा आदणीय गुरुज्यूप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा बेलाबखत आवश्यक सहयोग र सुझाव प्रदान गर्नुहुने दर्शनाचार्य तह, नेपाली केन्द्रीय विभागका सम्पूर्ण गुरुहरूप्रति म कृतज्ञताज्ञापन गर्दछु ।

मलाई सदैव अध्ययन क्षेत्रमा उर्जा दिने मेरा आदरणीय बुबा स्व. ठाकुरप्रसाद लामिछाने र परिश्रम र लगनशीलताको प्रतिफल सिकाउने ममतामयी आमा स्व. जयदेवी लामिछाने प्रति हार्दिक आभार प्रकट गर्दछु । पारिवारिक समस्यालाई आफैले वहन गरी मेरो पढाइलाई निरन्तर बाटो खुल्ला गरी अमूल्य योगदान पुऱ्याउनुहुने आदरणीय दाजु राजकुमार लामिछाने प्रति ऋणि नै छु । यो शोधप्रबन्ध तयार पार्ने क्रममा सदैव उत्प्रेरणा दिनुहुने ससुरा बद्रीप्रसाद तिवारी, सासु स्व. तीर्थकुमारी तिवारी श्रीमान मिठ्ठाराम तिवारी, दाइ राजकुमार लामिछाने, भाउजू सरिता अर्याल प्रति कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी आफ्नो ज्यादै व्यस्त समयमा पनि आवश्यक जानकारीहरू उपलब्ध गराउने मेरो सहपाठी इन्दिरा काफ्लेप्रति म आभार प्रकट गर्दछु ।

यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सामग्री सङ्कलन गर्दा सामग्री उपलब्ध गराएर सहयोग गर्नुहुने चाँगुनारयाण नगरपालिका स्रोतव्यक्तिहरूप्रति म आभार व्यक्त

गर्दछु । साथै शोधप्रबन्ध सम्पन्न गर्ने क्रममा सामग्री सङ्कलनका लागि सहयोग प्रदान गर्ने केन्द्रीय विभागका पुस्तकालयलाई धन्यवाद प्रकट गर्दछु । मेरो यस अध्ययनलाई सम्पन्न गर्न प्रत्यक्ष वा परोक्ष जुनसुकै रूपमा पनि सहयोग प्रदान गर्ने व्यक्ति तथा सङ्घ संस्थाहरू र मान्यजन आफन्तप्रति म विशेष आभारी छु ।

अन्त्यमा प्रस्तुत शोधप्रबन्धलाई आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग समक्ष पेस गर्दछु ।

**रामगीता लामिछाने**

शैक्षिक सत्र २०७६/०७७
क्रमाङ् : ३६
दर्शनाचार्य तह
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं

# विषयसूची


शोधनिर्देशकको सिफारिस क

स्वीकृतिपत्र ख

कृतज्ञताज्ञापन **ग**

**पहिलो परिच्छेद**

**शोधपरिचय**

१.१ विषयपरिचय १

१.२ समस्याकथन ३

१.३ उद्देश्य ४

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ शोधको औचित्य ९

१.६ सीमाङ्कन ९

१.७ शोधविधि १०

१.७.१ सामग्री सङ्कलन विधि १०

१.७.२ सामग्री विश्लेषण विधि ११

१.८ शोधप्रबन्धको रूपरेखा १२

**दोस्रो परिच्छेद**

**चाँगुनारायण क्षेत्रको परिचय**

२.१ विषयप्रवेश १३

२.२ चाँगुनारायणको भौगोलिक परिचय १३

२.३ चाँगुनारायणको सामाजिक जनजीवन एवम् सांस्कृतिक परिचय १४

२.३.१ चाडपर्वको परिचय १५

२.३.२ जात्रा मेलाको परिचय १५

२.३.३ शैक्षिक अवस्था १५

२.३.४ स्वास्थ्य अवस्था १६

२.४ चाँगुनारायण क्षेत्रका ऐतिहासिक र धार्मिक स्थल १६

२.५ चाँगुनारायण क्षेत्रको आर्थिक विकासको अवस्था १८

२.५.१ यातायात र सञ्चार अवस्था १९

२.६ निष्कर्ष २०

**तेस्रो परिच्छेद**

**चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको वर्गीकरण**

३.१ विषयप्रवेश २१

३.२ लोकगीतको परिचय २१

३.३ लोकगीतका तत्त्व २३

३.३.१ भाव वा विचार २४

३.३.२ उद्देश्य २४

३.३.३ भाषाशैली २५

३.४ चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको प्रकार ३१

३.४.१ क्षेत्रीय आधारमा लोकगीत ३१

३.४.२ बनोटका आधारमा लोकगीत ३३

३.४.३ जातीय आधारमा लोकगीत ३४

३.४.४ आकारका आधारमा लोकगीत ३५

३.४.५ प्रस्तुतीका आधारमा लोकगीत ३६

३.४.६ उमेरका आधारमा लोकगीत ३९

३.४.७ समयका आधारमा लोकगीत ४१

३.४.८ विषयका आधारमा लोकगीत ४३

२.८.९ लिङ्गको आधारमा लोकगीत ४८

२.८.१० सहभागिताको आधारमा लोकगीत ५०

३.५ निष्कर्ष ५३

## चौथो परिच्छेद

## चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको विधातात्त्विक विश्लेषण


४.१ विषयप्रवेश ५४

४.२ लोकगीताका विद्यातात्त्विक विश्लेषणको आधार ५४

४.३ चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको भाव र विचार विश्लेषण ५७

४.३.१ प्रेम, विरह र सांस्कारिक पक्षको अभिव्यक्ति ५८

४.३.२ भक्तिभाव पक्षको अभिव्यक्ति ६०

४.३.३ चाडपर्व निहित अन्तरवस्तुको अभिव्यक्ति ६२

४.४ चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको उद्देश्य ६६

४.५ चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको भाषाशैलीगत विश्लेषण ७३

४.५.१ भाषिक विन्यास ७३

४.५.२ शैलीय विन्यास ७६

४.५.३ बिम्ब र प्रतीकको प्रयोग ७९

४.५.४ लयविधान ८१

४.५.५ अलङ्कार ८२

४.६ भाव र विचार ८३

४.७ निष्कर्ष ८४


## पाँचौ परिच्छेद

## सारांश तथा निष्कर्ष


५.१ सारांश ८६

५.२ निष्कर्ष ८९

**परिशिष्ट** **९३**

**सन्दर्भ सामग्रीसूची** **१२३**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

बाग्मती प्रदेश भक्तपुर जिल्लाअन्तर्गत पर्ने चाँगुनारायण नगरपालिका ऐतिहासिक र सांस्कृतिक तथा प्राकृतिक महत्त्वसमेत रहेको क्षेत्र हो । नेपाल सरकारले मिति २०७३।११।१७ गतेको स्थानीय तह घोषणाबाट साविक चाँगुनारायण, झौखेल, छालिङ, दुवाकोट तथा साविक नगरकोट, बागेश्वरी, सुडाल, ताथली, गा.वि.स. समेटेर, महामञ्जुश्री नगरकोट, नगरपालिका मिलाएर नाम संशोधन भै नगरकोट नगरपालिका कायम भयो । पछि चाँगुनारायण नगरपालिका भएपछि नौ वटा वडा कायम भई नगरपालिका केन्द्र खरिपाटी भक्तपुर रहेको छ । समुद्री सतहबाट १३७२ देखि २१९९ मिटर उचाइमा रहेको नगरपालिकाको पूर्वमा मण्डन देउपुर नगरपालिका काभ्रे, पश्चिममा कागेश्वरी मनोहरा नगरपालिका काठमाडौं र दक्षिणमा सूर्यविनायक र भक्तपुर नगरपालिका रहेको छ । चाँगुनारायण नगरपालिकामा वि.स.. २०७८ का जनगणना अनुसार ३९७५५ पुरुष जनसंख्या र ३९३८१ महिलाको जनसंख्या रहेको छ । परिवारको औसत आकार ४.०८ लैङ्गिक अनुपात ९८.३४ र वार्षिक वृद्धिदर ४.४४ रहेको छ । चाँगुनारायणको जनघनत्व १३९९ मध्ये पुरुष साक्षरता दर ९२.१९ र महिला साक्षरता दर ७६.५८ प्रतिशत (राष्ट्रिय जनगनणाको संक्षिप्त) पाइएको छ । चाँगुनारायण नगरपालिका प्राकृतिक र सांस्कृतिक रूपमा विविधतायुक्त छ । यहाँ विभिन्न जातजातिका मानिस बसोबास गर्छन् । यहाँ विभिन्न किसिमका लोकगीतहरू गाइन्छन् ।

लोकसाहित्यको विभिन्न विधाहरूमध्ये लोकगीत एक प्रमुख विधा हो । वास्तवमा लोकपद्य अन्तर्गत पर्ने यो विधा अन्य विधाहरूमध्ये व्यापक, समृद्ध र अत्यन्त लोकप्रिय छ । यसलाई सबैभन्दा प्राचीन विधा मानिन्छ र संसारका जुनसुकै देशमा पनि लोकगीत फेला पर्दछन् । लोकगीत संक्षिप्त र छोटो हुन्छ भन्दाभन्दै पनि केही लोकगीत लामा र आख्यानयुक्त रहेको पाइए पनि यसको मूल स्वरूप चाहिँ लघु नै हुन्छ । लोकगीत सबैभन्दा प्राचीन समृद्ध भइ मानवहृदयलाई तत्कालै छुन सक्ने अत्यन्त लोकप्रिय र समसामयिक विधा हो । आजको युगमा रेडियो टेलिभिजन, टेलिफिल्म, युट्यूव, सामाजिक सञ्जाल र

चलचित्रमा गाइएका लोकशैलीका गीत आधुनिक विषयका भए पनि लोकलयमा गाइएका गीतले जुन समुदायमा परेको प्रभावलाई हेर्दा लोकसाहित्यका सम्पूर्ण विधाहरूमध्ये यो अत्यन्त लोकप्रिय गतिशील संवेदनशील र जनप्रिय विधाका रूपमा देखिन्छ ।

प्रत्येक देशको आफ्नै मौलिक पहिचान रहेको हुन्छ । हाम्रो देशको लोकगीत मौलिक पहिचानमध्येको एक पहिचान हो । नेपालमा प्रचलित लोकगीतहरू मागल, सगुन, फाग, पडेली, भेलाउलो, गौरा, तीज, मालसिरी, देउसी, भैलो फागु, बसन्त, जेठ, असारे, दाइँगीत, शिशुगीत, बाह्रमासे, देउडा, झ्याउरे, सालैजो, रोइला ख्याली, चुड्का, संगिनी, सिलोक, भजन, तामाङ सेला, आदि प्रचलनमा रहेको पाइए तापनि कतिपय लोकगीतहरू लोपको संघारमा रहेको पाइन्छ । चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतहरू लोपोन्मुख रहेको हुँदा यसको सङ्कलन वर्गीकरण र विश्लेषण गर्न अति आवश्यक रहेको छ ।

चाँगुनारायण नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिहरू विभिन्न अवसरमा विभिन्न प्रकारका लोकगीतहरू गाउँछन् । विशेषगरी पूजा लगाउँदा विवाह ब्रतबन्धमा लोकदोहोरी र रत्यौली गाइन्छ । यसैगरी तीजको अवसरमा तीजेगीत र तिहारको अवसरमा देउसीभैलो गीत गाइन्छ । लोकगीत भनेको लोकले आफ्नै दु:ख पीडालाई पोख्ने एउटा माध्यम हो । यस क्षेत्रमा लोकगीतलाई समय कटाउने र दु:ख विर्सनका लागि पनि गाइन्छ । वनपाखामा घाास दाउरा गर्न जाँदा घाँस दाउरा जम्मा गर्दै वनपाखा नै गुञ्जिने गरी आफ्नो मनका पीडा र बेथाहरूलाई लोकगीत मार्फत गाइन्छ । जात्रामा गोठालो जाँदा मकै नङ्ग्याउँदा पनि लोकगीत मार्फत आफ्ना दु:ख बिसाउने गरिन्छ । तर अहिले आएर आधुनिकीकरणको प्रभावले होला घाँसकाट्ने र दाउरा खोज्ने अनि गोठाला दाइले वनपाखा नै गुन्जने गरी गाउने गीतहरू सुन्न पाइँदैन भने तीज, विवाह र ब्रतबन्धमा पनि स्पिकरमा आधुनिक गीत र हिन्दी गीतहरू बजाएर उफ्रनेहरूको जमात बढ्दै गएको छ । यसले गर्दा हाम्रो लोकगीतको अस्तित्व नै संकटमा पर्दै गएको छ ।

लोकसमाजमा बसोबास गर्ने लोकजीवनको दु:ख पीडा, व्यथाहरू अनायास स्वत: स्फूर्त र सरल सरस एवं लयात्मक रूपमा भएका अभिव्यक्तिलाई लोकगीत भनिन्छ । लोकगीत आदिकालदेखि नै प्रस्तुत हुँदै आएको सर्वप्रिय प्राचीन विधा हो । लोकगीत विशेष लयमा प्रस्तुत गरिने मानव सभ्यताको मौखिक एवं विभिन्न इतिहास हो । यस भित्र लोकसमाजका जीवन भोगाइको विभिन्न आयामहरू समेटिएको हुन्छ । हरेक लोकगीतमा

लोकजीवनका भोगाइहरू प्रतिबिम्बित भएका हुन्छन् । लोकगीतमा स्थानीय रूपमा रहेका सामाजिक आर्थिक र सांस्कृतिक भोगाइहरूले ठुलो महत्व राख्दछ । हरेक लोकगीतहरू लोकसमाजमा रहेका हरेक व्यक्तिका भावनात्मक अभिव्यक्ति हुन् ।

चाँगुनारायण नगरपालिका क्षेत्रमा बसोबास गर्ने जनजीवनको पनि आफ्नै मौलिकता बोकेका गीतहरू रहेका छन् । त्यसैले यस क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन गरी वर्गीकरण र विधागत आधारमा विश्लेषण गर्ने उद्देश्यले यो शोधप्रबन्ध सम्पन्न गरिएको छ ।

चाँगुनारायण नगरपालिकामा रहेका गाउँबस्तीहरूमा प्रत्यक्ष सहभागी भई विभिन्न अवसरमा गाइएका गीतहरूलाई सङ्कलन गरी ती गीतहरूलाई वर्गीकरण र विधागत आधारमा विश्लेषण गरिएको छ । सङ्कलित गीतहरूलाई वर्गीकरण र विधागत आधारमा विश्लेषण गरिएको छ । सङ्कलित गीतहरूलाई क्षेत्रीय आधारमा, जातीय आधारमा प्रस्तुतीको आधारमा विषयका आधारमा आकार र समयका आधारमा वर्गीकरण गरिएका छन् । ती गीतहरूलाई भाव वा विचार, भाषाशैली र उद्देश्यका आधारमा विधागत अध्ययन गरिएका छन् । त्यसैले यस शोधप्रबन्धको निकै महत्व रहेको छ ।

## १.२ समस्याकथन

नेपाली लोकसाहित्य विधामा लोकगीत एक प्रमुख विधा हो । नेपालमा गाइने विभिन्न प्रकारका लोकगीतहरूमध्ये कतिपय लोकगीतहरू लोपको संघारमा रहेका छन् । यसैगरी चाँगुनारायण नगरपालिकामा प्रचलित लोकदोहोरी, भजन, बालुन, सिलोक र रत्यौली, तीज, ख्याली, देउसी, भैलो आदि जस्ता लोकगीतहरू पनि लोपोन्मुख रहेका छन् । यसकारण चाँगुनारायण नगरापालिकामा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन गर्नु यस शोधप्रबन्धको मुख्य समस्या हो । यस शोधप्रबन्धको लागि समस्यासँग सम्बद्ध शोधप्रश्नलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(१) चाँगुनारायण नगरपालिकामा के-कस्ता लोकगीतहरू प्रचलनमा रहेका छन् ?

(२) चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतमा के-कस्ता विधागत विश्लेषण पाइन्छन् ?

## १.३ उद्देश्य

नेपालका विभिन्न क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन भएको भए तापनि चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको भने हालसम्म अध्ययन भएको पाइँदैन । यस शोधप्रबन्धको मुख्य उद्देश्य चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण गर्नु रहेको छ । यस शोधप्रबन्धको उद्देश्यलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

(१) चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूको सङ्कलन र वर्गीकरण गर्नु ।

(२) चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको विधागत विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली लोकसाहित्यको विभिन्न विधाहरूमध्ये एक मुख्य विधा लोकगीत हो । विभिन्न समयमा अग्रज विद्वान्हरूले नेपालका विभिन्न क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन गरिएको भए तापनि हालसम्म चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतको अध्ययन भएको पाइँदैन । यस शोधप्रबन्धमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन गरिएको छ । यस शोधप्रबन्ध तयार गर्ने क्रममा अग्रज विद्वान्हरूले अध्ययन गरी तयार पारिएका लोकगीतसम्बन्धी लेख, रचना, कृति, कार्यपत्र, पत्रपत्रिका, शोधप्रबन्ध आदिलाई पूर्वकार्यको समीक्षाको रूपमा लिइएका छन् ।

चूडामणि बन्धु (२०५८) ले नेपाली लोकसाहित्य पुस्तकमा लोकगीत भनेको लोकजीवन रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो भनी उल्लेख गरिएका छन् । लोकगीतमा लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरूको चित्रण भएको हुन्छ । उनले लोकगीतहरू स्वतः स्फूर्त अभिव्यक्ति हुनु यस्ता गीतहरू चिन्तन मननका परिणाम होइनन्, समाजमा हस्तान्तरित हुँदै आएका हुन् भनी उल्लेख गरेका छन् । यस पुस्तकमा लेखकले लोकगीतको संरचनामा कथ्य भाषा चयन वा पद, स्थायी र अन्तरा, रहनी र बथन लय र भाका साथै लोकगीतहरूका नृत्य र बाद्य पनि हुन् सक्छन् भनी यी संरचनाहरूको विश्लेषण गरेका छन् । लोकगीतको प्रयोजनमा आनन्दको अनुभव, अनुष्ठानहरूको सम्पादन र

समसामयिक लोकजीवनको अभिव्यक्ति हुने चर्चा गरेका छन् । लेखकले लोकगीतलाई सहभागिताका आधारमा, लय वा भाकाका आधारमा र प्रकार्यका आधारमा गरी तीन आधारमा वर्गीकरण गरिएका छन् । सहभागिताको आधारमा एकल गीत, जसमा एकजनाले मात्र गाउने हुन्छ, दोहोरी गीत जसमा गीतमा दुईजनाको सवाल जवाफ हुन्छ । अनि सामूहिक गीत जसमा सामूहिक गायन हुन्छ । यस्तै नृत्यसहित प्रस्तुत हुने गीतलाई नृत्यगीत भनिन्छ भने बाजाका साथ प्रस्तुत गरिने गीतलाई वाद्यगीत भनिन्छ । लय वा भाकाको आधारमा गीत र गीतका भाकाहरूलाई वर्गीकरण गरिएका छन् । यस पुस्तक चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीत अध्ययनमा केन्द्रित नरहे पनि प्रस्तुत शोधप्रबन्धको लागि सङ्कलित लोकगीतहरूको वर्गीकरण र विश्लेषण गर्नका लागि सामान्य सहयोग मिलेको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६३) ले *लोकवार्ताविज्ञान र लोकसाहित्य* पुस्तकमा लोकगीतसम्बन्धी विश्लेषण गरेका छन् । यस पुस्तकमा लोकपद्यअन्तर्गत पर्ने लोकगीतसम्बन्धी विश्लेषण गरिएको पाइन्छ । यस पुस्तकमा लोकपद्यअन्तर्गत पर्ने लोकगीत सर्वदेशीय लोक रचना हो । संसारका सवै देशहरूमा लोकगीत पाइन्छ । यो लोकसाहित्यका विधाहरूमध्ये सबैभन्दा बढी समृद्ध, व्यापक र लोकप्रिय रहेको छ । यो फुटकर प्रकारको लघु रचना हो । केही लोकगीत लामा र हल आख्यानयुक्त भएको पाइए पनि यसको मूल स्वरूप चाहिँ लघु र आख्यानयुक्त हुनु हो । यसमा लोकभावनाको एकोन्मुखता रहने हुँदा छोटो आकारको भई स्मरण गर्न सहज हुन्छ । लोकगीतलाई लोकसाहित्यको सवैभन्दा प्राचीन विधा मानिन्छ यसको प्रारम्भ मानिसले वाणीको प्रयोग गर्न थालेदेखि नै भएको ठानिन्छ । यस आधारमा लोकगीतको थालनी वेदभन्दा पनि पूर्ववर्ती समयमा भएको हो भन्ने उल्लेख भएको पाइन्छ । उनीहरूले लोकगीतको तत्त्वहरूमा भाव वा विचार, उद्देश्य, भाषा र शैलीलाई प्रस्तुत गरी ती तत्त्वहरूको विश्लेषण समेत गरेका छन् । लेखक द्वयले यस पुस्तकमा लोकगीतलाई क्षेत्रीय आधारमा, जातीय आधारमा, उमेरका आधारमा, लिङ्गका आधारमा, सहभागिताका आधारमा र समयका आधारमा गरी दश आधारहरूमा वर्गीकरण गरिएका छन् । यो पुस्तक चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययनमा केन्द्रित नरहे पनि यस पुस्तकले सम्बन्धित क्षेत्रबाट सङ्कलित लोकगीतको वर्गीकरण र विश्लेषण गर्नका निम्ति पूर्ण सहयोग पुगेको छ ।

केशवप्रसाद उपाध्याय (२०६७) ले *पूर्वीय साहित्य सिद्धान्त* पुस्तकमा पूर्वीय साहित्य अन्तर्गत रसवादी मान्यता र त्यसको विवेचना अलङ्कारवादी मान्यता र त्यसको विवेचना, वक्रोक्तिवादी मान्यता र त्यसको विवेचना गरी विभिन्न उपशीर्षकमा पूर्वीय साहित्य सिद्धान्तको व्याख्या र विश्लेषण गरेका छन् । उनले अलङ्कारको चर्चा ऋग्वेदमा पाइएकाले वैदिक युगदेखि नै यसको इतिहास प्रारम्भ भएको हो भन्न सकिन्छ भनी प्रस्तुत गरिएको छ । यस पुस्तकमा लेखकले अलङ्कारहरूको वर्गीकरण गरिएको छ । उनले अलङ्कार सौन्दर्य सम्पादन तत्त्व हुन् र यिनले शब्द वा अर्थका माध्यमबाट काव्यको प्राणभुत रसतत्वमा सौन्दर्य समावेश गरेर त्यसको श्रीवृद्धि गरी आनन्दनुभूतिमा सघनता ल्याउँछन् भनी चर्चा गरिएका छन् । यो अध्ययन चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययनमा केन्द्रित नरहे पनि प्रस्तुत शोधप्रबन्धका लागि सम्बन्धित क्षेत्रबाट सङ्कलित लोकगीतको विधागत आधारमा अध्ययन गर्न सैद्धान्तिक रूपमा यस पूर्वीय साहित्य सिद्धान्त पुस्तकबाट सामान्य सहयोग मिलेको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६७) ले *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* पुस्तकमा पूर्वीय साहित्य सिद्धान्तअन्तर्गत काव्यहेतु, शब्दशक्ति, रस, अलङ्कार, रीति, ध्वनि वक्रोक्ति आदि जस्ता साहित्यमा अति आवश्यक तत्वहरूको वर्गीकरण सहित विवेचना गरेका छन् । उनीहरूले अलङ्कारलाई साहित्यमा शब्दालङ्कार र अर्थालङ्कारको भूमिका भनि चर्चा गरेका छन् । साहित्यमा जसरी अलङ्कारको महत्वपूर्ण भूमिका रहन्छ त्यसैगरी लोकसाहित्यमा पनि अलङ्कारको भूमिका त्यति नै महत्वपूर्ण हुन्छ । अलङ्कारले एकातिर साहित्यमा उक्ति वैचित्र्य चमत्कार गर्ने हुँदा यसको महत्त्व स्वतः स्पष्ट देखिन्छ । अलङ्कारले साहित्यलाई विशेष कथन तुल्याई प्रभावोत्पादक बनाउँछ । यसको अभावमा साहित्य अनाकर्षक र सामान्य कथन तुल्याई प्रभावोत्पादक बनाउँछ । यसको अभावमा साहित्य अनाकर्षक र सामान्य कथन जस्तै हुन्छ भनी प्रस्तुत गरेका छन् । यो पुस्तक चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययनमा केन्द्रित नरहे पनि यसले प्रस्तुत शोधप्रबन्धका लागि सङ्कलित लोकगीतको विधागत आधारमा विश्लेषण गर्नका निम्ति आंशिक सहयोग मिलेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६८) ले *लोकसाहित्य* पुस्तकमा लोकसाहित्यका सम्बन्धमा लोक+साहित्य मिलेर बनेको लोकसाहित्य शब्दभित्र रहेको लोक शब्द विशिष्ट महत्व रहेको छ भनी उल्लेख गरेका छन् । लोकसाहित्यको मूल पहिचान लोक शब्दमा निहित रहेको हुँदा

यसको व्युत्पत्ति र अर्थ केलाई लोकसाहित्यलाई हेर्ने वा भोग्ने जनसमुदायको साहित्य नै लोकसाहित्य हो भनी प्रस्तुत गरिएको पाइन्छ । लोकबाट रचिएको साहित्यलाई लोकसाहित्य भनिन्छ भने व्यक्ति विशेषबाट सिर्जना गरिएको साहित्यलाई सिर्जित साहित्य भनिन्छ । लोकसाहित्य अपठितहरूको समूहबाट सिर्जना भएको हुन्छ । लोकसाहित्यमा पुरै समुदायका स्वामित्व रहेको हुन्छ । त्यसैले लोकसाहित्य सामूहिक अभिव्यक्तिका रूपमा रहन्छ र यसमा सामूहिक दृष्टिकोण रहन्छ भनी उल्लेख गरिएको पाइन्छ ।

ईश्वरा पौडेल (२०७६) ले *ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित लोकगीतको संरचनात्मक अध्ययन* शोधप्रबन्धमा लोकगीतको उद्देश्य अन्तर्गत मनोरञ्जन, नैतिक शिक्षा र उपदेश, लोकमङ्गलको कामना, सामाजिक यथार्थको प्रस्तुतिको अध्ययन गरेकी छन् । उनको अध्ययनमा लोकगीतका तत्वहरू भाव वा विचार उद्देश्य भाषाशैलीको आधारमा ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित लोकगीतको विश्लेषण गरिएको छ । ईश्वरा पौडेलले ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित लोकगीतलाई सङ्कलन गरी ती लोकगीतहरू बाह्य संरचनाको अध्ययन गरी विभिन्न आधारमा वर्गीकरण समेत गरिएकी छन् । यो ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित लोकगीतको अध्ययनमा शोधप्रबन्ध चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययनमा केन्द्रित नरहे पनि प्रस्तुत शोधप्रबन्धका लागि सम्बन्धित क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण र विधागत आधारमा अध्ययन गर्न यसबाट आंशिक सहयोग पुगेको छ ।

मनकुमारी इदिङ्गो (२०७७) ले *ताप्लेजुङको फत्ताङ्लुङ क्षेत्रमा प्रचलित पालामको अध्ययन* शोधप्रबन्धमा ताप्लेजुङको फत्ताङ्लुङ्मा प्रचलित लोकगीतको अध्ययन गरी लोकगीतमा पालमको अध्ययन गरेकी छन् । पालाम लोकगीतकै एउटा अंश रहेको र फत्ताङ्लुङ क्षेत्रका किराँत समुदायभित्र गाइने गीत भएको र पालमलाई पनि लोकगीतकै वर्गीकरण र तत्त्वअन्तर्गत राखेर विश्लेषण गरिएको छ । लोकगीतलाई क्षेत्रीय, जातीय, उमेर, लिङ्गका, सहभागिताका आधारमा बनोट, प्रस्तुति र विषय र आकारको आधारमा रहने र यस लोकगीतका तत्त्वहरू भाव, उद्देश्य, भाषा, शैलीका आधारमा विश्लेषण गरिएको पाइन्छ । यो अध्ययन चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययनमा केन्द्रित नरहे पनि यस शोधप्रबन्धले सङ्कलित लोकगीतको विश्लेषण गर्ने क्रममा प्रस्तुतिका आधारमा विश्लेषण गर्न सहयोग पुर्‍याएको छ ।

ज्ञानबहादुर लामा २०७९) ले ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतको अध्ययन शोधप्रबन्धमा लोकगीतको उद्देश्यअन्तर्गत मनोरञ्जन, उपदेश, लोकमङ्गलको कामना, सामाजिक यथार्थको प्रस्तुतिका अध्ययन गरेका छन् । उनको यस अध्ययनमा लोकगीतको तत्त्वहरू भाव वा विचार उद्देश्य भाषाशैलिको आधारमा ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतको विश्लेषण गरिएको छ । यो ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतको अध्ययनशीर्षकको शोधप्रबन्ध चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययनमा केन्द्रित नरहे पनि प्रस्तुत शोधप्रबन्धका लागि सम्बन्धित क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण र विधागत आधारमा अध्ययन गर्न यसबाट आंशिक सहयोग पुगेको छ ।

लेखकले यस पुस्तकमा लोकगीतलाई लोकवार्ताका तीन मुख्य भेदकअन्तर्गत स्थूल विधामा राखिएको छ । उनले लयात्मक र गेय पद्यरचना लोकगीत हुन् भनी उल्लेख गरेका छन् । यस पुस्तकमा लोकसाहित्यको प्रयोजन भनेको मनोरञ्जन, शिक्षा वा उपदेश, लोकमङ्गल, यथार्थको प्रकटीकरण हुन् भनी चर्चा गरिएको छ । यो पुस्तक चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतको अध्ययनमा केन्द्रित नरहे पनि प्रस्तुत शोधप्रबन्धका लागि सङ्कलित लोकगीतहरूलाई विधागत आधारमा अध्ययन गर्न सैद्धान्तिक पूर्वाधारको रूपमा आंशिक सहयोग पुगेको छ ।

निष्कर्षमा लोकगीत आदिकालदेखि मौखिक परम्पराको माध्यमबाट लोक समाजमा हुर्कदै आएको छ । लोकगीतमार्फत् लोकजीवनका रागात्मक अभिव्यक्तिहरूलाई लयात्मक रूपमा अभिव्यक्त हुने गर्छ । लोकगीत आदिकालदेखि प्रचलनमा रहेको भए पनि नेपालका सन्दर्भमा यसको अध्ययन र विश्लेषण भएको पाइन्छ ।

*चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन* शीर्षकको यस शोधप्रबन्धलाई सम्पन्न गर्न विभिन्न समयमा विद्वानहरूले गरेका पूर्वकार्यले आंशिक रूपमा सहयोग पुऱ्याएको छ । हालसम्म यस क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन नभएकाले यस शोधप्रबन्ध तयार पारिएको छ । लोकगीत सम्बन्धित पूर्वकार्यको समीक्षामा विभिन्न विद्वान्हरूले आ-आफ्नो विचारहरू अभिव्यक्त गरेका छन् ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको लोकवार्ता विज्ञान र लोकसाहित्य नामक पुस्तकमा केन्द्रित रहेर सङ्कलित लोकगीतको वर्गीकरण र विधागत आधारमा विश्लेषण गरिएको छ ।

## १.५ शोधको औचित्य

हालसम्म चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको सङ्कलन वर्गीकरण र विशलेषण गरिएको छ । सङ्कलित लोकगीतहरूको विधागत आधारमा प्रकारका आधारमा अध्ययन विशलेषण गरिएको हुनाले यस भेगमा प्रचलित लोकगीतको बारेमा जानकारी गराउन सहयोगी देखिन्छ । यस शाधप्रबन्धले लोकगीतसम्बन्धी अध्ययन गर्न चाहने जो कोहीलाई पनि सन्दर्भ सामग्रीको रूपमा पुऱ्याउने छ । यस कारण यस शोधप्रबन्धको औचित्य रहेको छ । लोकगीत आदिकालदेखि लोकसमाजमा रहेका लोकजीवनको दुःख, पीडा, आँसु, हाँस्ने अभिव्यक्त गर्ने मौखिक परम्परामा हुर्कदै आएका विधा हो । लोकगीत मौखिक परम्परामा भन्ने र सुन्ने प्रक्रियाबाट पुस्त पुस्तामा पुस्नान्तरण हुँदै आएको छ । नेपालमा भौगोलिक विकटताका कारण र लोकगीतको अध्ययन गर्ने अध्यताको कमीले गर्दा लोकगीतको तुलनात्मक रूपमा जति सङ्कलन र संरक्षण हुनुपर्ने हो त्यति हुन सकेको पाइदैन । संरक्षणको अभावमा कतिपय लोकगीतहरू लोप भइ सकेको र कतिपय लोकगीतहरू लोपोन्मुख रहेका छन् । त्यसैले यस शोधप्रबन्धको मुख्य औचित्य भनेको लोकगीतहरू लोपोन्मुख रहेका छन् । त्यसैले यस शोधप्रबन्धको मुख्य औचित्य भनेको लोकगीतको सङ्कलन र संरक्षण गर्नु हो ।

## १.६ सीमाङ्कन

यस शोधप्रबन्धमा सम्पन्न गर्नु चाँगुनारायण, नगरपालिका, दुवाकोट-१, दुवाकोट-२ झौखेल, चाँगुनारायण, छालिङ, नगरकोट, बागेश्वरी सुडाल, ताथली ९ वटा वडाहरू मिलेर बनेको छ । यस नगरपालिकासँग सीमा जोडिएका सम्पूर्ण वडालाई यस शोधप्रबन्धको मुख्य भौगोलिक सीमा मानिएको छ । बाहुन, क्षेत्री, तामाङ, नेवार, कामी, दमाई, मगर, गुरुङ, ठकुरी बसोबास रहेको यस क्षेत्रको मुख्य पेशा कृषि रहेको छ । यस क्षेत्रमा धान, गहुँ मकै, सिमी, आलु, तोरी, केराउ, कोदो आदि कृषि जन्य वस्तुहरू उत्पादन हुन्छन् । यस क्षेत्रमा बसोबास गर्ने जातजातिहरूले, नेपाली नेवारी, तामाङ, गुरुङ भाषा बोलीचालीमा प्रयोग

गर्दछन् । ती जात जातिहरूको आ-आफ्नै संस्कार र संस्कृति रहेको छ । यो संस्कार र संस्कृति अनुसार विभिन्न अवसरमा विभिन्न खालका लोकगीतहरू गाइन्छ । यस शोधप्रबन्ध ती लोकगीतहरूको सङ्कलन र वर्गीकरणमा मात्र सीमित रहेको छ । कुनै पनि विषयको अनुसन्धान गर्दा त्यसको विषय क्षेत्र, समय विधि आदिको किटान गर्नु नै सीमाङ्कन हो । चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन गर्नु यस शोधप्रबन्धको सीमाङन रहेको छ ।

यस शोधप्रबन्ध चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतहरूको अध्ययनमा मात्र सीमित रहेका छन् । यस क्षेत्रबाट सङ्कलित लोकगीतहरूलाई लोकगीतका तत्वहरू भाव वा विचार उद्देश्य, भाषा र शैलीको आधारमा विश्लेषण र क्षेत्रीय आधारमा, बनोटका आधारमा, जातिको आधारमा, आकारको आधारमा, प्रस्तुततिको आधारमा, उमेरको आधारमा, समयको आधारमा, विषयको आधारमा, लिङ्गको आधारमा, सहभागिताको आधारमा गरी बनोटको आधारहरूमा मात्र वर्गीकरण गरिएको छ । यस शोधप्रबन्धमा नेपाली भाषाको सङ्कलन गरी ती लोकगीतहरूलाई नेपालीमा रूपान्तरण सहित विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

यस शोधप्रबन्धको लागि सङ्कलित लोकगीतलाई विधागत आधारमा विशलेषण गर्ने उद्देश्य रहेको हुनाले यहाँ शोधप्रबन्धको प्रस्तुतीकरणमा मुख्यतः वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस शोधप्रबन्धमा सङ्कलित लोकगीतहरूलाई विधागत आधारमा भाव वा विचार उद्देश्य, भाषा र शैलीलाई मुख्य आधारमानी व्याख्या विश्लेषण गरिएको छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सामग्री सङ्कलन विधि र विश्लेषण विधि अलग-अलग शीर्षकमा प्रस्तुत गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधप्रबन्धमा लोकगीतको सैद्धान्तिक अवधारणा सङ्कलन पुस्तकालयीय विधिद्वारा गरिएको छ । यस शोधप्रबन्धका लागि लोकगीतहरूको सङ्कलन क्षेत्रीय कार्यबाट गरिएका छन् । यसकार्यका लागि क्षेत्रीय अध्ययन विधिलाई मुख्य रूपमा प्रयोग गरिएको छ । सम्बन्धित क्षेत्रमा पुगेर सामग्री संङ्लनको लागि मोबाइलमा भएको रेकर्ड र क्यामराको

प्रयोग गरिएको छ । यस शोधप्रबन्धमा सम्पन्न गर्न प्राथमिक स्रोतका रूपमा सम्बन्धित क्षेत्रमा गइ विवाह ब्रतबन्धमा आफै सहभागी भएर श्रव्यदृश्यका रूपमा सामग्री सङ्कलन गरिएको छ भने कतिपय लोकगीतहरू लोकगीत गाउने व्यक्तिहरूलाई प्रत्यक्ष भेटी गाउन लगाई श्रव्यदृश्य मार्फत सङ्कलन गरिएको छ । यस शोधप्रबन्धका लागि द्वितीय स्रोतका रूपमा पुस्तकालयीय अध्ययन विधि प्रयोग गरी आवश्यक सैद्धान्तिक तथ्यहरू विभिन्न विद्वानहरूको पूर्वकार्यको अध्ययनबाट सङ्कलन गरिएका छन् । यसरी यस शोधप्रबन्ध यी सङ्लित लोकगीत मध्ये २७ ओटा लोकगीत छनोट गरिएको छ । सङ्कलित लोकगीतहरूमा विषयगत आधारमा र मौलिकताको आधारमा उस्तै रहेकाले अन्य लोकगीतहरूलाई यस अध्ययनमा समावेश गरिएको छैन ।

### १.७.२ सामग्री विश्लेषण विधि

यस शोधप्रबन्धको लागि सम्बन्धित क्षेत्रमा गएर सङ्कलन गरिएको २७ ओटा लोकगीतलाई विभिन्न विद्वानहरूको पूर्वकार्यलाई आधार मानी वर्गीकरण गरिएको छ । सङ्कलित लोकगीतलाई क्षेत्रीय आधारमा, जातीय आधारमा उमेरका आधारमा, लिङ्गका आधारमा, आकारका आधारमा र समयका आधारमा गरी दस आधारमा वर्गीकरण गरिएका छन् । यी सङ्कलित युवा, बृद्ध बाल, नारी पुरूष, नारीपुरूष एकल, दोहोरी, सामूहिक भावप्रधान घटनाप्रधान कण्ठ्य, बाध्य र नृत्य धार्मिक, सांस्कृतिक, श्रम, लघुतम लघु, सामयिक र सदाकालिक लोकगीतहरू रहेका छन् ।

जुनसुकै लोकगीतमा रहेको केन्द्रीय कक्षा वा विचार नै लोकगीतको भाव वा विचार हो । लोकगीतमा अभिव्यक्त हुने भाव वा विचार नै लोकगीतको विषय हो, जुन वैचारिक अभिव्यक्तिमा अन्तर्निहित हुन्छ । लोकगीतलाई भाव वा विचारले नै मर्मस्पशी पूर्ण बनाउँदछ भने यो आन्तरिक सौन्दर्य पनि हो । यसले हृदयमा अन्तर्निहित पीडा व्यथा वा उमङ्गलाई तार्किक प्रस्फुटन गर्दछ । यस शोधप्रबन्धमा भाव वा विचारका आधारमा सङ्कलित लोकगीतलाई एउटै समूहमा राखी अध्ययन गरिएको छ । लोकगीतको प्रयोजन नै लोकगीतको उद्देश्य हो ।

यस शोधप्रबन्धका लागि सङ्कलित २७ ओटा लोकगीतलाई मनोरञ्जन प्रदान गर्ने लोकगीत शिक्षा वा उपदेश दिने लोकगीत, लोकमङ्लको कामना गर्ने लोकगीत र यथार्थको प्रकट गर्ने लोकगीत गरी अलग-अलग रूपमा विश्लेषण गरिएको छ । लोकगीत अपठितहरूको सिर्जन भएकोले यसमा प्रयोग हुने भाषा सजिलै बुझ्न सकिने खालको सरल हुन्छ । भाषा प्रयोगको आधारमा सङ्कलित लोकगीतलाई अध्ययन गरिएका छन् । शैली वा

भाषाले लोकगीतलाई मार्मिकता प्रदान गर्छ । यो शोधप्रबन्ध सम्पन्न गर्नको लागि सङ्कलित लोकगीतहरूलाई सोउद्देश्यका वर्णानुक्रममा प्रस्तुत गरिएका छन् । शैलीले नै लोकगीतमा रस भरिदिन्छ । लोकगीतलाई आकर्षक बनाउने काम शैलीले गर्छ । यस शोधप्रबन्धमा सङ्कलित लोकगीतलाई यसैका आधारहरूमा विश्लेषण गरिएको छन् ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई व्यवस्थित स्वरूप प्रदान गर्न पाँच परिच्छेदमा प्रस्तुत गरिएको छ । ती पाँच परिच्छेदको रूपरेखा यसप्रकार छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : चाँगुनारायण क्षेत्रको परिचय

तेस्रो परिच्छेद : चाँगुनारायण नगरपालिकामा प्रचलित प्रचलित नेपाली लोकगीतको वर्गीकरण

चौथो परिच्छेद : चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको विश्लेषण

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# चाँगुनारायण क्षेत्रको परिचय

## २.१ विषयप्रवेश

लोकगीत लोकसाहित्यको प्राचीन र लोकप्रिय विधा हो । यो कसैको मौलिक रचना नभएर लोकले बनाएको वा जुराएको गीत हो । चाँगुनारायण नगरपालिकाको प्रचलित लोकगीत चाँगुनारायणकै लोक समुदायका भावना मुखारित भएको गीत हो । लोकगीत लोक जीवनमा लहरिँदै बढ्ने र प्रसार हुने हुँदा लोकगीतमा स्वभाविक रूपमा लोकसमुदायको आँसु-हाँसो, सुख-दुःख, मिलन-बिछोड, जीवन-यापनका अनेक उकाली-ओराली लोक मान्यता र लोक विश्वास आदिले स्थान पाएका हुन्छन् । यस परिच्छेदमा लोक गीतको सैद्धान्तिक अवधारणा र चाँगुनारायण नगरपालिकाको प्रचलित लोकगीतको विश्लेषण उल्लेख गरिएको छ ।

## २.२ चाँगुनारायणको भौगोलिक परिचय

बाग्मती प्रदेश ३ भक्तपुर जिल्लाअन्तर्गत चाँगुनारण नगरपालिकामा रहेको छ । ऐतिहासिक एवं पुरातात्त्विक महत्वको दृष्टिकोणले भक्तपुर जिल्लाभित्रका चारवटा नगरपालिकामध्ये चाँगुनारायण नगरपालिका एक हो । नेपाल सरकारले मिति २०७३।११।१७ गतेको स्थानीय तह घोषणाबाट साविक चाँगुनारायण झौखेल, छालिङ, दुवाकोट गा.वि.स. समेटेर चाँगुनारायण नगरपालिका तथा साविक नगरकोट, बागेश्वरी, सुडाल र ताथली गा.वि.स. समेटेर चाँगुनाराण निगरपालिका तथा साविक नगरकोट, बागेश्वरी, सुडाल र ताथली गा.वि.स. समेटेर महामन्जुश्री नगरकोट नगरपालिका मिलाएर नजाम संशोधन भै नगरकोट नगरपालिका कायम भयो । चाँगुनारायण नगरपालिका भएपछि नौ वटा वडा कायम भई चाँगुनारायण नगरपालिकाको केन्द्र खरिपाटी भक्तपुर रहेको छ ।

चाँगुनारायण नगरपालिकामा २०७८ को जनगणनाअनुसार ३९७५५ पुरुषको जनसंख्या र ३९३८१ महिलाको जनसंख्या रहेको छ । परिवारको औसत आकार ४.०८ र लैङ्गिक अनुपात ९८.३४ र वार्षिक वृद्धिदर ४.४४% रहेको छ । चाँगुनारायणको जनघनत्व १३९९ मध्ये साक्षर जम्मा ८४.२८% र यसमध्ये पुरुष साक्षरता दर ९२.१९ र महिला साक्षरता दर

७६.५८ प्रतिशत (राष्ट्रिय जनगणनाको संक्षिप्त नतिजा) पाइएको छ । चाँगुनारयण नगरपालिका प्राकृतिक र सांस्कृतिक रूपमा विविधतायुक्त छ यहाँ विभिन्न जातजातिका मानिस बसोबास गर्छन् । यहाँ विभिन्न किसिमका लोकगीतहरू गाइन्छ ।

लोकसाहित्यका विविध विधामध्ये एक महत्वपूर्ण विधाको रूपमा परिचित 'लोकगीत' लोक र गीत दुई शब्द मिलेर बनेको शब्द हो । लोकगीत लोकको गीत हो । यसलाई अर्को अर्थमा जनजीवनको जिब्रोमा झुण्डिएको एक मनोरञ्जनात्मक एवम् जीवनको सुख दुःखको अनुभूतिलाई व्यक्त गर्ने सशक्त माध्यम पनि मानिन्छ । त्यसैले लोकगीतलाई आफ्नो जीवनयापनको क्रममा भोगेका सुख-दुःख बिसाउने चौतारी पनि भनिन्छ ।

## २.३ चाँगुनारायणको सामाजिक जनजीवन एवम् सांस्कृतिक परिचय

चाँगुनारायणमा विभिन्न जातजाति तथा धर्माबलम्बीहरूको बसोबास रहेको छ । यस नगरपालिकामा क्षेत्री, दमाइ, कामी, मगर, तामाङ, नेवार आदि जातिको बसो्बास रहेको छ । यहाँ हिन्दू धर्माबलम्बी र बौद्ध धर्माबलम्बीको संख्या धेरै पाइन्छ भने केही क्रिश्चियन धर्माबलम्बीहरू पनि एक आपसमा मिलेर बसेको पाइन्छ ।

नगरपालिकाको सामाजिक संरचनामा प्रभाव पार्ने प्रमुख तत्त्व आर्थिक विपन्नता हो । गरिबी, सामाजिक अन्धविश्वास, शैक्षिक चेतनाकोकमी, आदि कारणले अध्ययन क्षेत्रको जनमानसमा केही विकृति र विसङ्गति देखिए तापनि जिल्लाको विभिन्न भागमा छरिएर रहेका जातजातिहरूका फरक फरक चालचलनहरू छन् । धेरैजसो चालचलन तथा परम्परा साझा सम्पत्तिका रूपमा लिने गरेको पाइन्छ ।

धर्मकै आधारमा समाज र संस्कृतिको परिचालन हुन्छ । धर्म र संस्कृति परिपूरक छन् । धर्ममा आँच आउँदा संस्कृति हराउँछ र संस्कृति हरायो भने धर्म ह्रास हुन्छ । समाज तथा राष्ट्रको मूल आधार नै धर्म, संस्कृति र सभ्यता हो । मानिस सामाजिक प्राणी भएकाले समाजमा उच्च सभ्यताका साथ बाँच्न चाहन्छ । धर्म संस्कृति र सभ्यताले सामाजिक संरचनालाई बलियोसँग बाँध्ने काम गर्दछ । यस क्षेत्रमा पनि हिन्दू धर्म मान्नेहरू धेरै छन् । जसअन्तर्गत कृष्णप्रणामी, सनातन वैष्णवी ॐ शान्ति, धर्म मान्नुका साथै वैदिक शास्त्रमा दिइएका सोह्र संस्कारहरू महत्वका साथ अवलम्बन गरी राख्ने कार्य अझसम्म पाइए तापनि राजनीतिक विद्रोहका कारण यसमा आक्रमण भएको छ । धर्म भित्रका कतिपय

अन्धाविश्वास, आडम्बरले गर्दा वास्तविक धार्मिक क्रियामा नकारात्मक असर परेको देखिन्छ । विवाह, ब्रतबन्ध, छैटंटी, न्वारन आदि शुभ संस्कारका साथै विविध रुढीवादी परम्परा पनि कायम रहेका पाइन्छन् ।

### २.३.१ चाडपर्वको परिचय

जन्मदेखि मृत्युसम्म गरिने संस्कार चाँगुनारायण क्षेत्रमा पनि मनाउने गरेको पाइन्छ । दशैं, तिहार, तीज, आदि यहाँको मुख्य चाड हो भने माघेसंक्रान्ति, साउने संक्रान्ति जनै पूर्णिमा, चैते दशैं, तुलसी विवाह आदि पनि महत्त्वपूर्णका साथ मनाउने गरिन्छ । यस चाडपर्वमा पनि आफ्ना नजिक रहेका चेलीबेटीलाई निम्तो गरी मीठो मसिनो खानेकुरा बनाई चाड मनाउने गरिन्छ । श्रीपञ्चमी, नागपञ्चमी, कुशेओंसी र मातातीर्थ औंशी पनि महत्त्वका साथ मनाउने चलन छ ।

### २.३.२ जात्रा मेलाको परिचय

चाँगुनारायण नगरपालिका वडा नं. ४ चाँगुनारायण मन्दिरमा हरिबोधनी एकादशी तिथिमा मेला लाग्ने गर्दछ । यस मेलामा भजन कीतन गर्ने चलन रहेको छ । साथै श्रीस्वस्थानीको मेलामा माधवनारायणलाई चाँगुनारायण मन्दिरको दर्शन गराउने चलन पनि छ । साथै वडा नं. ६ मा भएको महादेव पोखरीमा प्रत्येक वर्षको जनैपूर्णिमामा पोखरीमा स्नान गर्ने र तामाङ र लामाहरूले झ्याँक्रीनाँच देखाउने चलन रहेको छ भने वडा नं. ७ मा वाल्मिकेश्वर मन्दिरमा गुरुपूर्णिमामा मेला लाग्ने चलन छ भने वडा नं. ८ को सरस्वती तथा महामञ्जुश्रीको मन्दिरमा श्रीपञ्चमीमा मेला लाग्ने चलन रहँदै आएको छ । यस क्षेत्रमा नेवारी समुदायको गाइजात्रा, विस्का जात्रा, सिठी, महादेवपोखरी जात्रा, कालिका मन्दिरको जात्रा, कृष्ण जात्रा पनि मनाउने गरेको पाइन्छ ।

### २.३.३ शैक्षिक अवस्था

चाँगुनारायण क्षेत्रको शिक्षाको अवस्था सन्तोषजनक नै रहेको छ । चाँगुनारायण नगरपालिकामा ८४.२८% साक्षरता रहेको छ । महिला साक्षरता दर ७६.५८% र पुरुष साक्षरता दर ९२.१९% राष्ट्रि जनगनणा २०७८ को संक्षिप्त नतिजा रहेको पाइन्छ । यसरी हेर्दा चाँगुनारायण शिक्षामा निकै अगाडि बढेको पाइन्छ । यस क्षेत्रमा उच्च शिक्षाको लागि १०+२ सञ्चालन विद्यालय ४ वटा र श्रीकृष्ण बहुमुखी क्याम्पस र नेपाल इन्जिनियरिङ्ग कलेज गरी दुईवटा क्याम्पस सञ्चालनमा आएका छन् ।

### २.३.४ स्वास्थ्य अवस्था

चाँगुनारायण क्षेत्रको स्वास्थ्यको अवस्था समग्रमा चित्त बुझ्दो देखिँदैन । यस क्षेत्रमा प्रतयेक वडामा एक एक वटा स्वास्थ्य चौकी र एउटा नगर अस्पताल हुनुका साथै के.एम.सी. अस्पतालको शाखा पनि रहेको छ । वीर अस्पताल बन्ने योजनामा रहेको छ । आगजनी, बाढी पहिरोबाट वर्षेनी धनजनको क्षति भैराख्ने गरिबीका कारण त्यस क्षेत्रमा आगजनी, जनता धेरै विरामी, कुपोषित, रक्तअल्पता भैरहेको समस्यालाई नयूनीकरण गर्ने उद्देश्यले रगतका अभावमा कारण वर्षेनी समुदायका विभिन्न समुदायले ज्यान गुम्नबाट जोगाउनका लागि रेडक्रसको स्थापना गरिएको छ ।

## २.४ चाँगुनारायण क्षेत्रका ऐतिहासिक र धार्मिक स्थल

सांस्कृतिक विविधताले भरिपूर्ण यो नगरपालिकामा विभिन्न जातजाति तामाङ, नेवार, ब्राह्मण, क्षेत्री, गुरुङ, मगर आदि रहेका छन् । चाँगुनारायण मन्दिर विश्वसम्पदामा परेको र प्राकृतिक सुन्दरताले भरिपूर्ण नगरकोट पहाडको रानीका कारण यहाँ पर्यटकीय रूपमा पनि राम्रो रहेको छ । जहाँ वार्षिक लाखौँ संख्यामा आन्तरिक तथा बाह्य पर्यटकको उपस्थिति हुन्छ । त्यसैगरी महादेवस्थान वाल्मिकेश्वर मन्दिर, जाल्पादेवी, मनकामना, महाँकाल, माधवपोखरी, सरस्वती ब्रह्मायणी, यातुमहादेव, जागेश्वर जस्ता प्रमुख धार्मिक स्थलका रूपमा रहेको छ । त्यसैगरी यहाँ मनाइने प्रमुख चाडपर्वका रूपमा गाइजात्रा, बिस्केट जात्रा, दशैँ, तिहार, जनैपूर्णिमा, होली, माघे संक्रान्ति, साउनेसंक्रान्ति, तीज आदि रहेका छन् ।

दोलागिरि पर्वतको नामले चिनिने चाँगुनारायण नगरपालिकामा आफ्नै किसिमको मौलिक परम्परा रहेको छ । सत्य युगमा वणासूर राक्षसले काठमाडौं उपत्यकामा मानव प्राणीको बासस्थान निर्मूल पार्न उपत्यकाका प्रमुख नदी बाग्मती मनोहरा, विष्णुमती आदिलाई छेकी डुबाउ गराउने उद्देश्यले महाभारत लेकलाई तानेर ल्याउँदै गर्दा भगवान् महादेवले चालपाई चाँगुनारायण किलेश्वर महादेव उत्पत्ति भई किला बनेर उभिँदा राक्षसले पर्वत तान्न नसकी दोलायमान भएर स्थिर भएको हुँदा यस स्थानको नाम दोलागिरी पर्वत रहन जानुको साथै पछि वाणासूर राक्षसलाई भष्म समेत गरी दिनुभएको किंवदन्ती छ । सोपश्चात् पश्चिमतर्फ बग्न गएको मनोहरा नदी पुनः दक्षिण भेगतर्फ नै बग्न गएको यही दोलागिरि पर्वत नभएको भए मनोहरा नदी तेलकोटबाट दक्षिणतर्फ बग्ने थियो भन्ने भनाइ समेत रहेको छ ।

साथै दोलागिरि पर्वतको आफ्नै महिमा छ । पूजा पाठ तिथि श्राद्ध आदिमा संकल्प गर्दा भरतवर्ष भरत खण्ड, जम्बुद्वीप, पशुपति गुह्येश्वरी, बाग्मती, गोकर्णेशवरपूर्व भेगे हिमालयले दक्षिण, काशी, विश्वेश्वराय उत्रर स्वर्ण कौसिका (सुनकोसी) पश्चिम ती मध्येको ठाउँ दोलागिरी पर्वतको देशे चाँगुनाराणको सामीप्य महाँकाल सन्निकटे उच्चारण गरी गरिन्छ ।

पर्यटकीय नगरी ठमेलबाट नजिकै रहेको चाँगुनारायण नगरपालिका पूर्वतर्फ रमणीय नगरकोट, बागेश्वरी, सुडाल, ताथली; पश्चिमतर्फको राजधानी काठमाडौँ, ललितपुर उत्तरतर्फको साँखु, मणिचूड सुन्दरीजल, कागेश्वरी, टोखा, शिवपुरी आदि र दक्षिणतर्फको पर्यटकीय नगरी भक्तपुर सूर्यविनायक नगरपालिकाका रमणीय क्षेत्र अवलोकन गर्न सकिनुको साथै मौसम सफा भएको खण्डमा १७ वटा हिमश्रृङ्खला देख्न सकिन्छ जस्तै मनास्लु, लाङ्टाङ, गणेश, सोलुपिक, जुगल आदि ।

वडा नं. १ महाँकाल मन्दिरको छत्रछायाँमा रहेको छ, दुवाकोटलाई वडा एक र दुई गरी विभाजन गरिएको छ । यहाँ प्रत्येक दशैँमा मेला लाग्ने गर्दछ । यो भक्तपुर नगरपालिकासँग सिमाना जोडिएको छ । यो समथर परेको छ । यहाँ विभिन्न विद्यालय, के.एम.सी. अस्पतालको शाखा पनि रहेको छ ।

चाँगुनारायण नगरपालिका वडा नं. २ पनि दुवाकोटमा नै अवस्थित छ । यहाँ नेपाल इन्जिनियरिङ्ग क्याम्पस रहेको छ । वीर अस्पतालको शाखा बन्ने तयारी पनि यसै वडामा रहेको छ ।

चाँगुनारायण नगरपालिका वडा नं. ३ झौखेल पनि भक्तपुर नगरपालिकासँग सिमाना जोडिएको छ । यहाँ महादेव मन्दिर रहेको छ । महादेव मन्दिरमा तीजमा मेला लाग्ने गर्छ । झौखेललाई कोल्पाकोटको नामले पनि चिनिन्छ ।

चाँगुनारयण नगरपालिका वडा नं. ३ मा विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायणको मन्दिर रहेको छ । यो चाँगुनारायण वडा नं. ४ काठमाडौँको मनोहरा नगरपालिकाको र शंखरापुर नगरपालिकाकालाई छोएको छ । चाँगुनारायण दृश्य अवलोकन गर्नका लागि पनि राम्रो रहेको छ । चाँगुनारायण मन्दिरमा कृष्ण अष्टमी, तीज र ठूलो एकादशीमा मेला लाग्दछ । चाँगुनारायण नगरपालिका वडा नं. ५ मा मनकामना मन्दिर, त्रिशूल डाँडा रहेको छ । यस स्थानमा ५०० वर्ष पुरानो काभ्रोको भगवान् गणेशको आकृति

भएको रुख पनि रहेको छ । हिमाली दृश्य अवलोकनका लागि यो ठाउँ अत्यन्तै रमणीय रहेको छ । यहाँ नै पञ्चमालक्ष्मीको मन्दिर पनि रहेको छ । यस वडाले शंखरापुर नगरपालिकालाई छोएको छ ।

चाँगुनारायण नगरपालिका वडा नं. ६ मा जाल्पादेवी गीतामन्दिर, कालिका स्थान, महादेव पोखरी रहेको छ । जाल्पादेवी मन्दिर श्री स्वस्थानीमा उल्लेख गरिएको मन्दिर हो । यस मन्दिरमा दशैं, तीज र माघ पूर्णिमामा मेला लाग्ने गर्छ भने महादेव पोखरीमा प्रत्येक वर्ष जनै पूर्णिमामा मेला लाग्ने गर्छ । यस पोखरीमा स्नान गरेमा रोगव्याधी नलाग्ने भन्ने विश्वास रहेको छ । यो पर्यटकीय स्थल नगरकोटमा अवस्थित भएकाले वर्षेनी लाखौं पर्यटक भित्रिने गर्दछन् । यसले काभ्रे र काठमाडौंको शंखरापुर नगरपालिकालाई छोएको छ ।

चाँगुनारायण वडा नं. ७ बागेश्वरीमा यातु महादेव, जागेश्वर, बाल्मिकेश्वर, बगेहिटी आदि मन्दिरहरू रहेका छन् । जागेश्वर मन्दिर श्रीस्वस्थानीमा उल्लेखित पुरानो मन्दिर हो । यहाँ प्रत्येक वर्षको माघ शुक्ल पूर्णिमामा मेला लाग्ने गर्दछ । यो भक्तपुर कमलविनायकसँग जोडिएको छ । वाल्मिकेश्वर मन्दिरमा गुरूपूर्णिमामा मेला लाग्ने गर्दछ । यस ठाउँबाट उपत्यकाको अवलोकन गर्न पनि सकिन्छ ।

चाँगुनारायण नगरपालिका वडा नं. ८ मा गुम्बा, सरस्वती मन्दिर अथवा महामञ्जुश्रीको मन्दिर रहेको छ । यसलाई महामण्डपको नामले चिनिन्छ । परापूर्वकालमा काठमाडौं उपत्यका नागदहको स्वरूपमा हुँदा तत्कालिन महाचीनको पञ्चशीलको पर्वतबाट महामञ्जुश्री स्वयम् दर्शन गर्न आफ्ना दुई श्रीमती केशरी र उपकेशरीका साथ श्रीपञ्चमीको अघिल्लो रात विताउनु भएको किंवदन्ती छ । श्रीपञ्चमीमा ठूलो मेला लाग्ने गर्दछ ।

चाँगुनारायण वडा नं. ९ ताथलीमा ब्रह्मायणी मन्दिर, सपनेश्वर मन्दिर रहेको छ । यो वडाले भक्तपुर नगरपालिका र सूर्यविनायक नगरपालिकालाई छुनुका साथै काभ्रे जिल्लालाई पनि छोएको छ । ब्रह्मायणी मन्दिरमा विशेष गरी नवरात्रीमा मेला लाग्ने गरेको छ ।

## २.५ चाँगुनारायण क्षेत्रको आर्थिक विकासको अवस्था

व्यक्ति, समाज र राष्ट्रलाई आर्थिक पक्षले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पारेको छ । आर्थिक पक्ष सबै कुराको मेरुदण्ड हो । सामाजिक संस्कृति कला, साहित्य जस्ता अन्य

कैयौं क्षेत्रहरूलाई आर्थिक विकासले सवल र गतिशील बनाउँछ । यसै सन्दर्भमा यस जिल्लाको आर्थिक विकासका सबल तत्वहरू यसका गतिविधिहरूबाटै संक्षिप्त रूपमा परिचय दिने जमर्को यहाँ गरिन्छ ।

**(क) कृषि**

चाँगुनारायण क्षेत्रको आर्थिक विकासको आधार तत्व नै कृषि हो । यहाँका बहुसंख्यक मानिसहरूको जीवन नै कृषि पेशामाथि निर्भर छ । उष्ण हावापानी रहेको यस क्षेत्रमा प्रशस्त मात्रामा उर्वर भूमि रहेको छ । पश्चिम, उत्तर, पूर्व, भू-भाग निकै अग्लो र दक्षिण भू-भाग समथर रहेको छ । हलो, कोदालो, हँसिया, खुर्पा, ट्रयाक्टर, बन्चरो आदि कृषि औजारहरू हुन् ।

**(ख) अन्न बाली**

यस क्षेत्रलाई अन्नको भण्डार भने पनि हुन्छ । यस क्षेत्रमा कतै त ४ बाली पनि लाग्ने गर्दछ । कतै धान, गहुँ लगाएर दुई बाली आलु लगाएर एक बाली काँक्रा, फर्सी र अन्य तरकारी बालीहरू लगाउने चलन छ । यहाँ लप्सी र अम्बा जस्ता फलफूलहरू पाइन्छ । अग्लो स्थानमा मकै, कोदो जस्ता बालहिरू लगाउने गर्छन् । त्यहाँ मौसमी तथा बेमौसमी दुवै खाले तरकारी उत्पादन यस स्थानलाई हावापानीका दृष्टिले अति राम्रो देखिन्छ ।

**(ग) पशुपालन**

पशुपालनका रूपमा यहाँ गाई, भैंसी र बाखा, कुखुरा बढी महत्वका साथ पालिन्छ । यहाँ पुश चारवटा उद्देश्यले पालिन्छ । खेती गर्ने उद्देश्यले खेतीबारीमा मल प्राप्त गर्ने उद्देश्यले दुध, दही, घ्यूका लागि पालिन्छ । अन्य आर्थिक स्रोत नभएकाले गाई, भैंसीको दुध, घ्यू बेचेर पनि गुजारा चलाएको पाइन्छ ।

### २.५.१ यातायात र सञ्चार अवस्था

चाँगुनारायण क्षेत्रमा यातायातको सुविधा सबैतिर पुगेको छ तर सबै क्षेत्रमा कालोपत्रे भइसकेको भने छैन । राजधानीदेखि दैनिक रूपमा चाँगुनारायणिका नौ वडामा नै भाडाका बस तथा निजी गाडीहरू चल्ने गरेको पाइन्छ । यहाँ विस्तारै सबै टोल टोलको बाटाहरूमा पनि कालोपत्रे हुनुपर्ने देखिन्छ ।

चाँगुनारायण क्षेत्रमा रेडियो, टेलिभिजन राम्रोसँग सञ्चार हुन्छ । नेपाल टेलिकमको लाइन सबै क्षेत्रमा पुगिसकेको छ तर पहुँच नहुने जनताको हातमा भने छैन ।

चाँगुनारायण क्षेत्रको मुख्य पेशा कृषि रहे पनि व्यापार, नोकरी र अन्य पेशामा पनि संलग्न रहेको पाइन्छ ।

## २.६ निष्कर्ष

चाँगुनारायण नगरपालिका एक ऐतिहासिक धार्मिक दृष्टिले मात्र नभई प्राकृतिक र सांस्कृतिक सम्पदाले पनि भरिपूर्ण रहेको छ । आफ्नो छुटै मौलिकता बोकेको यो क्षेत्रका मानिसहरूको मुख्य पेसा कृषि, नोकरी, व्यापारी र अन्य रहेको छ । विश्वसम्पदा सूचीमा सूचिकृत चाँगुनारायण मन्दिर र सूर्यदयको दृश्य अवलोकनका लागि नगरकोट यसै क्षेत्रमा रहेका छन् । जसले गर्दा विश्वको ध्यान यस चाँगुनारायण क्षेत्रमा पर्न गएको छ ।

# तेस्रो परिच्छेद

# चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको वर्गीकरण

## ३.१ विषयप्रवेश

चाँगुनारायण नगरपालिकाको प्रचलित नेपाली लोकगीतहरूको अध्ययन गर्ने उद्देश्यको साथ सम्पन्न भएको यस शोधप्रबन्धअन्तर्गत यस तेस्रो परिच्छेदमा चाँगुनारायण नगरपालिकामा सङ्कलित छब्बिसवटा लोकगीतहरूलाई लोकगीतका तत्त्वका आधारमा विश्लेषण गरिएको छ । यसमा सङ्कलित लोकगीतहरूको भाव वा विचारमा प्रेम, विरह र सांस्कृतिक पक्षको अध्ययन, भक्तिभाव पक्षको अध्ययन र चाडपर्व निहित अन्तरवस्तुको अध्ययन गरिएको छ । यस परिच्छेदमा लोकगीतको तत्त्वअन्तर्गत उद्देश्यमा सङ्कलित लोकगीतको मनोरञ्जन प्रदान गर्नु, शिक्षा वा उपदेश प्रदान गर्नु, लोकमङ्गलको कामना गर्नु, यथार्थको प्रकटीकरण गर्नु गरी चार उद्देश्यहरू प्रस्तुत गरिएको छ । लोकगीतको तत्त्व भाषाशैलीअन्तर्गत भाषिक विन्यास, शैलीय विन्यास, विम्ब र प्रतीकको प्रयोग, लयविधान र अलङ्कारका आधारमा सङ्कलित लोकगीतहरूलाई विश्लेषण गरिएको छ ।

## ३.२ लोकगीतको परिचय

लोकगीत मानवसभ्यताको विकाससँगै प्रारम्भ भएको मानिन्छ । लोकसमुदायले परम्परागत रूपमा गाउँदै आएको सर्वाधिक लोकप्रिय लोकसाहित्य विधा लोकगीत हो । मानव जीवनमा आइपर्ने सुख-दुःख, आँसु-हाँसो, मिलन-बिछोडका भोगाइका क्रममा लोकसाहित्य विकास हुँदै यसका विभिन्न विधाहरूमा नै विकास हुँदै आएको छ । मानिस चेतनशील प्राणी भएकाले आफ्नो चेतना र अचेतना मनमा रहेका आँसु, हाँसो तथा अनेक परिस्थितिजन्यजस्ता कुराहरूबाट निर्मित मनका कुण्ठा र भावनाको गेयात्मक रूप वा लयात्मक रूप नै लोकगीत हो । लोकगीत ‘लोक’ र ‘गीत’ दुईवटा शब्दको योगबाट बनेको छ । वैदिककालदेखि नै ‘जन’ को पर्यावाची शब्दको रूपमा ‘लोक’ शब्दको प्रयोग भएको पाइन्छ । ‘लोक’ शब्द अंग्रेजीको फोक शब्दको नेपाली रूपान्तरण हो । यसको अर्थ सामान्य जनसमुदाय भन्ने हुन्छ । यसको प्रारम्भ मानिसले वाणीको प्रयोग गर्न थालेदेखि नै भएको ठानिन्छ । यस आधारमा लोकगीतको थालनी वेदभन्दा पनि पूर्ववर्ती समयमा भएको हो भन्ने

देखिन्छ (शर्मा र लुइटेल, २०६३, पृ.७६१) । फुर्सदको समय होस् या मेलापात गर्दा अथवा वनपाखामा गोठालो गर्दा नै किन नहोस् दुःख सुखमा सामूहिक वा एकल रूपमा गाइने गीत नै लोकगीत हो । लोकगीत परम्पराबाट चलिआएको मौलिक संस्कृति हो । यो दुःख सुखको भावना संगालिएको. अभिव्यक्ति हो । यो लयात्मक र गेयात्मक हुन्छ । श्रुतिपरम्परामा आधारित मौखिक रचना लोकगीत हो (शर्मा र लुइटेल, २०६३, पृ. ७४) ।  चूडामणि बन्धुका अनुसार– “लोकगीत लोक जीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख-सुख, आँसु, हाँसो आशाका साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ (बन्धु २०५८, पृ. ११५) । त्यस्तै मोतीलाल पराजुली र जीवेन्द्रदेव गीरीले पनि “लोकगीतमा मान्छेका सुख-दुःख, घात-प्रतिघात, जितहार, उतारचढाव र आस्था विश्वाससँग सम्बन्धित अनुभूति तथा अनुभव सरल एवम् लयबद्ध रूपमा प्रकटत भएका हुन्छन्” (पराजुली र गिरी, २०६८, पृ.  २४) । भनेका छन् ।

लोकगीतमा सामूहिक भाव वा विचार तथा सामाजिक मूल्य एवं मान्यताको अभिव्यक्ति हुन्छ । यो वैयक्तिक नभएर अवैयक्तिक वा समूहगत हुनु यसको खास विशेषता हो (शर्मा र लुइटेल, २०६३, पृ. ७७) । यो स्थान, समय, परिवेशअनुसार फरक फरक रूपमा गाउनुका साथै जाति विशेषमा पनि गाइन्छ । त्यसैले लोकगीत यसले गाउन वा यसले नगाउन भन्ने सीमा निर्धारण नभएको सामाजिक सम्पत्ति हो । समाजमा रहेको सामाजिक र आर्थिक पीडाको अभिव्यक्ति समेत लोकगीतका माध्यमबाट व्यक्त भएको हुन्छ ।

लोकगति सर्वाधिक रुचिको विधा हो । यो कसैको मौलिक रचना नभएर लोकजीवन र लोकहृदय स्वतःस्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो । यो एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको मौलिक मनोरञ्जनात्मक र लयात्मक लोकसाहित्यको व्यापक एवं प्रमुख विधा हो । यसलाई मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले “लोकभावना वा विचारको मौखिक एवं श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेयात्मक अभिव्यक्ति भाषिक-संरचनालाई नै लोकगीत भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७४) भनी परिभाषित गरेका छन् । यसमा लोकसमुदायका अनेक उकाली-ओराली, लोकपरिवेश, लोकमान्यता र लोकविश्वास आदिको स्थानका साथै जीवनका सुख, दुःख, पीडा-हाँसो, रोदन मानवीय संवेदनालाई समेटेको हुन्छ ।

## ३.३ लोकगीतका तत्त्व

साहित्यिक कृतिलाई विधागत रूपमा भाव वा विचार वस्तुका रूपमा आएको हुन्छ । प्रगितात्मक संरचना भएका कृतिमा वस्तु कृतिको भाव वा विचारका रूपमा आएको हुन्छ भने आख्यानात्मक संरचना भएका कृतिमा घटना वा प्रसङ्गका रूपमा वस्तु आएको हुन्छ (लुइटिल, २०६२, पृ. ३०८) । लोकगीतको संरचना प्रगितात्मक हुने भएकाले लोकगीतमा आख्यानको हिस्सा अति न्यून रूपमा रहन्छ । लोकगीतलाई विधागत रूपमा अध्ययन गर्दा त्यसमा रहेका भाव वा विचार, भाषा, शैली, उद्देश्यलाई अध्ययन गरिन्छ ।

तत्त्वलाई कुनै पनि कृतिको प्रमुख अङ्ग मानिन्छ । तत्वको अपूर्णतामा कृतिको अस्तित्व रहँदैन । तत्व अन्तर्गत कृतिमा रहेका भाव वा विचार, भाषा, शैली र उद्देश्य पर्दछन् । लोकगीत यसमा रहेका तत्व र त्यसले अभिव्यक्त गर्ने भावनात्मक वा वैचारिक अभिव्यक्तिमा निहित हुन्छ । यस शोधप्रबन्धमा सो क्षेत्रमा प्रचलनमा रहेका विभिन्न गीतहरूको विधागत आधारमा विश्लेषण गर्ने कार्य यस परिच्छेदमा गरिएको छ । लोकगीतका अध्ययनको सन्दर्भमा यसको तत्वगत रूपमा अध्ययन गर्ने कुरा माथि नै प्रष्ट पारिसकिएको छ । त्यसैले यस तेस्रो परिच्छेदमा तत्वगत रूपमा भाव वा विचार, भाषा, शैली र उद्देश्यलाई फरक फरक उपशीर्षकमा ललितपुर जिल्लाको दक्षिण भेगमा प्रचलित लोकगीतहरूलाई विश्लेषण गरिएका छन् ।

लोकगीत लोकसमुदायको साझा सम्पत्ति हो । यो लोकसाहित्यका विधाहरूमध्ये सवैभन्दा बढी लोकप्रिय बन्न पुगेको छ । लोकगीतको प्रारम्भ मानिसले वाणीको प्रयोग गर्न थालेदेखि नै भएको हो (शर्मा र लुइटेल, २०६३, पृ. ७३) । लोकगीतको सिङ्गो संरचना हो । संरचनाको निर्माणमा नभई नहुने कुरा नै तत्व हो । यसलाई उपकरण, अंग, घटक, संरचना घटक, अवयव पनि भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७५) । लोकगीतमा पनि विभिन्न तत्वहरूको उपस्थिति रहेको हुन्छ । तिनै तत्वहरूको  माध्यमबाट नै लोकगीतको आफ्नै किसिमको संरचना बनेको हुन्छ । संरचना निर्माण हुनका लागिड आवश्यक पर्ने घटकहरू लोकगीतका तत्वहरू हुन् । विभिन्न विद्वान्हरूले लोकगीतका तत्वका रूप निर्धारण गरेका छन् :

लोकगीतको संरचनामा कथ्य, भाषा, चरण वा पद, स्थायी र अन्तरा, रहनी र वचन, लय र भाका यसका अतिरिक्त नृत्य र वाद्ययलाई पनि लोकगीतनका गौण तत्वको रूपमा

उल्लेख गर्दै अनिवार्य तत्त्व संगीतलाई नै मानेका छन् (बन्धु, २०५८, पृ. ११५-११९) । लोकगीतको संरचनामा तत्वहरूको मुख्य भूमिका उल्लेख गर्दै लोकगीतका अनिवार्य तत्वमा विषयवस्तु, भाषा, भाव, सन्देश, लय र भाका, स्थायी र अन्तरा पर्छ भने रहनी वा थेगो नृत्य बाजा वैकल्पिक तत्वका रूपमा रहेको छ (पराजुली र गिरी, २०६८, पृ. २९-३२) । लोकगीतको संरचना निर्माणमा हुने घटकहरूले लोकगीतनको स्वरूप पूर्ण, स्वायत्त र गतिशील बनेको हुन्छ । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका अनुसार लोकगीतका तत्वहरूमा भाव वा विचार, उद्देश्य, भाषा र शैलकिो अनिवार्यता हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७५-७६) । तिनै तत्वहरू सङ्क्षेपमा तल दिइएको छ :

### ३.३.१ भाव वा विचार

भाव वा विचारलाई सिर्जनात्मक कृतिको विषयवस्तु, मूल कथ्य वा अन्तर्वस्तु पनि भनिन्छ । लोकगीतमा लोकभावना र लोकविचारको अभिव्यक्ति गरिएको हुन्छ । त्यसमा लोकसमुदायको व्यापक अनुभवमा आधारित दुःख-सुख, हर्ष-विस्मात, प्रेम-पीडा, आँसु-हाँसो, मिलन-वियोग, बेथा-वेदना, विजय-पराजय, उन्नति-अवनति, उज्यालो-अँध्यारो आदिको सरल, सहज, स्वभाविक र प्रभावकारी उद्गार व्यक्त भएको हुन्छ । लोकगतिमा लोकको व्यवहार, विश्वास र परमपराले विशेष अभिव्यक्ति पाएको हुन्छ । लोकगतिमा एउटै मूलभावको विस्तार सक्रिय ढङ्गमा गरिएको हुन्छ । कुनै एक भाव वा विचारका अभावमा लोकगीतले मूर्त रूप नलिने हुँदा यसलाई एउटा अनिवार्य तत्व मानिन्छ (शर्मा र लुइटेल, २०६३, पृ.७५) । लोकगीतमा प्रस्तुत विषयले लोकसभ्यता र लोकसंस्कृतिको प्रभावकारी दिग्दर्शन प्रस्तुत गरिएको हुन्छ । यो सभ्य एवं साक्षर समाजबाट टाढा रहेको जनसमुदायको भावाभिव्यक्ति भएकाले यसमा जटिल भाव वा विचारले स्थान पाएको हुँदैन ।

### ३.३.२ उद्देश्य

लोकगीतको प्रयोजन नै उद्देश्य हो । लोकगीतको सिर्जना निरुद्देश्य नगरिने हुँदा प्रत्येक लोकगीतको केही न केही उद्देश्य अवश्य हुन्छ । उद्देश्यबिनाको लोकगीत निरर्थक रचना ठहरिने हुँदा एउटा तत्वका रूपमा यसको महत्वपूर्ण स्थान रहेको छ । अधिकांश लोकगीतमा उद्देश्य प्रत्यक्ष रूपमा रहे पनि कतिपय लोकगीतमा यो परोक्ष पनि हुन्छ । परोक्ष उद्देश्य गीतमै अन्तर्निहित भएर रहेको पाइन्छ । लोकगीतहरू उपदेश दिने उद्देश्यले

रचिएका छन् । त्यसैले लोकगीतको प्रयोजन शिक्षा दिने र ज्ञान बढाउने रहेको छ । साथै मनोरञ्जन प्रदान गर्ने उद्देश्यबाट पनि लोकगीतहरू रचिएका हुन्छन् । लोकगीतमा सामाजिक जीनवको वास्तविक भोगाइ अभिव्यञ्जित भएको पाइन्छ । नेपाली लोकगीत यिनै मध्ये कुनै एक उद्देश्य पूरा गर्ने खालको हुन्छ । उद्देश्यको अभावमा लोकगीत निष्फल सिर्जना बन्ने हुँदा यसलाई अनिवार्य तत्व मानिन्छ ।

### ३.३.३ भाषाशैली

साहित्य एवं लोकसाहित्यको माध्यम भाषा लोकगीतको पनि माध्यम हो । लोकगीतमा लोक भाषाको प्रयोग गरिन्छ । त्यसैले यसमा झर्रा शब्द, स्थानीय शब्द र सरल शब्दहरूको बढी प्रयोग हुन्छ । सरल सहज शब्दावलीको प्रयोग यसको विशेषता हो । यसको भाषा अलङ्कृत तथा बढी काव्यात्मक नभई सादा प्रकारको हुन्छ । यसमा जनमान्यको भाषा प्रयुक्त भए पनि त्यो प्रभावकारी र आकर्षक हुन्छ । भाषा लोकगीतको अपरिहार्य माध्यम र भावलाई साकार पार्ने साधन भएकाले यसलाई लोकगीतको अनिवार्य तत्व मानिन्छ । यस तत्वअन्तर्गत शब्द प्रयोग, वाक्यविन्यास, बिम्ब, प्रतीक, लय, अलङ्कार, छन्द, अर्थ आदिको योजना तथा विधान पर्छन् (शर्मा र लुइटेल, २०६३, पृ. ७६) । लवोकगीतको भाषामा लाक्षणिकता, व्यञ्जनात्मकता पाइए तापनि सरलता वोधगाम्यता र मधुरता यसका खास विशेषता हुन् ।

लोकगीतको अभिव्यक्ति गर्ने ढङ्गलाई शैली भनिन्छ । यसमा अधिकांशतः लोकशैलीको प्रयोग पाइन्छ । लोकको सहजतालाई लोकगीतको शैलीले छर्लङ्ग पार्छ । शैलीको कारण एउटा लोकगीत अर्को लोकगीतबाट भिन्न हुने र अफ्नो पहिचान देखाउन सक्छ । यो साधारण शैली लोकजीवन र लोकअभिव्यक्तिकै लोकप्रिय शैलमिा देखिन्छ । यसमा उच्च वा मध्यम शैलीको प्रयोग नभई साधारण शैलीको प्रयोग गरिन्छ । लोकगीत सरल र सहज शैलीमा बाधारहित ढङ्गले अविरल बगिरहन्छ । लोकगीतमा भावपूर्ण शैलीको प्रयोग गरिन्छ । शैली भावलाई भाषामा अभिव्यक्त गर्ने प्रकार विशेष भएकाले यसलाई लोकगीतको अनिवार्य तत्व मानिन्छ । यस तत्वअन्तर्गत संगठनात्मक ढाँचा, चयन अग्रभूमिकरण भाषिक विविधता तथा अभिव्यक्तिगत ढाँचा आदि पर्दछन् (शर्मा र लुइटेल, २०६३, पृ. ७६-७७) । लोकगतिमा ऐच्छिक रूपले पात्र, घटना र परिवेश आदि तत्वहरूको पनि प्रयोग भएको पाइन्छ । यो प्रगीतात्मक संरचना भएकाले यसमा ऐच्छिक तत्वहरूको गौण उपयोग हुन्छ ।

सङ्गीतात्मकता लोकगीतको महत्वपूर्ण विशेषता हो तर सङ्गीत लोकवार्ताको भाषिक माध्यम नभएर अभाषिक माध्यम हो । लोकगीतमा पनि भाव वा विचार उद्देश्य, भाषा र शैलीजस्ता विभिन्न तत्वहरूको उपस्थिति रहेको हुन्छ ।

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन गर्ने उद्देश्यका साथ सम्पन्न भएको यस शोधप्रबन्धमा सम्बन्धित क्षेत्रबाट सङ्कलित २६ वटा लोकगीतहरू रहेका छन् । सङ्कलित २६ लोकगीतहरूमा सामायिक, सदाकालकि युवा, वृद्ध, एकल दोहोरी, सामूहिक भावप्रधान कण्ठ्य, नृत्य, नारी, पुरुष, नारी-पुरुष, पर्व, धार्मिक, संस्कार, लघु आदि जस्ता लोकगीतहरू रहेका छन् । ती सङ्कलित लोकगीतहरूलाई परिशिष्ट-क मा प्रसतुत गरिएको छ ।

लोकगीतलाई क्षेत्रीय आधारमा वर्गीकरण गर्न सकिन्छ । यस आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा प्रचलन क्षेत्र वा ठाउँलाई प्रमुखता दिइन्छ । लोकगीत विशेष प्रचलन हुने ठाउँ अथवा त्यसको थालनी हुने ठाउँका आधारमा लोकगीतका विभिन्न भेदहरू गरिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७९) । लोकगीत लोकजीवनका भोगाइहरू अभिव्यक्त हुने लोक समुदायको सम्पत्ति हो । लोकगीत ग्रामीण लोकसमुदायमा जन्मन्छ । त्यसैले लोकगीतमा ठाउँ अनुसारका विशेषता पाइन्छ । यही विशेषताका आधारमा लोकगीतलाई वर्गीकरण गर्न सकिन्छ :

| | | |
|---|---|---|
| (१) हिमाली लोकगीत | : | हिमाली क्षेत्रमा गाइने लोकगीत |
| (२) पहाडी लोकगीत | : | पहाडी क्षेत्रमा गाइने लोकगीत |
| (३) तराइली लोकगीत | : | तराई क्षेत्रमा गाइने लोकगीत |
| (४) पूर्वेली लोकगीत | : | पूर्वी क्षेत्रमा गाइने लोकगीत |
| (५) पश्चिमेली लोकगीत | : | पश्चिम क्षेत्रमा गाइने लोकगीत |
| (६) डोटेली लोकगीत | : | डोटी क्षेत्रमा गाइने लोकगीत |
| (७) पाल्पाली लोकगीत | : | पाल्पा क्षेत्रमा गाइने लोकगीत |
| (८) स्याङ्जाली लोकगीत | : | स्याङ्जा क्षेत्रमा गाइने लोकगीत |
| (९) धनकुटे लोकगीत | : | धनकुटा क्षेत्रमा गाइने लोकगीत |
| (१०) तेह्रथुमे लोकगीत | : | तेह्रथुम क्षेत्रमा गाइने लोकगीत, आदि |

(शर्मा र लइटेल, २०६३, पृ. ७९-८०)

बनोटको आधारमा लोकगीतलाई वर्गीकरण गर्दा लोकगीतको बनोटलाई मुख्य आधार मानिन्छ । नेपाली लोकगीतले बनोटको आधारमा भाव वा विचारलाई प्रधानता दिइएको छ भने कति लोकगीतहरू सूक्ष्म घटनाका आधारमा बनोट गरिएका हुन्छन् । यस आधारमा नेपाली लोकगीतलाई भावप्रधान र घटनाप्रधान गरी २ मुख्य प्रकारमा विभाजन गर्न सकिन्छ । भावप्रधान लोकगीतमा प्रेम, पीडा, व्यथा, हाँसो, आँसु, विरह आदि भावनाको प्रधानता पाइन्छ । कुनै पनि घटनामा केन्द्रित रहेर घटनाहरूको सचित्र वर्णन गरी प्रस्तुत गरिएको लोकगीत  लघु आकारको नै हुनु पर्दछ । यदि लामो भएमा लोकगीत नभएर लोकगाथा अन्तर्गत पर्दछ ।

जातीय आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा गाउने जात वा जातिलाई प्रमुखता दिइन्छ । नेपाल बहिभाषिक र बहुजातीय देश भए पनि विभिन्न जातजातिले नेपाली भाषामा गाउने लोकगीतलाई जातीय लोकगीत भनिन्छ । जुन लोकगीत जुन जातिमा विशेषतः प्रचलित छ त्यसैका आधारमा नामाकरण गरी प्रकारहरू छुट्याइन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ८०) । लोकगीतको उत्पत्ति थलो र उर्वर भूमि भनेको ग्रामीण लोकजीवन र लोकसमुदाय हो । लोकसमुदायका आ-आफ्नो भाषा र संस्कृति हुन्छ । लोकगीतले लोकजीवनका भोगाइ र लोकसमुदायका भाषा र संस्कृतिलाई अभिव्यक्त गर्छ । लोकसमुदायमा विभिन्न जातजातिहरूले बसोबास गरेका हुन्छन् । ती जातजातिहरूको आ-आफ्नै भाषा र संस्कृति हुन्छन् । लोकगीत त्यही जातजातिहरूको भाषा र संस्कृति अनुसार निर्माण हुन्छ । लोकगीतलाई जातीय आधारमा वर्गीकरण गर्दा मुख्यतः गीत गाउने जात वा जातिलाई प्रमुखता दिइन्छ । जस्तै– नेवारी गीत, तामाङ सेलो, वादी गीत, थारु गीत, मगर गीत, राई गीत आदि ।

आकारका आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा त्यसको आकारलाई प्रधानता दिइन्छ । यो गीत वर्गीकरण बाह्य आधार हो । नेपालीमा केही लोकगीत दुई-तीन पङ्क्तिका लघुतम आकारका छन् भने केही गीत दुई-तीन पङ्क्तिभन्दा बढीका छन् । लोकगीत अन्तर्गत पर्ने ज्यादै लामा गीतहरूमा पनि समान भावको आवृत्ति भइरहने हुँदा ती लामा भएर लघु आकारमै पर्छन् (शर्मा र लुइटेल, पृ. ८४) । लोकगीतलाई आकारका आधारमा लघुतम र लघु गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । अत्यन्त छोटा दुई-तीन पङ्क्तिमा पूर्ण भएका लोकगीतलाई लघुतम लोकगीत भनिन्छ । जस्तै- चुड्का, रोइला, दुई-तीन पङ्क्तिभन्दा लामा धेरै पङ्क्तिहरू मिलेर पूर्ण भएका लोकगीतलाई लघुगीत भनिन्छ । जस्तै– धाननाँच, देउडा, झ्याउरे आदि ।

प्रस्तुतिका आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा प्रस्तुतिलाई प्रमुखता दिइन्छ । लोकगीतहरूको प्रस्तुति वाद्यरहित, वाद्यसहित र नृत्यसहित गरी तीन प्रकारले प्रस्तुत गरिन्छ । वाद्यरहित र वाद्यसहित गीतहरूको प्रस्तुति मुख्यतः श्रव्यात्मक हुन्छ भने नृत्यसहति गीतको प्रस्तुति दृश्यात्मक पनि हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ८२) । प्रस्तुतिको आधारमा लोकगीतलाई वर्गीकरण गर्दा लोकगीत प्रस्तुत गर्दा कसरी प्रस्तुत गरिएको छ भन्ने कुरा यसमा प्रधान हुन्छ । प्रस्तुतिको आधारमा लोकगीतलाई कण्ठ्यगीत, वाद्यगीत र नृत्यउगीत गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ । वाद्यवादन बिना नै मौखिक रूपमा कण्ठ गरेर गाइने लोकगीतलाई कण्ठ्यगीत भनिन्छ । यस्ता गीतमा वाद्यवादन र नृत्यको प्रयोग हुँदैन । यस्तो गीत कण्ठस्त गरेर एकल वा सामूहिक रूपमा गाइन्छ । जुन गीत नृत्य गर्दै गाइन्छ , त्यस गीतलाई नृत्यगीत भनिन्छ । यस्ता गीतहरूले नृत्य गर्दा मात्र पूर्णता प्राप्त गर्छ । यस्ता गीतहरूमा नृत्य नहुँदा गीतको पूर्णता नभएको महसुस हुने गर्छ । त्यसैले यस्ता लोकगीतहरू गाउँदै नाँच्ने खालका हुन्छन् । वाद्यवादनको तालमा गाइने लोकगीतलाई वाद्यगीत भनिन्छ । लोकगीतलाई वाद्यवादनको प्रयोगले आकर्षक बनाउनुका साथै पूर्णता पनि प्रदान गर्छ । यस्ता गीतहरूमा वाद्यवादनका साधनहरू बजाउँदै गाउने गरिन्छ ।

उमेरका आधारमा लोकगीतलाई वर्गीकरण गर्दा उमेरलाई मुख्य आधार बनाएर गरिन्छ । उमेरको आधारमा लोकगीत, बालगीत, युवागीत र वृद्धगीत गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ । लोकगीतको सिर्जना गर्दा कतिपय गीतहरू बालबालिकालाई केन्द्रित गरेर रचना गर्ने र गाउने गरिन्छ । बालगीत बालबालिकालाई मनोरञ्जन दिनका लागि बुढापाकाहरूले पनि गाउँछन् भने कति बालगीत बालबालिका आफैले पनि गाउँछन् । युवा युवतीहरूले आफ्ना भावना चाहनाहरूलाई शब्द चयन गरी गीत मार्फत् प्रस्तुत गर्छन् । उमेरगत रूपमा वृद्धवृद्धाहरूले गाउने वा वृद्ध वृद्धाहरूलाई केन्द्रित भई शब्दहरूको छनोट गरी गाउने गीत वृद्ध गीत हुन् । वृद्धहरूले केन्द्रित भई शब्दहरूको छनोट गरी गाउने गीत वृद्धगीत हुन् । वृद्धहरूले गाउने र सुन्ने गीत प्रायः भगवान्प्रतिको भक्तिभावपूर्ण रहेको भजन किर्तनहरू हुन् ।

समयका आधारमा लोकगीतका प्रकार निर्धारण गर्दा मुख्यगति गाउने समय र अवसरलाई प्रधानता दिइन्छ । यस दृष्टिबाट नदेपालका केही लोकगीतहरू खास खास समयमा मात्र गाइन्छ भने केही गीतहरू जुनसुकै समयमा पनि गाइन्छ (शर्मा र लुइटेल,

२०६३, पृ. ८४) । समयको आधारमा सामयिक र सदाकालिक गरी लोकगीतलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ । लोकसमाजद्वारा निर्मित निश्चित बन्देज वा घेरभित्र रहेर गाइने लोकगीतलाई सामयिक लोकगीत भनिन्छ । यस्ता सामयिक लोकगीतहरू निशिचत समय र निश्चित ठाउँमा मात्र गाइन्छ । लोकसमाजले कुनैबाट बन्देज नलगाएको जुनसुकै समयमा जहाँ पनि गाउन सकिने लोकगीतलाई सदाकालिक लोकगीत भनिन्छ । यस्ता लोकगीत जुनसुकै समय र ठाउँमा गाउँन सकिन्छ ।

विषयका आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा गीतमा प्रयुक्त विषयलाई प्रमुखता दिइन्छ । गीतका वर्गीकरणको यो सवैभन्दा मुख्य र विभेदक आधार हो । यसमा मानिसका आस्था, विश्वास, दिनचर्या, रीतिथिति, कर्म, व्यवहार आदि यावत विषयहरूलाई समावेश गरिएको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ८३) । विषयका आधारमा लोकगीतहरूलाई धार्मिक संस्कारिक र श्रम गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ । धार्मिक भावनाको आस्था र विश्वास साथ गाउने गीतहरू धार्मिक गीत हुन् । यस्ता धार्मिक लोकगीतहरूमा ईश्वरको पुकार बन्दनाको साथै राम, शिव, पार्वती, गणेश, सरस्वती आदि जस्ता भगवान्को चरित्र चित्रण भएको पाइन्छ । मानिसले लोकसमाजमा जन्मदेखि मृत्युसम्म विभिन्न समयमा गरिने संस्कारिक अनुष्ठानको साथै चाडपर्वको अवसरमा गाइने लोकगीतहरूलाई संस्कारिक गीत भनिन्छ । लोकसमाजमा प्रचलनमा रहेका संस्कारिक गीतलाई संस्कारगीत र पर्वगीत गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । नेपाली समाजमा विभिन्न चाडपर्वका अवसरमा गाइने गीतहरू नै पर्वगीतहरू हुन् (बन्धु, २०५८, पृ. १६३) । लोक समाजमा शारीरिक श्रम गरिरहेको बेलामा मनोरञ्जनको निम्ति र शरीरलाई थकाई महसुस नहोस् भनी ध्यान गीतमा केन्द्रित गर्नका निम्ति गाइने लोकगीत नै श्रमगीत हुन् । साना नानीहरूलाई खेलाउँदा र सुताउँदा, मकै गोड्दा, धान रोप्दा, दाइँ गर्दा वा अरु कुनै पनि शारीरिक श्रम गर्दा गाइने गीतलाई श्रमगीत भनिन्छ (बन्धु, २०५८, पृ. १८३) । यस्ता गीत शारीरिक रूपमा श्रममा व्यस्त रहेको बेला गाइन्छ ।

लिङ्गको आधारमा लोकगीतलाई वर्गीकरण गर्दा गीत गाउने व्यक्तिको हो भन्ने कुरालाई प्रमुखता दिइन्छ । गीत नारीले गाएकी छिन् कि पुरुषले गाएका छन् वा नारीपुरुष दुवै मिलेर गाएका छन् भन्ने कुरालाई प्रमुख आधार मानिन्छ । लोकसमाजमा बसोबास गर्ने लोकजीवनका भोगाईहरू नारीले मात्र पनि पोख्न सक्छिन्, पुरुषले मात्र पनि पोख्न सक्छन् भने नारीपुरुष दुवैले संयुक्त रूपमा पनि पोख्न सक्छन् । त्यसैले लिङ्गको आधारमा

लोकगीतलाई नारीगीत, पुरुषगीत र नारीपुरुषगीत गरी तीन प्रकारमा विभाजन गरिन्छ । नारीले मात्र गायनमा सहभागी भएर गाउने गीतलाई नारीगीत भनिन्छ । यसमा पुरुषको सहभागिता हुँदैन । पुरुषलेमात्र गायनमा सहभागि भएर गाउने गीतलाई पुरुषगीत भनिन्छ । यस्ता गीतमा गायनमा नारीको सहभागिता हुँदैन । नारी र पुरुष दुवैले गायनमा सहभागी भएर गाउने गीतलाई नारी पुरुषगीत भनिन्छ । यस्तो गीत गायनमा नारी मात्र वा पुरुष मात्र नभई नारीपुरुष दुवै सहभागी भएर गाइन्छ ।

सहभागिताका आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा गीत गायनमा संलगन व्यक्तिहरूको सहभागिता संख्यालाई प्रमुखता दिइन्छ । नेपालीमा कुनै गीत, एकजनाले कुनै गीत दुई जनाले र कुनै गीत दुईभन्दा बढीको समूहले गाउने प्रचलन रहेको छ (शर्मा र लुइटेल, २०६३, पृ. ८१) । सहभागिताको आधारमा लोकगीतलाई एकलगीत, दोहोरीगीत र सामूहिकगीत गरी विभाजन गर्न सकिन्छ । गायनमा एक जनालेमात्र सहभागी भएर गाइएको लोकगीतलाई एकल गीत भनिन्छ । यस्ता गीत एक्लैले गाउँदा पनि गीतले पूर्णिता प्राप्त गर्छ र गीतले दिन खोजेको सन्देश दिन सकिन्छ । दुई जनाको सवाल जवाफको रूपमा गाइने गीतलाई दोहोरीगीत भनिन्छ । यस्तो गीतमा एकातिरबाट प्रश्न सोध्ने र अर्कोतिनरबाट गीतमै उत्तर दिने गरिन्छ । दुईजना भन्दा बढीको सहभागितामा गाइने गीत सामूहिक गीत हुन् । यस्ता गीतहरू सामूहिक रूपमा गाउँदा मात्र पूर्णि हुन्छन् ।

प्रस्तुत लोकसाहित्य र लोकगीतको परिचय, परिभाषा र लोकगीतको वर्गीकरण गर्ने आधारहरूका अनुसार लोकगीत भनेको आदिकालदेखि मौखिक परम्परामा भन्ने र सुन्ने क्रियाकलापमा आधारित रही पुस्तान्तरण हुँदै हुर्कदै आएको छ । लोकगीत लोकजीवनको एक महत्वपूर्ण र लोकप्रिय पाटो हो । जब लोकसमाजमा मानिसहरू पसिना काड्दै चौतारीमा सुस्केरा हाल्छन् । ती सुस्केराहरू लोकगीत बनेर गुञ्जने गर्छ । लोकगीतको गुञ्जनसँगै गाउँबस्ती र वनपाखाहरू लोकगीत बनेर गुञ्जने गर्छ । लोकगीतको गुञ्जनसँगै गाउँबस्ती र वनपाखाहरू लोकगीतको माधुर्यतामा चुर्लुम्म डुबिरहेको हुन्छ । विशेषतः लोकगीत अपठितहरूको अभिव्यक्ति हो । यसमा प्रयोग हुने भाषा सरल, सरस र ठेट हुन्छ । यसरी हेर्दा लोकसमाज र लोकजीनवमा आधारित लोकसमाजका भोगाइहरू आँसु, हाँसो, दुःख, सुख व्यथा वेदना संवेग आदिलाई सरल र ठेट भाषामा प्रस्फुटन गर्ने लयात्मक अभिव्यक्ति नै लोकगीत हो ।

लोकगीतको किसिम छुट्याउने कामलाई वर्गीकरण वा प्रकार विभाजन भनिन्छ । समानताका आधारमा लोकगीतहरूलाई विभिन्न वर्ग वा समूहमा छुट्याएर प्रकारहरू निर्धारण गरिन्छ । वर्गीकरणको कार्यलाई वैज्ञानिक कार्य पनि मानिन्छ । केही आधारहरू निशिच्त गरी सोही आधारमा समान वा असमान प्रकारका लोकगीतहरू केलाई तिनका प्रकारहरू निरूपण गरिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७९) । लोकगीत अत्यन्तै पौराणिक र ग्रामीण जनसमुदायको मार्मिक भोगाइहरू लयबद्ध सुस्केरा भएकाले यसको वर्गीकरण र प्रकार निर्धारणमा धेरै अन्यौल रहेको पाइन्छ । यसलाई वर्गीकरण गर्ने विद्वान्हरूमा यसको वर्गीकरणमा एकमत रहेको पाइँदैन । लोकगीतलाई वर्गीकरण गर्ने निश्चित आधारको अभावको कारणले विभिन्न विद्वान्हरूमा लोकगीतको वर्गीकरणको सवालमा एकमत रहेको पाइँदैन । लोकसाहित्यको अहिलेसम्म गरिएका वर्गीकरणका आधारहरूबाट समग्र लोकगीतको प्रकार निर्धारण हुन सकेको देखिँदैन । प्रकार छुट्याउने निश्चित आधारहरूबाट समग्र लोकगीतको प्रकार निर्धारण हुन सकेको देखिँदैन । प्रकार छुट्याउने निशिचत आधारहरूको निर्क्यौल हुन नसकेका कारण लोकगीतको वर्गीकरण सम्बन्धी मत भिन्नताहरू जिउँको तिउँ रहेको छ । लोकगीतको वर्गीकरणसम्बन्धी विभिन्न विद्वान्हरूले आ-आफ्नै प्रकारले आधार तय गरी वर्गीकरण गरिएको भए तापनि यस शोधप्रबिन्धमा निम्नलिखित लोकगीतको वर्गीकरणको आधार तय गरी लोकगीतका प्रकारहरू छुट्याइएको छ ।

## ३.४ चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको प्रकार

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन गर्ने उद्देश्का साथ सम्पन्न भएको यस शोधप्रबन्धमा सम्बन्धित क्षेत्रबाट सङ्कलित लोकगीतहरू रहेका छन् । सङ्कलित लोकगीतहरूमा सामायिक, सदाकालिक, युवा, बृद्ध, एकल दोहोरी, सामूहिक, भावप्रधान, कण्ठ्य, नृत्य नारी, पुरूष, नारीपुरूष, पर्व, धार्मिक संस्कार, लघु आदि जस्ता लोकगीतहरू रहेका छन् । ती सङ्कलित लोकगीतहरूलाई परिशिष्ट क मा प्रस्तुत गरिएको छ ।

### ३.४.१ क्षेत्रीय आधारमा लोकगीत

लोकगीतमा ग्रामीण लोकसमुदायका जीवनभोगाइका अनुभूतिहरू सिर्जित हुने गर्दछन् । लोक समुदायले आफ्नो दुःख, सुख, आँसु, हाँसोलाई जब सुस्केरा लाउँछन् त्यो सुस्केरा लयबद्ध भई लोकगीत बन्ने गर्दछ र त्यही लोकगीत मार्फत आफ्ना वेदनाहरू

पस्किने गरिन्छ । त्यसैले लोकगीतमा लोकजीवन झल्किएको पाइन्छ । लोकगीत ग्रामीण लोकजीवनको भोगाइहरू भएको कारणले गर्दा यसमा फरकफरक ठाउँ अनुसारको फरकफरक विशेषताहरू पाइन्छन् । यस विशेषताका आधारमा विभिन्न फरकफरक ठाउँ र क्षेत्रमा गाइने लोकगीतलाई त्यही ठाउँ र क्षेत्र अनुसार प्रकारको निर्धारण गर्ने गरिन्छ ।

लोकगीत विशेषतः कुनै पनि ठाउँमा बसोबास गर्ने लोकसमुदायले गाइने भएकोले सोही ठाउँ अनुसारको विशेषतः लोकगीतमा रहनु स्वभाविक हुन्छ । तर कतिपय लोकगीतहरूले क्षेत्रीय सीमा पार गरी राष्ट्रिय रूप लिएको पनि देखिन्छ ।

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीत पनि विभिन्न प्रकारका लोकगीत प्रचलित रहेको छ । यस शोधप्रबन्धमा २६ वटा लोकगीतहरू सङ्कलन गरी अध्ययन गरिएका छन् । यी छबिसइसवटा लोकगीतहरू चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरू हुन् । यस क्षेत्रमा प्रचलित लोकगीतहरूमा हरितालिकामा तीजगीत, देउसी, भैली, भजन, बालुन लगायत राष्ट्रिय रूपमा व्यापक रहेका लोकदोहोरी आदि गीतहरू रहेका छन् उदाहरणमा तीजगीत पर्वगीत दोहोरी गीत प्रस्तुत गरिएको छ :

(१) हातमा कान्छा अछेता पाती
बिदाबादी भएर जाऊ साथी
हातमा घडी गलैमा टाई छ
जानेबेला सबैलाई बाइ बाइ छ

(परिशिष्ट-क २४)

(२) भैलेनी आइन आँगन
गुन्यूचोली मागन
ए औंसीको दिन गाइतिहारो भैलो

(परिशिष्ट-क १६)

(३) घाँस जाँदा हँसिया छ साथमा
बा-आमाको आँसु छ काखमा

(परिशिष्ट-क ११)

### ३.४.२ बनोटका आधारमा लोकगीत

लोकगीतलाई बनोटका आधारमा वर्गीकरण गर्दा लोकगीतको बनोटलाई प्रमुखता दिइन्छ । बनोटको आधारमा अधिकांश नेपाली लोकगीतहरू भाव वा विचार प्रधान हुने गर्दछ । नेपालका वनपाखा, कुना कन्धरा, ग्रामीण वस्तीहरू भाव वा विचार प्रधान हुने गर्दछ । नेपालका वनपाखा, कुना कन्धरा ग्रामीण वस्तीहरू र झुडीहरूमा रहेका दुःख पीडा र व्यथाहरूलाई लोकगीत मार्फत् प्रस्फुटित हुने गर्छ । त्यसैले अधिकांश लोकगीतहरूमा भावको प्रचुरता पाइन्छ । लोकगीतमा विभिन्न समयमा घटनै घटनाहरू पनि समेट्ने गरिएको पाइन्छ । बनोटका आधारमा अधिकांश नेपाली लोकगीत भाव वा विचारमा बुनोट गरिएका हुन्छन् भने केही लोकगीत सूक्ष्म घटनामा बुनोट गरिएका पनि हुन्छन् । यिनलाई शिल्पगत आधारमा पनि भन्न सकिन्छ (शर्मा र लुइटेल २०६३, पृ. ८२) । नेपाली लोकगीतलाई बनोटको आधारमा मुख्यतया भावप्रधान र घटनाप्रधान गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । यस शोधप्रबन्धका लागि सङ्कलित छबिसवटा लोकगीतहरूमा भावप्रधान लोकगीतहरू मात्र रहेका छन् । घटनाप्रधान लोकगीत सङ्कलन गरिएको छैन ।

नेपाली लोकगीतहरू नेपाली ग्रामीण लोकसमाजमा भावार्थताको बीचमा सिर्जित हुने हुँदा यसमा लोकसमाजका दुःख पीडा र व्यथाहरूले भरिपूर्ण हुन्छन् । कतिपय लोकगीतहरूमा माया र पिरतीका भावहरू छचल्किएको हुन्छ । नेपाली लोकगीत गाउँबस्तिका उकाली ओराली गर्दा वनपाखामा घाँस दाउरा र गोठालो जाँदा, मेलापात गर्दा, चौतारीमा भारी बिसाई सुस्केरा हाल्दा आफ्नो दुःख पीडालाई विर्सनको निम्ति गाउने गर्दछ । यसैगरी गाउँबस्तीमा विवाह, ब्रतबन्ध, पूजा चाडपर्व, हाटबजार र जात्रामा पनि आफ्नो खुसी साटासाट गर्ने माध्यम लोकगीत नै रहेको पाइन्छ । यसैले लोकगीतमा पीडा व्यथाका साथै माया र पिरतीका भावहरू प्रशस्त मात्रामा रहेको पाइन्छ । यसैले लोकगीतमा पीडा व्यथाका साथै माया र पिरतीका भावहरू प्रशस्त मात्रामा रहेको पाइन्छ ।

चाँगुनारायण नगरपालिकामा नेपाली लोकगीतमा पनि यस्तै भावहरू रहेका लोकगीतहरू प्रशस्त मात्रामा पाइन्छन् । उदाहरणको रूपमा तल प्रस्तुत गरिएको छ :

(१) वर पिपल सारेको धर्मले

सौता माथि पारेको कर्मले

(परिशिष्ट-क २२)

(२) तिमी जानी म पनि जानी

यो देशको पानी नै नखानी

(परिशिष्ट-क २४)

माथि उदाहरणमा छोरी चेलीले गाउने विरहको भावयुक्त लोकगीत रहेको छ । यस गीतमा, बोट विरुवा वा बर पिपल सार्ने धर्म गर्ने र सार्ने आफ्नो कर्म कै कारणले आफूमाथि सौता ल्याएको र सौता ल्याउनुमा कर्मलाई दोष दिदै पीडादायी भाव समेटेको पाइन्छ ।

माथि उदाहरण नं. २ मा आफ्नो मनपर्ने मान्छेको मायाका कारण आफ्नो माया गए आफू पनि जुनजुसुकै ठाउँ अर्थात् देशै काट्न तयार भएको मायाका बारेमा गाइएको लोकगीत हो । यसमा मायालु जाने भए आफू देशै छोडेर जाने भावपूर्ण अभिव्यक्ति गरेको पाइन्छ ।

### ३.४.३ जातीय आधारमा लोकगीत

जातीय आधारमा लोकगीतको वर्गीकरण गर्दा गाउने जात वा जातिलाई प्रमुखता दिइन्छ । लोकगीतको उत्पत्ति थलो र उर्बरभूमि भनेको ग्रामीण लोकजीवन र लोकसमुदाय हो । लोकगीतले लोकजीवनका भोगाई र लोकसमुदायका भाषा, संस्कृतिलाई अभिव्यक्त गर्दछ । नेपाल बहुभाषी र बहुजातिहरूले बसोबास गर्ने देश हो । यस देशमा बसोबास गर्ने हरेक भाषी र जातिहरूको आ-आफ्नै भाषा र संस्कृति भए पनि विभिन्न जातजातिले नेपाली भाषामा गाउने लोकगीतलाई जातीय लोकगीत भनिन्छ । यी भाषिहरूले आ-आफ्नै भाषामा पनि लोकगीतहरू गाउने गर्छन् । लोकगीत त्यही जातजातिको भाषा र संस्कृति अनुसार नै निर्माण हुन्छ । जुन लोकगीत जुन जातिमा प्रचलित छ त्यसैका आधारमा नामाकरण गरी लोकगीतका प्रकारहरू छुट्याइन्छ ।

चाँगुनारायण नगरपालिकामा बाहुन, क्षेत्री, तामाङ, मगर, गुरुङ आदिको बसोबास भएको क्षेत्र हो । यस चाँगुनारायण नगरपालिकामा पनि सबै जातजातिहरूले आ-आफ्नै लोकगीत गाउने गरेका छन् । जस्तै उदाहरणमा प्रस्तुत गरिएको छः

(१) हाइस्कूल जाने बेला जान पर्‍यो घाँस दाउरा गर्न

ऐले भयो गाह्रो दिन रात काट्न

छोरी मान्छे लेख्न पढ्न हुन्न भन्ने चलन

त्यो दिन सम्झी यो मन हुन्छ जलन

(परिशिष्ट-क २६)

माथि प्रस्तुत गरिएको उदाहरणको लोकगीत क्षेत्री, बाहुन, दलित, मगर, भुजेल आदि जातिले हरितालिका तीजको अवसरमा गाउने तीजे गीत हो । हरितालिका तीजको अवसरमा यस क्षेत्रको महिला दिदी बहिनीहरू भेला भई तीजगीत गाउँछन् । प्रायःजसो तीजगीतमा महिला दिदी बहिनीहरूले आफ्नो भावनाहरू पोख्ने गर्छन् । प्रस्तुत लोकगीतमा एक चेलीले आफ्नो विलौना सुन्न आग्रह गरेकी छिन् । हाईस्कूल जानेबेलामा घाँस दाउरा गरेको कारण आफूले अहिले दुःख पाएको भावना प्रस्तुत गरेकी छिन् । छोरीले पढ्न हुन्न भन्ने परम्पराले गर्दा आफूले पढ्न नपाएको र त्यो दिन सम्झँदा अहिले पीडा हुने गरेको मर्मस्पर्शी ढङ्गले प्रस्तुत भएको छ ।

### ३.४.४ आकारका आधारमा लोकगीत

लोकगीतलाई आकारका आधारमा वर्गीकरण गर्दा लोकगीतको छोटा र लम्बाइलाई प्रधानता दिइन्छ । यो गीत वर्गीकरणको बाह्य आधार हो । लोकगीत भन्ने वित्तिकै छोटा र लघु आकारका हुन्छन् । नेपालीमा केही लोकगीत दुई तीन पङ्क्तिका लघुतम आकारका छन् भने केही गीत दुई तीन पङ्क्तिभन्दा लामा छन् । लोकगीत अन्तर्गत पर्ने ज्यादै लामा गीतहरू ती लामा भए पनि ती गीतमा समान भावको आवृत्ति भइरहने हुँदा ती गीतहरू लामा भएर पनि लघु आकारमै पर्दछन् । यसको आधारमा नेपाली लोकगीतहरूलाई लघुतम र लघु गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

यस शोधप्रबन्धमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीत छबिस वटा गीतहरू सङ्कलन गरी अध्ययन गरिएको छ । यी सङ्कलित छबिस वटा गीतहरू सबै दुई तीन पङ्क्तिभन्दा लामा गीतहरू रहेको छ । यस वर्गीकरणको आधारमा सङ्कलित छबिसवटा लघु आकारका हुन् । यी संत्रलित कुनै कुनै गीतहरू अली लामा आकारका भए पनि समान भावको आवृत्ति भइरहने हुँदा यी लोकगीतहरू लोकगीत अन्तर्गत नै पर्दछन् ।

दुई तीन पङ्क्तिभन्दा लामा कथानक रहित गीतलाई लघुगीत भनिन्छ । जस्तै– झ्याउरे, देउडा, बारमासा, शिशिगीत आदि (शर्मा र लुइटेल, २०६३, पृ. ८४) । लघुतम गीतभन्दा अली लामा पङ्क्तिहरू मिलेर पूर्ण भएको लोकगीत लघुगीत हुन् । यस शोधप्रबन्धका लागि सङ्कलित २६ वटा लोकगीतहरू यसै लघुगीत हुन् । यस शोधप्रबन्धका छबिस वटा लोकगीतहरू यसै लघु आकारका छन् । उदाहरणको रूपमा तल प्रस्तुत गरिएको छ :

(१) शिरखिण्ड कान्छा घोटेर केशरी

फेरी भेट हुँदैन यसरी- २

तिम्रो हाम्रो भेट हुने रहिछ

हिजैदेखि चञ्चले मन भैछ - २

(परिशिष्ट-क २४)

माथि प्रस्तुत गरिएको उदाहरण चाँगुनारायण नगरपाकिलामा प्रचलित नेपाली लोकगीतको अध्ययनका निम्ति सङ्कलित लघुगीत हुन् । यस लोकगीतमा शिरखण्ड जुन एक प्रकारको काठ केशरीको रूपमा प्रयोग गरिन्छ अली टाढा भएको मायालुसँग भेट हुने बेलामा मन चञ्चल हुने कुरा भनेका छन् ।

### ३.४.५ प्रस्तुतीका आधारमा लोकगीत

लोकगीतलाई प्रस्तुतिका आधारमा वर्गीकरण गर्दा गीत प्रस्तुतिलाई प्रमुखता दिइन्छ । लोकगीत प्रस्तुत गर्दा कसरी प्रस्तुत गरिएको छ भन्ने कुरा यसमा प्रधान हुन्छ । लोकगीतलाई वाद्यवादनरहित, वाद्यवादनसहत र नृत्यसहित प्रस्तुत गरिन्छ । वाद्यवादनरहित र वाद्यवादनसहित गाउने लोकगीतहरू श्रव्यात्मक हुन्छ भने नृत्यसहित गीत वा नृत्यसहित वाद्यवादन गीतमा श्रव्य दृश्यको प्रस्तुति हुन्छ । यसको आधारमा लोकगीतलाई कण्ठ्यगीत नृत्यगीत वाद्यगीत र नृत्यवाद्यगीत गरी वर्गीकरण गर्न सकिन्छ ।

यस शोधप्रबन्धमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीत छब्बिस वटा लोकगीतहरू सङ्कलन गरी अध्ययन गरिएको छ । यी सङ्कलित छब्बिस लोकगीतहरूमा धेरै गीतहरू वाद्यवादनसहित प्रसतुत गरिएको छ भने सङ्कलित लोकगीतहरूमा केही कण्ठ्यगीत, केही नृत्यगीत र केही नृत्यवाद्य गीतहरू छन् ।

#### (१) कण्ठ्यगीत

वाद्यवादनको प्रयोग नगरिकन मौखिक रूपमा कण्ठ गरेर गाउने लोकगीतलाई कण्ठ्यगीत भनिन्छ । यस्ता गीतमा वाद्यवादन र नृत्यको प्रयोग गरिँदैन । यस्ता गीत एकल वा सामूहिक रूपमा प्रस्तुत गरिन्छ । उदाहरणको रूपमा तल प्रस्तुत गरिएको छ :

आहै भन भन भाइ हो - देउसिरे

आहै राम्ररी भन - देउसिरे

आहै स्वर मिलाईकन - देउसिरे

आहै लय मिलाईकन - देउसिरे

आहै छिछि भन्लान् - देउसिरे

आहै दूरदूर गर्लान् - देउसिरे

आहै घृणा गर्लान् - देउसिरे

(परिशिष्ट-क १०)

माथि उदाहरणमा प्रस्तुत गरिएको देउसीगीत वाद्यवादनबिना नै प्रस्तुत गर्न सकिने कण्ठ्य गीत हुन् । प्रस्तुत देउसीगीत नेपालीहरूको महान दोस्रो ठूलो चाड तिहारका अवसरमा घर घरमा गएर गाउने गरिन्छ । सामूहिक रूपमा भेला भएर प्रस्तुत ञगरिने देउसीगीत गोवर्धन पूजाको दिन गाइन्छ । उल्लिखित देउसी गीतमा भट्याउनेले साथीहरूलाई देउसिरे भन्दा स्वर मिलाएर लय मिलाएर भन्न आग्रह गरेको छ । स्वर लय मिलाएर देउसिरे नभन्दा छिः छि भन्ने दुरदुर गर्ने र घृणा गर्न सक्छन् । त्यसैले स्वर, लय मिलाएर राम्रोसँग देउसी भन्न भनी देउसीगीत प्रस्तुत गरिएको छ ।

## (२) नृत्यगीत

नाच्दै गाउने लोकगीतलाई नृत्यगीत भनिन्छ । जुन गीत नृत्य गर्दै गाइन्छ । यस्ता गीतहरूले नृत्य गर्दै गाउँदा मात्र पूर्णता प्राप्त गर्छ । नृत्यगीतहरूमा नृत्य नहुँदा गीतले पूर्णता नभएको महसुस हुने गर्छ । त्यसैले यस्ता लोकगीतहरू गाउँदै नाच्ने खालका हुन्छन् ।

यस शोधप्रबन्धमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतबाट सङ्कलित लोकगीतलाई तलका उदाहरणमा प्रस्तुत गरिएको छ :

(१) सानुमाया ए माया तिमी नै भन्दा

छोडी आएँ घरको काम धन्दा- २

सेतो सेतो हे माया कमेरो माटो

पीडा हुन्छ हे माया नहिँड यो बाटो-२

(परिशिष्ट-क २५)

प्रस्तुत उदाहरण यस शोधप्रबन्धको निम्ति सङ्कलित रत्यौली गीत हो । विवाहमा नाच्दै गाउने नृत्यगीत हुन् । यस उदाहरणमा यस प्रेमिकाले प्रेमी भेट्नका लागि घरका सारा काम थाँती राखी आएको कुरा प्रस्तुत गरिएको छ ।

## (३) वाद्यगीत

वाद्यवादनको साथमा गाउने लोकगीतलाई वाद्यगीत भनिन्छ । वाद्यगीत बाजागाजासहित बाजागाजाको तालमा गाउने गरिन्छ । लोकगीतलाई वाद्यवादनको तालमा गाउँदा निकै आकर्षक हुन्छ भने लोकगीतलाई वाद्यवादनले पूर्णता प्रदान गर्छ । यस प्रकारका लोकगीतहरू वाद्यवादनका साधनहरू बजाउँदै गाउने गरिन्छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका निम्ति सङ्कलित लोकगीतहरूमा सिलोक, लोकदोहोरी र खैजडी भजनहरू हुन् । यसलाई तल उदाहरणमा प्रस्तुत गरिएको छ :

बेहुलीको घरपट्टी : कहाँदेखि आयौ तिमी जन्ति कहाँ बस्छौ बास
तिमीहरूको खोक्रोमा प्रबुलो अट्क्यो कहाँबाट फेरछौ स्वास

बेहुलापट्टी : घरदेखि आयौँ हामी जन्ती बेहुलीको घरमा बास
हाम्रो खोक्रोमा प्रबुलो अट्क्यो नाकबाट फेरछौँ स्वास

(परिशिष्ट-क २)

माथि उदाहरणमा प्रस्तुत गरिएको गीत यस शोधप्रबन्ध सम्पन्न गर्नका निम्ति सङ्कलित वाद्यगीत हुन् । यस सिलोक गाउँदा वाद्यवादनको साधनहरू बजाएर यसको तालमा गाउने गरिन्छ । सिलोक गीत दुई समूह वा दुई व्यक्ति बीच प्रश्न उत्तरको रूपमा गाउने गर्छन् । प्रस्तुत उदाहरणमा केटा पक्ष जन्ती लिएर केटीको घरमा गइसकेपछि जन्ती कति लिएर आएका छौ जन्तिमा को को आएका छौ भनी सोधिन्छ ।

## (४) नृत्यवाद्यगीत

वाद्यवादनका साधन बाजागाजाहरू बजाउँदै गीत गाउँदै नाच्ने लोकगीतलाई नृत्यवाद्य गीत भनिन्छ । यस्तो गीतमा गीत गाउँदै वाद्यवादनका साधन बाजागाजाको तालमा नाच्ने गरिन्छ । यस्तो गीतमा नृत्य वाद्य र गीतको तालमेल पूर्णता प्रदान गर्दछ । वाद्यवादनको साधन बजाउँदै गीत भएन भने त्यति पूर्णता देखिँदैन । यो गीत अपूर्ण महसुस हुन्छ । यस शोधप्रबन्धका लागि सङ्कलित लोकगीतहरूमा बालुन, खैजडी भजन यस प्रंकारको लोकगीत हुन् । यसलाई उदाहरणमा प्रस्तुत गरिन्छ :

(१) राम, राम, राम, राम, राम, राम
नारायण हरि हरि सत्यनारायण
लौ हेर हेरौला सत्यनारायण

सत्यनारायण- २

सत गर्नेलाई सतमा राखे सत्यनारायण- २

सत्यनारायण- २

(परिशिष्ट-क २)०)

माथि उदाहरणमा प्रस्तुत गरिएको बालुन (खैजडी भजन) यस शोधप्रबन्ध सम्पन्न गर्नका निम्ति सङ्कलन गरिएको नृत्यवाद्य गीत हो । यस बालुन गीत प्रस्तुत गर्दा खैजडी बजाउँदै गाउँदै नाच्दै गरिन्छ । यदि यसको प्रस्तुतिमा गीत, वाद्यवादन वा नृत्य मध्ये कुनै नभएमा यो गीत अपूर्ण महसुस हुन्छ । प्रस्तुत बालुनमा भगवानको भजन गर्दै सत कर्म गर्नुपर्ने कुरा प्रस्तुत गरेका छन् ।

### ३.४.६ उमेरका आधारमा लोकगीत

नेपाली लोकगीतलाई उमेरको आधारमा वर्गीकरण गर्दा गाउने व्यक्तिको उमेर समूहलाई प्रमुखता दिइन्छ । मानिसको उमेर अनुसार गीतको भावहरू फरक फरक हुने गर्छ । गीत गाउने व्यक्ति बालक, युवा वा वृद्ध कस्तो अवस्थाको छ सोही उमेर अनुसारको गीतमा अभिव्यक्तिहरू रहन्छन् । बालकहरूले वा बालकहरूका निम्ति गाइएको गीतलाई बालगीत भनिन्छ । यसप्रकारका गीतहरू प्रायः रमाइला हुन्छन् । युवा अवस्थाका गीतहरू माया, प्रेम विरहको हुन्छन् भने वृद्ध अवस्थाका गीतहरू बढी धार्मिक प्रकृतिका हुन्छन् । यसरी नेपाली लोकगीतलाई उमेरका आधारमा वर्गीकरण गर्दा बालगीत/शिशुगीत, युवागीत, वृद्धागीत गरी तीनप्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूबाट सङ्कलित लोकगीतहरू छन् । यी लोकगीतहरूमा बालगीत/शिशुगीत सङ्कलन गरिएको छैन । सङ्कलित लोकगीतहरू युवागीत र वृद्ध गीतहरू रहेका छन् । सङ्कलित लोकगीतलाई निम्नलिखित उदाहरणमा प्रस्तुत गरिएको छ ।

### (१) युवागीत

तरुनी तन्नेरीले गाउँने प्रेमगीत विरहगीतका लोकगीतलाई युवागीत भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ८१) । युवायुवतीले जीवनमा प्रेम, विरह अभिव्यक्त गरेर गाउने गीत नै युवागीत हुन् । युवायुवती निकै जोसिला र उर्जाशील हुन्छन् । युवायुवतीले आफ्ना भावन

र चाहनालाई शब्द चयन गरी माया र प्रेम मिलन र विछोडका भावनाहरू गीतको माध्यमबाट अभिव्यक्त गर्ने गर्छन् । यस शोधप्रबन्धमा सङ्कलित लोकदोहोरी गीतमा माया प्रमे यस गीतका उदाहरण हुन् :

केटा - सानुमाया ए माया बोलेको सुनेर
आको म त झ्याल ढोका थुनेर- २
सेतो सेतो हे माया कमेरो माटो
झल्को आउँछ नहिँड यो बाटो- २

केटी - सपनीमा मायालाई देखेको
विपनीमा भेट्नलाई लेखेको- २

(परिशिष्ट-क २५)

माथि प्रस्तुत गरिएको उदाहरण यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित युवागीत हो । यस गीतमा प्रश्न उत्तरको शैलमिा भावहरू प्रस्तुत गरिएका छन् । प्रस्तुत उदाहरणमा युवाले आफू मायालाई भेट्न झ्याल ढोका थुनेर आएको र युवतीले आफूले सपनामा पनि देख्ने सवाल जवाफलाई प्रस्तुत गरिएको छ । आफू झ्यालढोका बन्द गरी आएको त्यो पनि बोलेको सुनेर भनेर युवाले युवतीलाई भनेपछि युवतीले आफूले सपनीमा मायालाई देख्ने गरेको र तर आज विपनीमा नै भेटिएको कुरा गीतमा अभिव्यक्त गरिएको छ ।

## (२) वृद्ध गीत

वृद्ध अवस्थामा प्रौढहरूले गाउने गीतलाई वृद्धगीत भनिन्छ । उमेर ढल्किसकेका वृद्धहरूले शान्त स्वरमा भजन गाउने र सुन्ने गर्छन् । वृद्ध अवस्थामा धार्मिक भावनाले भगवान्प्रति भावपूर्ण गीतहरू मन पराउने हुँदा यस्तो गीतलाई वृद्धगीत भनिन्छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका निम्ति सङ्कलित गीतहरू धार्मिक र भगवान्प्रति भावपूर्ण रहेका गीतहरू छन् । जब मानिस वृद्ध अवस्थामा पुग्छन् त्यस समयमा भजन गाउने सुन्ने भगवानप्रति आदरभाव भएका गीतहरू मन पराउने गर्छन् । यसैले यसप्रकारका गीतलाई वृद्ध गीत भनिन्छ ।

मान्छे भएर जन्मे

हरि नाम जप्नलाई

अनकूल नपारिदेउ हे नाथ

आज मलाई

छाती त रुखो मेरो

मरुभूमि तुल्य सरी

शिव, गौरी अनि कृष्ण कृष्ण भनुँ

यी मन कहा लगाउँ

(परिशिष्ट-क १८)

माथि उदाहरणमा प्रस्तुत गरिएको मान्छे भएर जन्मे गीत वृद्ध गीत हो । यस गीतमा आफू मान्छे भएर जन्मिएकै हरिराम जप्नलाई हो । भगवानको नाम जप्ने वातावरण मिलाइदेउ अब म हरतरहले कमजोर छु मरुभूमि जस्तै रुखो छु त्यसैले शिव, गौरी, कृष्ण कृष्ण भनी भगवानको भक्तिमा मन लगाउन पाउँ भन्ने भाव यस गीतमा रहेको छ । वृद्ध अवस्थामा यस खालको भगवानप्रति भक्तिभावपूर्ण गीतहरू मन पराउने , यस खालको गीत सुन्ने र गाउने गर्छन् । त्यसैले यस प्रकारको गीतलाई वृद्धगीत भनिन्छ ।

### ३.४.७ समयका आधारमा लोकगीत

लोकगीत लोकसमुदायको पहिचान हो । यसमा लोकजीवनका उतार चढावहरू निल्न सकिन्छ । लोकसमुदायमा विभिन्न अवसरमा भिन्न भिन्न प्रकारका लोकगीतहरू गाउने गर्छन् । यसरी लोकसमुदायमा खास खास समयमा खास खास लोकगीतहरू गाउने हुँदा ती गीतहरूलाई मुख्य गीत गाउने समय र अवसरका आधारमा वर्गीकरण गर्न सकिन्छ । नेपाली लोकसमाजमा केही गीतहरू जुनसुकै समयमा पनि गाइन्छ भने केही गीतहरू खास खास समयमा मात्र गाइन्छ । यसरी हेर्दा नेपाली लोकगीतलाई समयको आधारमा सामयिक लोकगीत र सदाकालिक लोकगीत गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

प्रस्तुत शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूलाई समयका आधारमा सामयिक र सदाकालिक गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । चाँगुनारायण

नगरपालिकामा प्रचलित नेपाली लोकगीत चाँगुनारायण नगरपालिकाका लोक समुदायले कतिपय लोकगीतहरू खास खास समयमा मात्र गाइन्छ भने कतिपय लोकगीतहरू जुनसुकै समयमा पनि गाइन्छ ।

## (१) सामयिक लोकगीत

खास समय तथा अवसर विशेषमा मात्र गाइने गीतलाई सामयिक गीत भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ८४) । यस प्रकारको लोकगीत लोकसमाजद्वारा निर्मित निश्चित बन्देज वा घेरभित्र रहेर गाइन्छ । जस्तै : भैली गीत तिहारको लक्ष्मी पूजाको दिन मात्र गाइन्छ भने भोलिपल्ट गोवर्धन पूजाका दिन देउसी मात्र गाइन्छ । यसरी नेपाली लोकसमुदायमा प्रचलित चाडपर्व, धार्मिक कार्य, जन्म, मृत्यु संस्कार जस्ता खास अवसरमा मात्र खास गीतहरू गाइन्छन् । नेपाली लोकसमुदायमा गाइने धार्मिक गीतहरू सदैव जतिखेर मन लाग्यो तेतिखेर, जहाँ पायो त्यहाँ गाइँदैन । यस क्षेत्रमा प्रचलित सामयिक लोकगीतहरू यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित गरिएको छ । यसलाई उदाहरणमा प्रस्तुत गरिएको छ :

(१) घोडा बाँध्ने् तबेला

हामीलाई भयो अबेला

ए औसीको दिन गाइतिहारो भैलो

आमाले पैसा गन्दै छिन्

कति दिउँ भन्दैछिन्

ए औंसीको दिन गाइतिहारो भैलो

(परिशिष्ट-क १६)

माथि प्रस्तुत गरिएको उदाहरण नं. १ को यस शोधप्रबन्धका लागि सङ्कलित भैलीगीत हुन् । चाँगुनारायण नगरपालिकाका नेपालीहरूको दोस्रो ठूलो चाड तिहारको अवसरमा लक्ष्मी पूजाको दिन भैली खेलिन्छ । यस दिन केटाहरूले समूह बनाएर भैलीराम भन्दै भैली खेल्छन् भने केटीहरूले पनि समूह बनाएर भैलिनी भन्दै भैली खेल्छन् । प्रस्तुत उदाहरण केटीहरूले

गाएको भैलिनी गीत हो । यस गीतमा भैली खेल्ने समूहले हामीलाई ढिला भइसक्यो छिटो गर्नुहोस् भनी आग्रह गरेको र आमाले भैली खेल्ने समूहलाई पैसा कति दिनु भनी गन्दै गरेको कुरा प्रस्तुत गरी भैलीगीत गाइएको छ ।

**(२) सदाकालिक लोकगीत**

लोकसमाजले कुनै पनि बार बन्देज नलगाएको बाह्रै महिना बाह्रैकाल जुनसुकै अवसरमा गाइने गीतलाई सदाकालिक लोकगीत भनिन्छ । निश्चित समय र पर्वमा गाइने लोकगीत बाहेक सबै लोकगीत सदाकालिक लोकगीत हुन् । लोक समुदायले मन लागेपछि जुनसुकै समयमा दिल खोलेर गाउने गीत नै सदाकालिक लोकगीत हुन् । यस प्रकारको लोकगीत गाउनको लागि कुनै पर्व वा अवसरको आवश्यकता पर्दैन । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूमा पनि सदाकालिक लोकगीतहरू रहेका छन् । यसलाई उदाहरणमा प्रस्तुत गरिएको छ :

यो मनमा पिर कति कति
कसले देला मुसाको ओखती- २
यो मनमा पिर पऱ्यो गहिरो
भन्ने छैन साउनको भिरपहिरो- २

(परिशिष्ट-क २२)

माथि प्रस्तुत लोकगीत यस चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीत हुन् । यस क्षेत्रमा मेलापात, जात्रा, विवाह, ब्रतबन्ध जस्ता मेला हुने ठाउँमा जुनसुकै समय र स्थानमा पनि गाउँछन् । यस लोकगीतमा आफूलाई धेरै पीर परेको र पीडाका कारण मर्न चाहेको निरास भाव प्रस्तुत गरिएको छ ।

### ३.४.८ विषयका आधारमा लोकगीत

लोकगीतलाई वर्गीकरण गर्दा लोकगीतका विषयलाई प्रमुखता दिइन्छ । लोकगीत वर्गीकरणका सवैभन्दा मुख्य आधार नै यही हो । लोकसमुदायले लोकगीतको रचना गर्दा जुन जुन विषयवस्तुलाई समावेश गरिएको हुन्छ । त्यसको आधारमा लोकगीतलाई वर्गीकरण गरिन्छ । यसमा मानिसका अवस्था, विश्वास, दिनचर्या, रीतिथिति, कर्म, व्यवहार आदि

यावत् विषयहरू समावेश गरिएका हुन्छन् । लोकबासीले आफ्नो समाजमा देखे भोगेका र सुनेका अनेक विषयहरूलाई समेत लोकगीतको विषयवस्तु बनाएर प्रस्तुत गरेका हुन्छन् । यस आधारमा नेपाली लोकगीतलाई धार्मिकगीत, संस्कारगीत र श्रमगीत गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

यो शोधप्रबन्ध सम्पन्न गर्नका लागि चाँगुनारायण नगरपाकिलामा प्रचलित नेपाली लोकगीतहरूलाई सङ्कलन गरी विषयका आधारमा वर्गीकरण गरिएको छ । यस क्षेत्रमा विशेषगरी धार्मिकगीत, पर्वगीत, संस्कारिक गीतहरू चलनचल्तीमा रहेका छन् ।

### (१) धार्मिक गीत

धर्म प्राप्त गर्ने अभिप्रायले गाइने धार्मिक भावनाले ओतप्रोत सबै गीतहरूलाई धार्मिक गीत भनिन्छ । धार्मिक भावना अनुष्ठान, पूजाआजा, व्रत प्रार्थना भजनकिर्तन, आरती, आराधना, स्तुति मङ्गलकामना तथा देवीदेवतासँग सम्बन्धित लोकगीतहरू नै धार्मिकगीत हुन् । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूलाई पनि धार्मिक गीतको रूपमा प्रस्तुत गर्न सकिन्छ । सङ्कलित लोकगीतहरूमा भगवान्प्रति भक्तिभाव भई गाइएका लोकगीत पनि रहेको छन् । जसलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

गाईदिउँ हरे राम

गाईदिउँ हरे राम

नारायणको मन्दिरैमा

गाइदिउँ हरे राम

बाल्मिकेश्वर मन्दिरैमा

गाइदिउँ हरे राम

(परिशिष्ट-क ३)

माथि प्रस्तुत उदाहरण यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि संकलिन गरिएको धार्मिक गीत हुन् । यस गीतमा भगवान्प्रति आदर भाव प्रकट गरी भगवान्को मन्दिरमा हरे राम लगाउने कुरा प्रकट गरेका छन् । प्रस्तुत उदाहरण यस शोधप्रबन्धका लागि सङ्कलित धार्मिक लोकगीत हुन् ।

## (२) संस्कारिकगीत

जन्मदेखि मृत्युपर्यन्त सम्पन्न गरिने विभिन्न संस्कारिक अनुष्ठानका अवसरमा तथा चाडपर्वमा गाइने गीतलाई संस्कारिक गीत भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ८३) । लोकसमाजले आ-आफ्नो जातजातिअनुसार जन्मेदेखि मृत्युसम्म विभिन्न समयमा गरिने संस्कारिक अनुष्ठानका साथै चाडपर्वहरूको अवसरमा विभिन्न प्रकारका लोकगीतहरू गाइन्छ । ग्रामीण समाजमा प्रचलनमा रहेका संस्कारिक गीतहरूलाई संस्कार गीत र पर्वगीत गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

### (क) संस्कारगीत

जन्मदेखि मृत्युपर्यन्तसम्म जीवनमा विभिन्न संस्कार गर्दा गाइने गीतलाई संस्कार गीत भनिन्छ । लोकसमाजमा लोकबासीले आ-आफ्नो संस्कारअनुसार जन्म, मृत्यु, विवाह आदिमा संस्कार गीतहरू गाउने गरिन्छ । यस्ता संस्कार गीत जुनसुकै समयमा गाइँदैन । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित गीतहरूमा पनि विभिन्न प्रकारका संस्कार गीतहरू छन् । उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ :

बेहुलीपट्टी : कहाँदेखि आयौ तिमी जन्ति कहाँ बस्छौ बास
तिमीहरूको खोक्रोमा प्रबुलो अट्क्यो कहाँबाट फेरचौ स्वास

बेहुलापट्टी : घरदेखि आयौँ हामी जन्ती बेहुलीको घरमा बास
हाम्रो खोक्रोमा प्रबुलो अट्क्यो नाकबाट फेरछौँ स्वास

(परिशिष्ट-क २)

माथि प्रस्तुत उदाहरण यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि संकलित गरिएको विवाहमा गाइने सिलोक हो । यस सिलोकमा बेहुली र बेहुला पटीकाले गाउने प्रश्न- उत्तर शैलकिो सिलोक हो । जन्तिहरूलाई बेहुलकिो घरपट्टीकाले तिमीहरू कहाँबाट आयौ, कति जन्ति आयौ कहाँ बास बस्छौ भनि सोधिएको प्रश्नमा जन्ति तर्फबाट जानेले बेहुलीको घरमा बास बस्ने कुरा प्रकट गरेका छन् । चाँगुनारायण नगरपालिकामा प्रचलित रात राखेर विवाह गर्ने संस्कारगीत गाइन्छ ।

### (ख) पर्वगीत

नेपाली समाजमा विभिन्न जातजाति, धर्म, लिङ्गका आधारमा चाडपर्व गीतहरू गाइन्छ । जस्तै : तीजगीत हरितालिका तीजको अवसरमा महिलाहरूले गाउने गरिन्छ भने देउसी तिहारको अवसरमा पुरुषहरूले गाइन्छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित पर्वगीतहरू चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीत पर्वगीतहरू हुन् । उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

(१) सखरखण्ड गुलियो

एउटै घरमा भुलियो

ए औंसकिो दिन गाइतिहारो भैलो

दिनी भए सिदा देउ

नदिनी भए विदा देउ

ए औंसकिो दिन गाइतिहारो भैलो

घोडा बाँध्ने तबेला

हामीलाई भयो अबेला

ए औंसीको दिन, गाइतिहारो भैलो

(परिशिष्ट-क १६)

(२) आहै भन मेरो भाइ हो - देउसिरे

आहै राम्ररी भन - देउसिरे

आहै स्वर मिलाइकन - देउसिरे

आहै वर्ष र दिनको - देउसिरे

आहै तिहारैमा - देउसिरे

(परिशिष्ट-क १०)

माथि प्रस्तुत गरिएको उदाहरण (१) को भैलीगीत नेपालीहरूको दोस्रो ठूलो चाड तिहारको अवसरमा कार्तिक महिनाको औंसीका दिन साँझ लक्ष्मी पूजाको अवसरमा किशोरहिरू भैली

खेल्दै गाउँघर डुल्दै गाइन्छ । यसरी भैली खेल्ने किशोरी वा युवतीहरूलाई भैलिनी भनिन्छ । यी भैलिनीहरूले घरबेटीलाई आशिष दिँदै आफुलाई अबेला भएको कुरा भैलिगीत मार्फत् प्रस्तुत गरेका छन् ।

माथि उदाहरण (२) मा प्रस्तुत गीत देउसी गीत हो । देउसीगीत लक्ष्मीपूजाको भोलिपल्ट गोवर्धन पूजाको दिन गाइन्छ । भैलीगीत विशेष गरी नारीहरूले गाउँछन् देउसीगीत पुरुषहरूले गाउँछन् । देउसीगीत पनि भैलीगीत जस्तै देउसी खेलने युवाको समूहले आफूलाई देउसी खेलन बलिराजाले पठाएको भन्दै घरबेटीको प्रशंसा गर्ने गरिन्छ । देउसी खेल्ने समूहले दान दक्षिणा लिइसकेपछि त्यस घरको मुख्यालाई आशिष दिएर गीत प्रस्तुत गरिएको छ ।

### (३) श्रमगीत

लोकबासीले श्रम गरिरहेको समयमा काममा ध्यान केन्द्रित गर्न कठिन कार्य गर्दा थकाई अनुभव नहोस् भन्ने उद्देश्यले कार्य सकिएपछि थकाइ मेट्न वा दुःख विर्सन श्रमगीत गाउने गरिन्छ । नेपाली लोकसमाजमा धान रोप्दा घाँस काट्दा, गोठालो जाँदा, कोदो रोप्दा, मकै नङ्ग्याउँदा ढिकी कुट्दा, जाँतो पिन्दा आदि विभिन्न शारीरिक श्रम लाग्ने कार्य गर्दा लोकगीत गाइन्छ । जस्तै- असारेगीत, साउनेगीत, दाइँगीत, घाँसेगीत, रोपाइँगीत आदि । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतहरू सङ्कलन गरी अध्ययन गरिएको छ । यस भेगमा पहिला पहिला घाँस दाउरा गर्न जाँदा वनै गुञ्जायमान हुने गरी गुञ्जने गर्छन् । श्रम गीतलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

(१) धानमा रोप्ने हो छुपु र छुपु कोदो रोप्ने नल मात्रै- २
हो होइन तर आफैं विचार गर कोदो रोप्ने नल मात्रै- २
धानैमा काटे हो सरबरी गौ नै काटे ठोसारा-२
हो होइन तर आफै विचार गर कोदो रोप्ने नल मात्रै- २

(परिशिष्ट-क ६)

माथि उदाहरणमा प्रस्तुत असारे गीतलाई ठाडो भाका पनि भनिन्छ । यो रोपाइँ गर्दा गाइन्छ । हिलोमा रोपाइँ गर्दा थकाइ मेटाउन र कार्यको अनुभव सजिलो बनाउन गाइन्छ । धान असारमा छुपु छुपु रोप्ने र कोदो रोपे नल मात्र हुने धानको ठोसा नरम हुने र गहुँको ठोसा कडा हुने भाव यस गीतमा पाइन्छ ।

### २.८.९ लिङ्ग आधारमा लोकगीत

लोसमाजमा गाउने गीतहरू विभिन्न खालका हुने गर्छन् । कुनै नारीले मात्र गाउँछन् । कुनै पुरूषले मात्र गाउँछन् । कुनै नारी पुरूष दुवैले गाउँछन् । यसैको आधारमा लोकगीतको वर्गीकरण गर्नुलाई लिङ्गका आधारमा लोकगतिको वर्गीकरण भनिन्छ । यस आधारमा लोकगीतको वर्गीकरण भनिन्छ । यस आधारमा लोकगतिको वर्गीकरण गर्दा गीत गाउँने के हो ? नारी वा पुरूष भन्ने पक्षलाई प्रमुखता दिइन्छ । नेपाली समाजमा प्रचलित रहेको खास-खास गीतहरू कुनै नारीले मात्र कुनै पुरूषले मात्र गाउँने खालका हुन्छन् । यसैको आधारमा नेपाली लोकगीतलाई नारीगीत पुरूषगीत, नारीपुरूषगीत गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ ।

चाँगुनारायण नगरपालिका प्रचलित नेपाली लोकगीतहरू सहभागिताको आधारमा नारीगीत पुरूषगीत र नारीपुरूषगीत गरी तीन प्रकारको पाइन्छ । यस भेगमा प्रचलित विभिनन अवसरहरूमा खास-खास गीत कुनै नारीले मात्र कुनै पुरूषले मात्र गाउने गरिन्छ । चाँगुनारायण नगरपालिाको यस भेगमा गाइने लोकगीतहरू तीजेगीत, भैलीगीत, नारीले मात्र, देउसी, माइती देश, मधुराजा आदि पुरूषले मात्र तामाङ सेलो लोकदोहोरी नारी पुरूष दुवैले गाइन्छ । उदाहरणको रूपमा निम्न लिखित गीतहरूलाई प्रस्तुत गर्न सकिन्छ ।

### (१) नारीगीत

नेपाली लोकसमाजमा मुख्यतः नारीहरूले मात्र गाइने गीतलाई नारीगीत भनिन्छ । नारीगीत नारीहरूको मात्र उपस्थितिमा नारीको मुख्य सहभागितामा गाइन्छ । पुरूषहरूको उपस्थित भए पनि पुरूषले गीत गाउनमा सहभागिता नजनाउने महिलाले मात्र गाइने गीत नै नारीगीत हुन् । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूमा तीजगीत भैलीगीत नारीगीत हुन् जस्तै :

भाइ तिमी त्यो कलम सिउँरिदा
सधै रुन्छ घाँस काट्न निहुँरिदा
एउटी छोरी चार भाइको माजमा
हाल्देउ बुबा ल्याएर गाजामा -२

(परिशिष्ट-क ५)

माथिको उदाहरण मुख्यतः नारीको मात्र सहभागितामा गाइने तीजगीत हुन् चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीत चाँगुनारायणका नारीहरू घाँस काटन जाँदा आफ्ना पीडा पोख्दै गीत गाउँछन् । यस उदाहरणमा भाइले पढ्न पाउँदा दिदीले पढ्न नपाएको र घाँस काटन जाँदा चेलीको मन रुने गरेको मर्महरूको अभिव्यक्ति पाइन्छ । एउटी छोरी भए पनि पढ्न नपाएको र अर्काको घर पठाएको निकै मार्मिक अभिव्यक्ति माथिको उदाहरणमा पाइन्छ ।

### (२) पुरूषगीत

मुख्यतः लोग्ने मान्छेहरूको सहभागितामा लोग्ने मान्छेले मात्र गाइने गीतलाई पुरूषगीत भनिन्छ । यस्ता गीतहरूमा महिलाहरूको उपस्थिति भए पनि गायनमा सहभागी हुँदैनन् । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित गीतहरू उदाहरणमा प्रस्तुत गरिएको छ ।

१) आहै हामी त्यसै देउसिरे
आहै आएका होइनौं देउसिरे
आहै बलिराजाले देउसिरे
आहै पठाएको देउसिरे
आहै खटाएको देउसिरे
आहै हजुरको देउसिरे
आहै वर्ष र दिनको देउसिरे
आहै चाड तिहार देउसिरे
आहै जनाउनलाई देउसिरे
आहै मनाउनुलाई देउसिरे

(परिशिष्ट-क १०)

माथि उदाहरण १ मा प्रस्तुत गरिएको गीत पुरूषगीत हुन् । लक्ष्मी पूजाको भोलिपल्ट गोवर्धन पुजाको दिन साँझको बत्ति बालेपछि गाँउको पुरूषहरू देउसीगीत गाँउदै घर-घर हुन्छन् यसरी देउसी खेल्न निस्केका पुरूषहरूको समूहलाई देउसे भनिन्छ । यस चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोगगीत चाँगुनारायण नगरपालिकामा

पुरूषहरू समूह बनाई मादल र खैजडी लिएर देउसीको लयमा देउसी गति गाँउदै घर-घर हुन्छन् । देउसेहरूले घरको र घरबेटीको प्रशंसा गर्दै देउसिरे गाँउछन् र घरमुलीले दान-दक्षिणा दिइसकेपछि त्यस घरको सम्पन्नताको आशिष दिँदै बिदा हुन्छन् । यस उदाहरणमा देउसेहरूलाई देउसी खेल्दै चाडको जनाउ दिन घर - घरको आँगनमा बलिराजाले खटाएकोले हामी आएका हौं हामी त्यसै आएका होइनौं भनी देउसी गीत प्रस्तुत गरिएको छ ।

## २.८.१० सहभागिताको आधारमा लोकगीत

सहभागिताको आधारमा लोकगीतलाई वर्गीकरण गर्दा गायनमा संलग्न व्यक्तिहरूको सहभागिता संख्यालाई प्रमुखता दिइन्छ । लोकगीत गाँउदा कतिजनाले गायनमा सहभागिता जनाए भन्ने कुरा मुख्य आधार मानिन्छ । नेपाली लोकगीतहरू गाँउदा कुनै गीत एकजनाले कुनै गति दुईजनाले कुनै गीत तीनजनाले गाउने गरिन्छ । यसरी नेपाली लोकगतिलाई सहभागिताको आधारमा एकल दोहोरी र सामूहिक गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ ।

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूलाई सहभागिताका आधारमा एकल, दोहोरी र सामूहिक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ । यस क्षेत्रमा गाइने लोकगीतहरू समयअनुसार एकल, दोहोरी वा सामूहिक रूपमा सहभागी भई गाइन्छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूमा तीजगीत, भजन, दोहारी, देउसी भैलो सामूहिक गीत हुन् ।

### (१) एकल लोकगीत

लोकगीत गाँउदा गायनमा एकजना मात्र सहभागी भएर गाउने लोकगीतलाई एकल लोकगीत भनिन्छ । यस्ता गीत गाँउनका निम्ति अर्को साथी वा समूहको आवश्यकता पर्दैन । एकलैले गाँउदा पनि यस्ता गीतले सार्थकता पाउँदछ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलन गरिएको लोकगीतमा तीज गीत एकल लोक गीत हुन् जस्तै :

तीजको बेलामा जानुपर्‍यो मेलामा

म छोरीको आशु झर्‍यो दैला ठेलामा

(परिशिष्ट-क ८)

माथि उदाहरणमा प्रस्तुत गरिएको लोकगीत एकल लोकगीत हुन् । चाँगुनारायण नगरपालिकामा प्रचलित तीज एकल तीज गीत हुन् । आफूले भोगेको कुरा तीजको गीतमार्फत् आफ्ना मनका भावन अभिव्यक्त गर्छन् । यस गीतमा पनि एउटी चेली जो तीज जस्तो महान् चाडमा माइत जान नपाएको पीडा पोखेकी छन् । यसरी आफ्ना पीडा पोख्दै तीज गीत गाइन्छ ।

### (२) दोहोरी गीत

दुईजनाले सवाल जवाफको रूपमा गायनमा सक्रिय सहभागी भई एकै ठाँउमा सामुन्ने बसेर गाउने गीतलाई दोहोरी वा जुहारी गीत भनिन्छ । यस्तो गीत एकातिरबाट प्रश्न सोध्ने र अर्कोतिरबाट उत्तर दिने अर्को तिरबाट प्रश्न सोध्ने एकातातिरबाट उत्तर दिने गरी प्रश्नोत्तर शैलीमा गाँउने गरिन्छ । यस्तो गीत गाँउनका निम्ति कम्तिमा दुवैतिर १/१ जना गरी २ जना आवश्यक पर्दछ । त्यसबाहेक दुवैतिर जतिजना पनि सहभागी हुन सकिन्छ तर समूहको नायक भने दुवैतिर एक-एक जनामात्र देखिन्छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकदोहोरीमा सिलोक यस प्रकारका गीत हुन् ।

बेहुली पटी : कति बाट्यौं कुच्चा दाम्ला कति बाट्यौ नाम्ला
कति आयौं बुढा पाका कति आयौ फुच्चा
बेहुला पटी : धेरै बाट्यौं कुच्चा नाम्ला धेरै बाट्यौं दाम्ला
धरै आयौं बुढापाका धेरै आयौं फुच्च

(परिशिष्ट-क २)

माथि उदाहरणमा प्रस्तुत गरिएको सिलोक सवाल जवाफको रूपमा प्रस्तुत गरिएको गीत हो । जन्ती लिएर बेहुलीको घरमा पुगेपछि बेहुली पट्टीका र बेहुला पट्टीका सहभागी भई प्रश्न उत्तरको रूपमा गाँउने गरिन्छ । विवाहको समयमा जन्ती कति लिएर आयौ भनेर बेहुला पट्टीकाले प्रति उत्तर दिने चलन रहेको छ । चाँगुनारायण नगरपालिकामा यो चलन लोप भइसकेको बेहुली लिन जाने र सिलोक गएर रात बिताउने चलन सिलोकले प्रस्तुत गरिएको छ ।

### (३) सामूहिक गीत

दुई जना भन्दा बढी व्यक्तिहरूले गायनमा सक्रिय सहभागी भई गाँउने गीतलाई सामूहिक गीत भनिन्छ । यस्ता गीतहरु सामूहिक रूपमा नगाँउदा गीतले सार्थकता प्राप्त गर्न सक्दैन, सामूहिक गीत सामूहिक रूपमा नगाँउने हो भने यसको महत्त्व नै झल्किँदैन । त्यसैले यस्ता गीतहरू सामूहिक रूपमा नै गाँउने गरिन्छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित अधिकांश गीतहरू सामुहिक गीतहरू नै छन् । उदाहरणको रूपमा तल प्रस्तुत गरिएको छ :

भगवानको मुखमा यो कलियुगमा

हाम्रो भन्नु के छ र -२

हाम्रो भन्नु के छ र - २

यो जिउ त हाम्रो होइन

अरु के छ र यहाँ

हे भक्तजन हो,

मेरी मेरी भन्छन्

त्यो केही पनि होइन

गरौं किर्तन गरौं किर्तन -२

(परिशिष्ट-क २०)

माथी उदाहरण बालुन (खै.जडी भजन सामूहिक लोकगीतको उदाहरण हो । यो भजन भगवानको भक्ति देखाँउदै खैंजडी बजाउँदै समूहमा चाच्दै गाइन्छ । यो सत्यनारायणको पुजा गर्दा गइन्छ । यस भजनले हामी यो संसरमा आएका छौ तर हाम्रो आफ्नो केही छैन हाम्रो आफ्नै शरीर त आफ्नो होइन त्यसैले भगवानको भजन गरौं भन्ने भाव यस बालुनमा प्रस्तुत गरिन्छ । चाँगुनारायण नगरपालिकामा झन्डै-झन्डै यो चलन लोपको सङ्घारमा पुगेको छ । हामी मेरो, मेरो भन्छौ तर हाम्रो आफ्नो केही नभएको कुरा बालुनमा प्रस्तुत गरिएको छ ।

## ३.५ निष्कर्ष

नेपाली लोकगीत वर्गीकरणका आधारमा विभिन्न विद्वान्हरूका बिचमा एकमत पाँइदैन । विभिन्न विद्वान्हरूले फरक-फरक आधारमा लोकगीतको वर्गीकरण गरेका छन् । ती विद्वानहरूका फरक-फरक आधारहरू र लोकगीतमा रहेका ठेटपना र विविधतालाई समेटेर लोकगीतलाई क्षेत्र बनोट जाति, आकार प्रस्तुति, उमेर, समय, विषय, लिङ्ग र सहभागिताका आधारमा वर्गीकरण गर्न सान्दर्भिक देखिन्छ । यही लोकगीतको वर्गीकरणका आधारमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतलाई बनोट, जाति, आकार, प्रस्तुति, उमेर, समय, विषय, लिङ्ग र सहभागिताका आधारमा वर्गीकरण गरिएको छ । यस क्षेत्रमा गाइने लोकगीतहरू सङ्कलित छन् । यस क्षेत्रमा सङ्कलित लोकगीतहरूमा तीज गीत, रत्यौली गीत, बाह्रमासे गीत घाँसे गीत, असारे गीत भजन सिलोक गाँउछन् । यस शोधप्रबन्ध सम्पन्न गर्नका लगि सङ्कलित गीतहरू लघु आकारको रहेको छ । चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतहरूबाट सङ्लित लोकगीतहरूमा दुई वटा असारे गीत, चार वटा रत्यौली गीत एउटा सिलोक दुई वटा बाह्रमासे गीत दुई वटा तीज गीत चार वटा भजन तीन वटा तिहार गीत एउटा साँझ आरती गीत रहेकाछन् । चाँगुनारायणको भौगोलिक अवस्थाको वर्णन गरिएको छ । सङ्कलित लोकगीतहरू कण्ठय, नृत्य, धार्मिक, सांस्कारिक गीत, सहभागिताको आधारमा, विषयका आधारमा सङ्कलन गीतहरूको वर्गीकरण गरिएको छ। लोकगीतको वर्गीकरणमा विभिन्न विद्वान्हरूले विभिन्न फरक-फरक आधारमा प्रस्तुत गरिएको भए तापनि यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूलाई प्रस्तुत आधारहरूमा वर्गीकरण गरिएको छ ।

# चौथो परिच्छेद

# चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको विद्यातात्त्विक विश्लेषण

## ४.१ विषयप्रवेश

चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतहरूको अध्ययन गर्ने उद्देश्यको साथ सम्पन्न भएको यस शोधप्रबन्धअन्तर्गत यस तेस्रो परिच्छेदमा चाँगुनारायण नगरपालिकाबाट सङ्कलित लोकगीतहरूको तत्वका आधारमा विश्लेषण गरिएको छ । सङ्कलित लोकगीतहरूको भाव वा विचारमा प्रेम, विरह र सांस्कृतिक पक्षको अध्ययन भक्तिभाव पक्षको अध्ययन र चाडपर्व निहित अन्तरवस्तुको अध्ययन गरिएका छन् । यस परीच्छेदमा लोकगीतको तत्त्वअन्तर्गत उद्देश्यमा सङ्कलित लोकगीतको मनोरञ्जन प्रदान गर्नु, शिक्षा वा उपदेश प्रदान गर्नु, लोक मङ्गलको कामना गर्नु, यथार्थको प्रकटीकरण गर्नु रहेको छ । लोकगीतको तत्त्व भाषाशैली अन्तर्गत भाषिक विन्यास, शैलीय विनयस बिम्ब र प्रतीकको प्रयोग लय विधान र अलङ्कारका आधारमा सङ्कलित लोकगीतहरूलाई विश्लेषण गरिएको छ ।

## ४.२ लोकगीताका विद्यातात्त्विक विश्लेषणको आधार

चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतहरूको अध्ययन गर्ने उद्देश्यको साथ सम्पन्न भएको यस शोधप्रबन्धअन्तर्गत यस चौथो परिच्छेदमा चाँगुनारायण नगरपालिकाबाट सङ्कलित लोकगीतहरूको तत्वका आधारमा विश्लेषण गरिएको छ । सङ्कलित लोकगीतहरूको भाव वा विचारमा प्रेम, विरह र सांस्कृतिक पक्षको अध्ययन भक्तिभाव पक्षको अध्ययन र चाडपर्व निहित अन्तरवस्तुको अध्ययन गरिएका छन् । यस परीच्छेदमा लोकगीतको तत्त्व अन्तर्गत उद्देश्यमा सङ्कलित लोकगीतको मनोरञ्जन प्रदान गर्नु, शिक्षा वा उपदेश प्रदान गर्नु, लोक मङ्गलको कामना गर्नु, यथार्थको प्रकटीकरण गर्नु रहेको छ । लोकगीतको तत्त्व भाषाशैली अन्तर्गत भाषिक विन्यास, शैलीय विनयस बिम्ब र प्रतीकको प्रयोग लय विधान र अलङ्कारका आधारमा सङ्कलित लोकगीतहरूलाई विश्लेषण गरिएको छ ।

कुनै पनि संरचनाको निर्माणमा नभई नहुने कुरालाई तत्त्व भनिन्छ । तत्त्वलाई उपकरण अंग, घटक, अवयव आदि पनि भनिन्छ । आफ्ना तत्वहरूको आवश्यक संगठन नहुँदा लोकगीत वा कुनै सिर्जनात्मक रचनाले साकार रूप नलिने भएकाले यिनको आवश्यकतालाई अनिवार्य पनि मानिएको छ (शर्मा र लुइटेल, २०६३, पृ. ७५६) । लोकगीतको रचना गर्नका लागि तत्व अनिवार्य आवश्यक पर्दछ । लोकगीतको रचना तत्वविना नहुने भए पनि लोकगीतको संरचना वा तत्वलाई लिएर विद्वान्हरूको एकमत भने पाइँदैन । लोकगीतको संरचनामा निम्नलिखित कुराहरू पाइन्छ, (१) कथ्य, (२) भाषा, (३) रचना वा पद, (४) स्थायी र अन्तरा, (५) रहनी र वयान र (६) लय र भाका यिनका साथै लोकगीतहरूका नृत्य र वाद्य पनि हुन सक्छन् (चूडामणि, २०६५, पृ. ल ११५) । यसैगरी मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले लोकगीतका तत्वहरू : (१) भाव वा विचार (२) उद्देश्य (३) भाषा (४) शैली हुन्छन् भनी लोकवार्ता विज्ञान र लोकसाहित्य पुस्तकको पृष्ठ ७५-७६ मा प्रस्तुत गरिएको पाइन्छ ।

भाव वा विचारलाई सिर्जनात्मक कृतिको विषयवस्तु, मूल कथ्य वा अन्तर वस्तु पनि भनिन्छ । लोकगीतमा लोकभावना लोकविचारको अभिव्यक्त गरिएको हुन्छ । यसमा लोक समुदायको व्यापक अनुभवमा आधारित दुःख-सुख, हर्ष-विष्मात्, प्रेम-पीडा, उज्यालो-अँध्यारो, आँसु-हाँसो, विजय-पराजय, उन्नति-अवनति, मिलन-वियोग, बेथा-वेदना आदिको सरल, सहज स्वभाविक र प्रभावकारी उद्‌गार व्यक्त भएको हुन्छ । यसमा वैयक्तिक भाव वा विचारको कुनै स्थान हुँदैन । यस्तो भाव वा विचार भए पनि त्यसको साधारणीकरण हुन्छ र त्यसले सामूहिक रूप लिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७५) । लोकगीत अशिक्षित लोकसमुदायको साझा सम्पत्ति हो यो ती समुदायमा नै जन्मि हुर्केको बढेका हुन्छन् । त्यसैले यसमा प्रयोग हुने भाषा सरल, सरस र ठेट हुन्छ । त्यसैले लोकगीतलाई जो कसैले पनि सहजै ग्रहण गर्न सकिन्छ । यस्ता सहजै बुझ्न सकिने भाषाको प्रयोग गरी लोकसमाजका जीवन भोगाइका उतार चढावहरू मेलापात, वनपाखा, चौतारी र विशेष अवसरहरू सङ्गाल्दै, सलल बग्ने गर्छन् र लोकगीतमा रहेका भाव वा विचारले नै लोकगीतले मूर्त रूप लिने र जीवन प्राप्त गर्ने हुँदा लोकगीतमा भाव वा विचारलाई अनिवार्य तत्वका रूपमा लिएको छ ।

साहित्यिक रचना तथा कृतिहरूको आ-आफ्नै प्रयोजन हुन्छ । यसैगरी लोकगीतको रचना कुनै न कुनै उद्देश्यको लागि गरिएको हुन्छ । उद्देश्यबिनाको लोकगीत निरर्थक

हुन्छ । त्यसैले लोकगीतका तत्वहरूमा उद्देश्यलाई महत्वपूर्ण तत्त्वको रूपमा लिइन्छ । अधिकांश लोकगीतको उद्देश्य प्रत्यक्ष रूपमा रहे पनि कतिपय लोकगीतमा यो परोक्ष पनि हुन्छ । परोक्ष उद्देश्य गीतमै अन्तर्निहित भएर रहेको पाइन्छ । प्रायः गीतमा उद्देश्य पुछारतिर रहन्छ र यसलाई खोजेर निकाल्नु पर्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७५) । कहिले काहि लोकगीतहरूमा प्रयोग गरिएको संगीतले गर्दा गीतको उद्देश्य ठटम्याउन नसकिए पनि लोकगीत सुनेर स्रोताहरूले आनन्दको अनुभूति गरिरहेका हुन्छन् । कुनै पनि गीत निश्चित प्रयोजनका लागि रचना गरिन्छ । यही प्रयोजन नै गीतको उद्देश्य भएको हुँदा लोकगीतमा उद्देश्य अनिवार्य तत्व रहेको छ । नेपाली लोकगीतहरूको उद्देश्य पहिचान गर्दा लोकगीतका चार उद्देश्यहरू परिपूर्तिका निम्ति रचिएको छः (१) मनोरञ्जन (२) शिक्षा वा उपदेश (३) लोक मङ्गल (४) यथार्थ प्रकटीकरण, लोकगीतलाई गाउँघरतिर मनोरञ्जनको साधनको रूपमा प्रयोग गरिन्छ । कतिपय लोकगीतहरू मनोरञ्जन प्रदान गर्ने उद्देश्यले नै रचिएको हुन्छ । ग्रामीण समुदायमा अर्ति उपदेश दिने, शिक्षा दिने र विभिन्न विषयमा ज्ञान बढाउनका निम्ति लोकगीतलाई नै माध्यम बनाइन्छ । यसरी लोकगीत मार्फत् प्रस्तुत गरिएको शिक्षा वा उपदेश निकै नै प्रभावकारी रहेको पाइन्छ । लोक समाजमा परापूर्वकालदेखि नै कुनै पनि कामको लागि कामना गर्नु परेमा लोकगीत मार्फत् गरिन्छ भने लोकगीतमा लोक समाजको यथार्थताको प्रकटीकरण हुने गर्छ । लोकगीत सुनेर नै हामी लोक समाजको धेरै कुराहरूको यथार्थ थाहा पाउन सकिन्छ ।

साहित्य एवं लोकसाहित्यको माध्यम भाषा लोकगीतको पनि माध्यम हो । लोकगीतमा लोकभाषाको प्रयोग गरिन्छ । त्यसैले यसमा झर्रा शब्द, स्थानीय शब्द र सग्ला शब्दहरूको बढी प्रयोग हुन्छ । भाव अनुकूल सरल सहज शब्दावलीको प्रयोग यसको विशेषता हो (शर्मा र लुइटेल, २०६३, पृ. ७६) । लिखित र अलिखित जुनसुकै साहित्यिक विधामा भाषा माध्यमको रूपमा अनिवार्य तत्व हो भाषा विना कुनै पनि विचारको आदान-प्रदान सम्भव छैन । त्यसैले लोकगीतमा रहेको कुनै पनि भाव वा विचार र सन्देशलाई स्रोता वा जनसमुदायमा पुऱ्याउनका निम्ति भाषाको माध्यम आवश्यक पर्छ । लोकगीतमा प्रयोग गरिएका भाषा सामान्य बोलीचालीमा प्रयोग हुने भाषा भन्दा अलि फरक हुने गर्छ । लोकगीत लोक समुदायको सम्पत्ति हो । यसमा लोक भाषाको प्रयोग गरिन्छ । त्यसैले लोकगीतमा ठेट स्थानीय भाषाको प्रयोग भएको हुन्छ । लोकगीत अशिक्षित वर्गको रचना भएकाले त्यसमा जटिल र बोझिलो भाषाको प्रयोग हुँदैन ।

लय वा भाका भनेको लोकगीतको स्वर गठन हो । एउटा गीतलाई विभिन्न लय वा भाकामा गाउँन सकिन्छ । लोकजीवनमा गीत गाउने खास शैली नै भाका हो (बन्धु, २०५८, पृ. ११७) । कुनै पनि विधाको अभिव्यक्तिलाई प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । लोकगीतमा शैली भनेको लोकगीत गाउने तरिका हो । लोकगीतको शैलीले लोकगीतको भिन्नतालाई छर्लङ्ग पारिएको हुन्छ । शैलीले लोकगीतको भावलाई भाषामा परिणत गरी अभिव्यक्त गर्ने भएकाले लोकगीतमा शैली अनिवार्य तत्व हो । लोकगीत सरल शैलीमा अभिव्यक्त हुने भएकाले यसलाई सहजै ग्रहण गर्न सकिन्छ । लोकगीत प्रस्तुत गर्दा चयन, अग्रभूमीकरण (विचलन समानान्तरता) बिम्ब र प्रतीक लय विन्यास अलङ्कार प्रयोग गरिन्छ । लोकगीत प्रस्तुत गर्ने शैलीमा एकल, युगल र सरल, लाक्षणिक र व्याङ्ग्यात्मक पनि हुन सक्छ । कतिपय लोकगीतहरू प्रश्न, उत्तरात्मक, संवादात्मक वादविवादात्मक वा मनोवादात्मक पनि हुन्छ । लोकगीतलाई पृथक-पृथक पहिचान दिने तत्व भनेको शैली भएकाले् लोकगीतमा शैली अनिवार्य तत्व हो ।

## ४.३ चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको भाव र विचार विश्लेषण

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूमा विषयवस्तुगत विविधतासँगै भाव वा विचारमा पनि विविधता रहेको छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलन गरिएका लोकगीतहरूमा भाव वा विचार विविध रूपमा प्रस्तुत भएको छ । सङ्कलित लोकगीतहरूमा केही गीतहरू भाव र विचार विविध रूपमा प्रस्तुत भएको छ । सङ्कलित लोकगीतमा प्रेम, विरह र विछोडका विविध पक्षहरूको अभिव्यक्त भएका छन् ।

लोकदोहोरी गीतमा माया प्रेमका भाव व्यक्त भएका हुन्छन् भने सानुमाया ए माया तिमी नै भन्दा छोडी आए घरको काम धन्दा, सेतो सेतो हे माया कमेरो माटो, झल्को आउ ँछ नहिँड यो बाटो, तीजको बेलामा जानु पर्‍यो मेलामा । मै चेलीको आँसु झर्‍यो दैला ठेलामा । यो. मनमा पिर कति कति, कसले देला मुसाको ओखती, भाई तिमी त्यो कलम सिउँरिदा, सधैं रुस्न्छु घाँस काट्न निहुँरिदा, सात भाइ छोरा यो घरमा अटाए, एउटा छोरी धानकोट कटाए जस्ता लोकगीतहरूमा विछोड र विरहको भाव अभिव्यक्त भएका छन् । यस अध्ययनका लागि सङ्कलित चारवटा गीतहरू धार्मिक विषयको अभिव्यक्ति रहेका छन् । सङ्कलित बाँकी लोकगीतहरू मनोरञ्जन र सामाजिक भाव व्यक्त भएका गीतहरू रहेका छन् । चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूको मुख्य भावको सङ्क्षेपमा अध्ययन गरिएको छ ।

### ४.३.१ प्रेम, विरह र सांस्कारिक पक्षको अभिव्यक्ति

लोकगीतको एउटा प्रमुख विषयको रूपमा प्रेम, विरह र सांस्कारिक पक्ष रहेको हुन्छ । प्रेम र विछोडका भावहरू लोकगीतमा छचल्किएको पाइन्छ । विपरीत लिङ्गप्रति आकर्षक भएर गाउने प्रेम गीतहरू श्रृङ्गार रसले भरिपूर्ण हुन्छ । यस्ता गीस्तहरू मिलनका मिठासपूर्ण भावहरू र विछोडका वेदनापूर्ण भावहरूले भरिपूर्ण हुन्छन् । प्रेम र विरहका गीतहरू एक्लैले गाउने एकल प्रकृतिका वा दुवैले गाउने दोहोरी प्रकृतिका हुन्छन् । यसभित्र कतिपय गीत बिना वाद्यवादन कण्ठ्य रूपमा गाइने र कतिपय भने मेला पर्व आदिमा भएको नाचगानमा नाचेर समूहमा गाउने हुन्छन् ।

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतमध्येबाट यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित प्रेम र विरहको अभिव्यक्ति भएका र माइतीसँग विछोडिदा र तीज जस्तो चेलीहरूको महान चाडमा माइत जान नपाउँदा र परिवारले गरेको व्यवहार आफन्तसँग भएको विछोड र आफूले पढ्न नपाएका पीडा प्रस्तुत भएका छन् ।

प्रश्न-उत्तर शैलीमा प्रस्तुत लोकदोहोरी शीर्षक गीतमा माया र प्रेमको विषय सुमधुर लयमा प्रस्तुत गरिएको छ । प्रस्तुत गीतमा सवाल जवाफको रूपमा प्रेमीले प्रेमिकालाई भेट्नका लागि भौँतारिएको विषय प्रस्तुत गरिएको छ । जब प्रेमीले प्रेमिकालाई भेट्न घरको झ्याल ढोका लगाएर आएको प्रेमिकाले घरका काम धन्दा छोडेर आएको कुरा प्रस्तुत गरिएको छ । प्रस्तुत गीतमा प्रेमीले सपनामा देखेको र वरिपरि मायालाई नै, टाढा माया भएर भेट्न कठिन भएको धार्य धार्य भेट्न आउनु परेको र हाम्रो माया प्रेम चोखो हुने कुरा प्रस्तुत गरिएको छ । यस कुरालाई तलका उदाहरणले प्रस्तुत गर्छ :–

केटी - सानुमाया एमाया तिमी नै भन्दा
छोडी आएँ घरको काम धन्दा

केटा - सानुमाया ए माया बोलेको सुनेर
आको मत झ्याल ढोका थुनेर

केटी - सपनीमा हे माया मायालाई देखेको
विपनीमा भेट्नलाई लेखेको

केटा - वरिपरि हे माया मायाले ढाकेको

खोइ त मलाई बस्नी ठाउँ राखेको

केटी - अली वर हे माया सरन यता

टाढा माया कसरी दिल बसौं

केटा - तिमी टाढा हे माया म टाढा भकाले

भेट भयो म धाइ धाइ आकाले

(परिशिष्ट क- २५)

माथि प्रस्तुत लोक दोहोरिमा पहिलो सवाल जवाफमा प्रेमी र प्रेमिका बीच धेरै समयपछि भेट भएको र प्रेमीले भेट्नका लागि अरु कामधन्दा छोडेर आएको र प्रेमी झ्याल ढोका बन्द गरेर आएको र प्रेमीकाले सपनीमा मायालाई देख्ने गरेको, वरिपरि मायालाई नै राखेको र आफ्नो माया टाढा भएकाले धाइ धाई भेट्न आएको कुरा पनि प्रस्तुत गरिएको छ ।

लोक जनजीवनमा विवाह गरी गएकी चेलीले माइतीसँग छुट्टिनु पर्दाको पीडालाई गीत मार्फत् विरहको रूपमा प्रस्तुत गर्छिन् । दैनिक जनजीवनमा जति नै सुख सयल भए पनि माइतीको सम्झनाले विवाहित चेलीलाई मर्माहित तुल्याउने गर्छ । समाजमा चलि आएको छोरी चेलीलाई अर्काको घर पठाउने चलन र चेलीको बिलौनाले ज्यादै दुखी बनाउने गर्छ ।

जन्मी छोरी चार भाइका वंशमा

मलाई पुग्नी भाग रैन्छ अंशमा

सातै डाँडा कटायौ बा मलाई

सम्झी सम्झी रोइरहन्छु अबलाई

बाको लागि म एउटी छोरी

जुनी भरी रोइरहन्छु धरधरी

(परिशिष्ट क-५)

माथि प्रस्तुत उदाहरणमा एक छोरी जसले चार भाइका माभ्कमा जन्मिएर पनि माइतघरको हक अधिकारबाट बञ्चित देखिन्छ । विवाह गरेर सात डाँडा पारी आफू भएको र दिन रात आफू माइतीलाई सम्भ्केर रुने कुरा प्रस्तुत गरिएको छ । आफ्नो बाको आफू एउटी छोरी रहेको र माइतीभन्दा धेरै टाढा भएकाले माइती सम्भ्केर धरधरी बाँचुञ्जेल रोइरहने माइती सम्भ्कनाले सताउने गर्छ । यसरी प्रस्तुत उदाहरणमा एक विवाहित चेलीले माइती घरलाई जुनी जुनीसम्म सम्भ्किने माइतीदेखि टाढा हुनु पर्दाको विरहलाई प्रस्तुत गरिएको छ ।

### ४.३.२ भक्तिभाव पक्षको अभिव्यक्ति

नेपाली बहिुभमाषी, बहुधार्मिक बहुजातिहरूको बसोबास गर्ने साभ्का मातृभूमि हो । यस देशमा बसोबास गर्ने सम्पूर्ण भाषी, धार्मिक जातिहरूको आ-आफ्नै संस्कार संस्कृति छन् । चाँगुनारायण नगरपालिकामा पनि विभिन्न धार्मिक संस्कारहरू संस्कृतिअनुसार भक्तिभाव प्रस्तुत गरिन्छ । समाजमा रहेका हरेक समुदायले भगवान्प्रति भक्ति भावले भरिपूर्ण गीतहरू गाउने गरिन्छ । यस्ता यस्ता गीतहरू भगवान्मा लीन भएर एकल वा सामूहिक रूपमा गाइन्छ । यस्ता गीतहरूमा भगवानप्रतिको आस्था विश्वास भगवानको चर्चा परिचर्चा गरिन्छ । हामी यस पृथ्वीमा केही दिनका पाहुना भएको र हामीले लोभ लालच तेरो मेरो भन्ने भावना त्याग्नु पर्ने कुरा पनि प्रस्तुत गरेर नेपाली समाजमा भगवानप्रति भावपूर्ण गीतहरू प्रायः उमेर ढल्केका वृद्धहरूले गाउँछन् ।

प्रस्तुत शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित चारवटा लोकगीतहरूमा हरि हरि ... हाम्रो, भन्नु के छ र रा, राम, नारायण, सत्यनारायण, सतमा राखे, भक्ति गराए मान्छे भएर जन्मे, गाइदिउँ हरेराम, साँभ्कको दीप जगाउने शीर्षकको गीतमा, हेर लौ सत्यनारायण, सत्यनारायण सत गर्नेलाई सतमा राखम सत्यनारायण, हरिहरि सत्यनारायण, हाम्रो भन्नु के छ र, हो हो, यो कलियुगमा हाम्रो भन्नु के छ र ? गरौँ किर्तन गरौँ किर्तन हो हो भन्ने बालुन सत्यनारायण पूजामा गाउने गरिन्छ । जुन गीतमा मानिस भगवानप्रति समर्पित भएर आफ्नो केही नभएको भगवानप्रति भक्ति भाव गरेमा भगवानले रक्षा गर्छन् भन्ने विश्वासका साथ यो गीत गाइन्छ ।

भगवान्को भक्तिभाव राख्नु पर्ने संसारको भवसागरबाट मुक्त गर्ने भनेको भगवान् नै रहेको र हामीले लोभ लालच छोडेर नारायणको भक्ति गर्नुपर्ने, भक्ति गरेमा नारायणमा

समर्पित हुने कुरा प्रस्तुत गरिएको छ । प्रस्तुत गीतमा यो कलियुगमा हाम्रो केही नभएको हामी यस धर्तिमा दुई दिनको पाहुना मात्र हो भन्न भक्तिभाव प्रस्तुत गरिएको छन् । उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ :

राम, राम, राम, राम, राम

नारायण हरि हरि सत्यनारायण

सत्यनारायण

हेर लौ सत्यनारायण

सत गर्नेलाई सतमा राखे

सत्यनारायण

नारायण हरि, हरि

यो संसार लिला हो

हाम्रो भन्नु के छ र हाम्रो भन्नु के छ र

यो कलियुगमा हाम्रो भन्नु के छर

मेरो मेरा भन्छन् यो संसार भगवानको लिला हो

(परिशिष्ट क-२०)

माथिको प्रस्तुत उदाहरणमा हामीले भगवानको किर्तन गर्नु पर्ने, भगवानले सत् अर्थात् सत्यको बाटो हिँड्नेलाई सधैं सत गर्ने, नारायण नै सबैथोक हो । यो संसार भगवानको लिला भएकोले यस संसारमा हाम्रो केही नभएको त्यसैले हामीले भगवान्प्रति लिन भएर भगवानलाई भक्तिभावका साथै फूलपाति र अक्षता चढाउने कुरा प्रस्तुत गरिएको छ ।

चाँगुनारायण नगरपालिकामा प्रचलित भक्तिभावपूर्ण गीतहरूमध्ये यस शोधप्रबन्धको निम्ति सङ्कलित “गाइदिउँ हरेराम” शीर्षक गीतमा भगवान् चाँगुनारायणि नगरपालिकाभित्र रहेका मन्दिरका भगवान्हरूप्रति समर्पित भएर प्रस्तुत गरिएको छ :

गाइदिउँ हरे राम

चाँगुनारायण मन्दिरमा

गाइदिउँ हरेराम

जाल्पादेवी मन्दिरमा

गाइदिउँ हरेराम

गणेशजीको मन्दिरैमा

गाइदिउँ हरेराम

(परिशिष्ट क-३)

माथि प्रस्तुत उदाहरणमा चाँगुनारायण क्षेत्रका प्रत्येक मन्दिरहरूमा भजन किर्तन गर्नुपर्ने ती मन्दिरहरूमा भगवानको बास भएको र भगवानले सबैको कल्याण गर्ने हुँदा सबैको कल्याणको प्रार्थना गर्दै बस्नु पर्ने भाव प्रस्तुत गरिएको छ ।

### ४.३.३ चाडपर्व निहित अन्तरवस्तुको अभिव्यक्ति

नेपाली समाजमा विभिन्न जातजाति भाषाभाषीहरूले बसोबास गर्छन् । ती जातजाति र भाषाभाषीहरूले आ-आफ्नै धर्म र जातीय परम्पराअनुसार चाडपर्व मनाउने गर्छन् र ती पर्वहरूमा नाँचगान गर्ने प्रचलन रहेको छ । विभिन्न चाडपर्वका अवसरमा गाइने गीतलाई पर्वगीत भनिन्छ (शर्मा र लुइटेल, २०६३ पृ. ८३) । यसरी नेपाली समाजमा नेपाली जातजाति र भाषाभाषीहरूले विभिन्न पर्वमा गाइने गीत नै पर्वगीत हुन् । चाँगुनारायण नगरपालिकामा विशेष गरी बाहुन, क्षेत्री र तामाङ, नेवार, मिजार, कामी, दमाई, ठकुरी, गुरुङहरूको बसोबास रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने बाहुन, क्षेत्रीहरूले फरक पर्वको रूपमा तीज मनाउँछन् । तामाङ समुदायले ल्होछार मनाउने गर्छन् भने नेवार समुदायमा गाईजात्रा, विस्का जात्रा, सिठी नखः आदि पर्व मनाउँछन् भने दशैं, तहिार जस्ता पर्वहरू सबै समुदायले मनाउने गर्छन् । यस शोधप्रबन्ध अन्तर्गत सङ्कलित पर्वगीतहरूमा तीजगीत भैलो र देउसीलाई विश्लेषणको लागि लिइएको छ ।

खासगरी मानव सभ्यताको विकासको आदिकालमा मनोरञ्जनका साधनहरूको उपलब्ध नभएको समयमा मनोरञ्जनको रूपमा लोकगीतलाई प्रयोग गरिन्थ्यो । यसरी लोकगीत मनोरञ्जनका साधन पनि हो भने लोकगीतले हाम्रो मौलिकता, संस्कृति परम्परा र पहिचान पनि बोकेको हुन्छ । विश्वका कुनै पनि कुनामा नेपालीहरू जम्मा भएर तिहारको अवसरमा देउसी भैलो गीत गाउँदा नेपाली पहिचान, संस्कृति र परम्परा झल्किने गर्छ । यस

क्षेत्रमा पनि तिहार पर्वको अवसरमा महिला दिदी बहिनीहरू मेला भएर कार्तिक महिना औंसीको दिन लक्ष्मीपूजापछि घर घर गएर भैली खेल्ने चलन छ । यसरी भैली खेल्दा हाम्रो संस्कृति, परम्परा र पहिचान पनि जोगिन्छ भने मनोरञ्जन पनि प्राप्त हुन्छ । दिदी बहिनीहरूको भैलेनी समूहले भैलीगीत गाउँदा हामी भैलिनीहरू तपाइँको आँगनमा औंसकिो यो रातमा गुन्युचोली माग्न आएको हरियो गोबरले लिपेर लक्ष्मी पूजा गरेको अनि आफूहरूलाई भैली खेल्न बलिराजाले पठाएको जस्ता कुरा भन्छन् भने अन्तमा आफूहरू अन्त पनि जानुपर्ने भएकाले छिटो गर्नुस् भनी दान दक्षिणा लिएपछि आशिष दिएर विदावरी भएर जान्छन् । यसलाई उदाहरणमा प्रस्तुत गरिएको छः

हरियो गोबरले लिपेको

लक्ष्मीपूजा गरेको

ए औंसीको दिन गाइतिहारो -भैलो

हामी त्यसै आएनौं

बलि राजाले खटाको

ए औंसीको दिन गाइतिहारो- भैलो

(परिशिष्ट क-१६)

माथि उदाहरणमा प्रस्तुत भैलीगीत नेपालीहरूको दोस्रो ठूलो महान् चाड तिहारको अवसरमा गाइन्छ । यस दिन विहानै गाईलाई पूजा गरिन्छ भने साँझमा लक्ष्मीको पूजा गरिन्छ । यसै कुरालाई भैलिनीहरूले भैली गीतको रूपमा प्रस्तुत गर्छन् । भैलिनीहरूले यसै दिनको वर्णन गर्दै हरियो गोबरले लिपेर लक्ष्मीको पूजा गर्ने र यस दिन औंसी पनि हुने कुरा प्रस्तुत गर्छन् भने यस दिन भैली खेल्नको निम्ति बलिराजाले पठाएको कुरा समेत भैलिनी समूहले प्रस्तुत गर्छन् ।

नेपालीहरूको दोस्रो ठूलो पर्व तिहारमा महिला दिदीबहिनीहरूले भैली खेलेजस्तै पुरुषहरूले पनि समूह बनाएर देउसी खेल्ने गरिन्छ । देउसी भनेको देवको अर्थ देवता र श्रीको अर्थ सम्पत्ति भएकाले देउसीको अर्थ देवताले श्रीसम्पत्ति दिउन् भन्ने आशीर्वाचन भन्ने बुझिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. १२५) । लक्ष्मी पूजाको भोलीपल्ट गोवर्धन पूजाको दिन साँझको बत्ति बलेपछि पुरुषहरू समूह बनाएर देउसीगीत गाउँदै घरघर डुल्ने गरिन्छ । सो

देउसी समूहमा एकजना भट्याउने हुन्छ र अरुले सामूहिक स्वरमा देउसी रे देउसिरे भन्छन् भट्याउने व्यक्तिले देउसी खेल्ने घरमा पुगेपछि देउसी भन्नेहरूलाई स्वर मिलाएर लय मिलाएर देउसी भन्नु नभए छिः छिः भन्ने दूर दुर गर्ने र घृणा गर्ने गर्लान् भनी भन्छन् । त्यसपछि भट्याउनेले आफूहरू आउँदा दुःख पाएको र आफूहरूलाई देउसी खेल्न बलिराजाले पठाएको कुरा गर्छन् । आफूहरू यसैगरी देउसी खेल्न अरु घरमा पनि जानु पर्ने हुनाले छिटो दान दक्षिणा दिएर विदा गर्न घरको मुख्याज्यूलाई आग्रह गर्छन् । घरको मुख्य व्यक्तिले आफ्नो इच्छा र क्षमता अनुसार रोटी, फलफूल र पैसा दिन्छन् अन्तमा देउसेहरू यसपालि आउँदा छ्वालीको छाना, अर्को साल आउँदा टिनको होस्, घरबेटीले ढुङ्गा छुँदा सुन बनोस् जस्ता भरिपूर्ण आशीर्वाद दिएर विदा हुन्छन् । यसलाई तलको उदाहरणले पुष्टि गर्छ :

आहै भन भन भाइ - देउसिरे

आहै स्वर मिलाइ कन - देउसिरे

आहै हामी त्यसै - देउसिरे

आहै आएका होइनौ - देउसिरे

आहै बलिमा राजाले - देउसिरे

आहै पठाएका - देउसिरे

आहै आखुम, बाखु - देउसिरे

आहै सेल, पुरी, चाखौं - देउसिरे

(परिशिष्ट क-१०)

माथि उदाहरणमा प्रस्तुत देउसी गीत नेपालीहरूको पर्व तिहारमा गाउँने पर्वगीत हुन् । यस देउसी पर्वगीतमा देउसेहरूले मादल, खैजडी बजाएर नाँचगान गर्छन् । यस गीतमा देउसेहरूले देउसी खेल्ने घरमा देउसीगीत गाएर दान दक्षिणा लिइसकेपछि आशीर्वादको रूपमा प्रस्तुत गीत गाउने गर्छन् । देउसेहरू घरबेटीलाई आशिर्वाद दिंदै बिदा भएर जानेर बाँचि राखे अर्को वर्ष पनि यसैगरी देउसी खेल्न आउने बाचा गर्दै जान्छन् ।

खासगरी लोकगीत मनोरञ्जनका साधनको साथै परिस्थितिअनुसारको मनको भावना पोख्ने माध्यम पनि हो । लोकगीतमार्फत् हाँसो, खुसी, पीडा, वेदना, व्यथा आदि जीवनका विविध पक्षहरू प्रस्तुत हुने गरिन्छ । ललितपुर जिल्लाको यस क्षेत्रमा पनि गीत मार्फत्

विभिन्न पक्षहरूको उजागर गरेको छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित तीजगीत यस्तै प्रकारको एक पर्वगीत हो । तीज विशेष गरी हिन्दू नारीहरूले मनाउने पर्व हो । यस पर्वमा महिलाहरूले आ-आफ्ना मनका भावनाहरूलाई गीत मार्फत् प्रस्तुत गरिन्छ । तीजमा नारीहरूले दर खाने, ब्रत बस्ने पूजाआजा गर्ने चलन छ । यस पर्वमा अविवाहित महिलाहरू सुयोग्य बर प्राप्तिका लागि र विवाहित महिलाहरू पतिको दीर्घायुको लागि निराहार ब्रत बस्छन् । नारीहरू दरखाने, राती र ब्रत बस्ताको दिन तीजगीत गाउँछन् । माइत जानेहरूले आनन्द र उमङ्ग अनि माइत नजानेहरूका व्यथा र पीडाहरू गीतका विषयवस्तु बन्छन् । तीजगीतमा समाजमा भएका विकृति विसङ्गती, थिचोमिचो आदि जसता समाजका यथार्थतालाई विषयवस्तु बनाएर गीत प्रस्तुत गर्ने गरिन्छ । उदाहरणमा एक विवाहित चेलीले माइत जाँदा बचन लगाएको व्यथालाई तीजगीत मार्फत् प्रस्तुत गरिएको छ :

तीजको बेलामा जान पऱ्यो मेलामा

मै चेलकिो आँसु झऱ्यो दैला ठेलामा

तीजको बेलामा बाबा लिन आउनुभो

सासु र नन्दज्यूले बचन लाउनु भो

तीजमा जानलाई कुन चाहिँ सारी लाउनी हो

विदा दिनु सासु बजै कहिले आउने हो

(परिशिष्ट क-८)

माथि उदाहरणमा प्रस्तुत तीज पर्वगीत एक विवाहित महिलाको मनका भावना हुन् । यस गीतमा तीज पर्वमा आफू माइत जान नपाएको र आफ्नो बाबा लिन आउँदा पनि सासु र नन्दले बचन लगाएका कुरालाई प्रस्तुत गरिएको छ । चेलीले वर्ष दिनमा तीज आउँदा पनि आफू मेलापात गर्नु परेको प्रसङ्ग निकै मर्माहित ढङ्गले प्रस्तुत गर्दै सबै जनालाई आफ्नो बिलौना सुन्न आग्रह गरेकी छिन् । प्रस्तुत तीजगीतले चाँगुनारायण नगरपालिकाको सिङ्गो समाजको यथार्थताको प्रतिनिधित्व गरेको छ । हाम्रो नेपाली समाजमा केही वर्ष अघिसम्म यस्ता समस्या घरघरमा पाइन्थ्यो ।

## ४.४ चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको उद्देश्य

साहित्यिक रचना तथा कृतिहरू सिर्जना गर्दा कुनै निश्चित उद्देश्यका साथ गरिन्छ । लोकगीतको पनि आफ्नै प्रयोजन रहेको छ जसलाई लोकगीतको उद्देश्य भनिन्छ । लोकगीतको सिर्जना निरुद्देश्य नगरिने हुँदा प्रत्येक लोकगीतको केही न केही उद्देश्य अवश्य हुन्छ । उद्देश्य विनाको लोकगीत निरार्थक रचना ठहरिने हुँदा एउटा तत्वको रूपमा यसको महत्वपूर्ण स्थान रहेको छ (शर्मा र लुइटेल, २०६३, पृ. ७५) ।

उद्देश्य वा प्रयोजनबाटै कुन कृति केका लागि हो र त्यसलाई किन ग्रहण गर्ने आदि कुराहरू थाहा पाइन्छ (लुइटेल, २०६८, पृ. १३) । लोकगीत लोकसाहित्यको पुरानो विधा हो । मानव सभ्यताको विकास सँगसँगै लोकगीतको पनि विकास हुँदै आएको पाइन्छ । आदिकाल जतिखेर मनोरञ्जनका साधनहरू उपलव्ध थिएनन् त्यस समयमा लोकगीतलाई नै मनोरञ्जनका साधनको रूपमा प्रयोग गरिन्थ्यो । सुरु सुरुमा लोकगीतलाई मनोरञ्जनका साधनको रूपमा प्रयोग गरिए पनि लोकगीतको विकाससँगै लोकगीतलाई आफ्नो भावना पोख्ने अर्ति उपदेश दिने शिक्षा दिने जस्ता माध्यमको रूपमा प्रयोग गरिँदै आएको छ ।

यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि यस क्षेत्रबाट लोकगीतहरू सङ्कलित गरिएका छन् । यी सङ्कलित लोकगीतहरूलाई उद्देश्यका आधारमा विश्लेषण गरिएको छ । यस क्षेत्रमा प्रचलित लोकगीतहरूमा भगवान्प्रतिको सेवा भावको उद्देश्य, मनोरञ्जनको उद्देश्य समाजका यथार्थताको प्रकटीकरण गर्ने उद्देश्य लोकमङ्गलको उद्देश्य जस्ता उद्देश्यहरू पाइन्छ । हाम्रो लोकसमाज अझै पनि भगवानप्रति आस्था र विश्वास राख्दछ । त्यसैले हाम्रो लोकगीतहरूमा भगवान्प्रतिको आदर भावका उद्देश्यहरू प्रशस्तै पाउन सकिन्छ । यसैगरी लोकगीत मार्फत् समाजमा जनचेतना फैलाउने र समाजमा भएका यथार्थ कुराहरू पनि प्रस्तुत गरिन्छ । यस शोधप्रबन्धका निम्ति सङ्कलित लोकगीतलाई निम्नलिखित उद्देश्य अनुरूप विश्लेषण गर्न सकिन्छ ।

### (१) मनोरञ्जन प्रदान

चाँगुनारायण नगरपालिका क्षेत्रको अधिकांश गीतहरूको उद्देश्य आनन्द लिनु र मानिसहरूलाई मनोरञ्जन प्रदान गर्नु देखिन्छ । लोकमानवको अभिव्यक्ति सरल भाषा र सरस शब्दावली, सुरिला लय र सङ्गीतका साथ प्रस्तुत हुँदा व्यक्तिले दुःख र अभावहरूलाई

बिर्सेर आनन्दको अनुभव गर्दछ (बन्धु, २०५८ : पृ. ११९) । गाउँघरमा विभिन्न अवसरमा मनोरञ्जन लिने र दिने उद्देश्यले गीतहरू प्रसतुत गर्ने गरिन्छ । चाहे विवाह ब्रतबन्धमा गाउने दोहोरी होस्, तीजमा गाउने तीजिगीत होस् वा तिहारको देउसी भैलो यी सबै गीतहरूको उद्देश्य भनेको मनोरञ्जन लिनु वा दिनु नै हो ।

यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि यस क्षेत्रबाट सङ्कलित गीतहरूको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । विभिन्न पर्वहरूमा गाउने पर्व गीतहरूको उद्देश्य पनि मनोरञ्जन प्रदान गर्नु नै देखिन्छ । नेपालीहरूको दोस्रो महान पर्व तिहारमा गाउने देउसी भैलो गीत पनि मनोरञ्जन प्रदान गर्ने उद्देश्यले नै गाउने गरिन्छ । तिहारको समयमा घर बाहिर रहेका घरका सदस्यलाई सम्झेरपरिवारका सदस्यहरू दुःखी भिइरहेको हुन्छ । जब गाउँको युवा युवतीहरू मादल खैजडी बोकेर दोउसी भैली गीत गाउँदै घरघर डुल्छन् । त्यसको माहोल नै बदलिन्छ र ती घरका सदस्यहरू पनि ती गाउँद ै घरघर डुल्छन् । त्यसको माहोल नै बदलिन्छ र ती घरका सदस्यहरू पनि ती युवा युवतनीसँगै रमाउँछन् र माहोल नै बदलिन्छ र ती घरको सदस्यहरू पनि ती युवा युवतीसँग रमाउँछन् र माहोल नै मनोरञ्जनपूर्ण हुने गर्दछ । यदि तिहारमा देउसी भैलो गीत गाउँदै मादल खौजडी बजाएर घरघर नघुम्ने हो भने तिहारको मौलिकता नै रहँदैन र तिहारको दिन र अरु दिनमा केही फरक पर्दैन । मनोरञ्जन दिने उद्देश्यले नै देउसी भैलीहरूमा पैसा पुगेन पैसा थप्नु नाकै जाला जस्ता शब्द प्रयोग गरी भुल्याउने गर्छन् । यसरी भट्याउँदा पैसा थपे पनि सधैंलाई पुग्ने होइन यस्तो कुरा रमाइलो गर्नका लागि प्रयोग गर्ने गर्छन् । यसलाई उदाहरणमा प्रस्तुत गरिएको छ :

आहै यति ठूलो घरकी - देउसि रे
आहै यही हो त चाला - देउसि रे
आहै खोटो पैसा - देउसि रे
आहै बोक्नु कि टोक्नु - देउसि रे
आहै घरवेटी बाबा - देउसि रे
आहै घरबेटी आमा - देउसि रे

आहै थोत्रो गुन्द्री - देउसि रे

आहै तान्दै तान्दैनौ - देउसि रे

आहै दश भाइलाई - देउसि रे

आहै हजार हजार - देउसि रे

आहै पुग्नै पर्छ - देउसि रे

(परिशिष्ट क-१०)

माथि उदाहराण्मा प्रस्तुत गरिएको देउसि गीत तिहारमा मनोरञ्जन प्रदान गर्नका लागि गाइन्छ । जब गाउँका युवाहरू मादल खैजडी बजाउँदै आँगनमा देउसी गीत गाएर नाच्छन् । त्यस घरका घरबेटी बा आमा पनि कतिले ढोकोमा उभिएर आँगनतिर हेर्दे हाँस्दै मनोरञ्जन लिइरहेका हुन्छन् भने कति त आँगनमै आएर देउसि खेलने युवाहरूसँगै नाचेर मनोरञ्जन लिन्छन् । युवाहरू रमाइलो गर्दै आँगनमा देउसि गीत गाइरहेको हुन्छ अनि घरबेटी बा आमाले खुशी हुँदै नाङ्लोमा धान, चामल, फूलपाति अक्षेता सेलरोटी गच्छेअनुसार दक्षिणा राखिदिन्छन् । यसपछि देउसेहरूले दक्षिणा थोरै भयो भनेर देउसी गीत गाउँछन् ।

## (२) शिक्षा वा उपदेश प्रदान

लोकगतिको उद्देश्य भनेको शिक्षा वा उपदेश प्रदान गर्नु हो । नैतिक व्याहवारिक वा जीवनोपयोगी कुराहरू सिकाउनुलाई शिक्षा वा उपदेश भनिन्छ । लोकसाहित्यले कोरा उपदेश नदिई रमाइलो पाराले शिक्षा दिन्छ । लोकसाहित्यको लोकगीत लोककथा, लोकनाटक आदि विधाले स्वभाविक ढङ्गमा शिक्षामूलक ज्ञानगुनका कुरा सिकाउँछन् भने गाउँखाने कथा, उखान टुक्का आदि पनि शिक्षा एवं ज्ञानले भरिपूर्ण हुन्छ (लुइटेल, २०६८, पृ. १४) ।

चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतहरूमा पनि शिक्षा वा उपदेश रहेको छ । प्राचीन समयमा औपचारिक शिक्षा प्रदान गर्ने संस्था नभएको बेलामा लोकगीत मार्फत समाजमा सतकर्ता सिकाउने अर्ती उपदेश दिने साधनको रूपमा लोकगीतलाई प्रयोग गरिन्छ । लोकगीतले सरल र सरस भाषाको उपयोग गरी समाजलाई मार्ग दर्शन प्रदान गर्छ । त्यसैले लोकगीतले मनोरञ्जनको साथमा नैतिक शिक्षा उपदेश प्रदान गर्ने र मानिसलाई नैतिक चरित्रवान तथा असल मानिस बनाउने र समाजलाई सही दिशामा डोऱ्याउने उद्देश्य लोकगीतमा पाइन्छ ।

यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि चाँगुनारायण नगरपालिकाबाट सङ्कलित लोकगीतहरूमा शिक्षा तथा उपदेश पाइन्छ । यस क्षेत्रमा प्रचलित लोकगीत ‘ठूलो रुख बडर’ शीर्षकमा छोरीहरूप्रति गर्ने हेंला र छोरी छोरी भएमा वंश चल्दैन, छोरीले केही गर्न सक्दैनन् भन्ने गरिन्छ । छोरीलाई मानिसहरूले हेर्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । छोरीहरू पनि कसैको भर नपर्ने र आफ्नै कमाई खान्छन् । छोरी बोझको रूपमा नहेर्नु भनी आग्रह गरिएको छ । हाम्रो समाजमा परम्परागत सोचाइमा छोरी परिवारको बोझ र अर्काको घर जाने जात पढाएर धेरै टाठाबाठा बनाएमा इज्जत जान्छ भन्ने प्रचलन छ । तर आधुनिकतासँग अहिले सबैले छोरीहरूलाई राम्रो शिक्षा दिने गर्छन् । यसलाई तल उदाहरणमा प्रस्तुत गरिएको छ ।

बाबा घरमुनि ठूलो रुख बडर
धेरै छोरी छन् भनेर हेला नगर
धेरै छोरी भए पनि आफ्नै कमाइ खाने हुन्
रुँदै रुँदै पराइको घर जाने हुन् ।

(परिशिष्ट क-१५)

माथि प्रस्तुत उदाहरणमा बाबा घर मुनि रुख बडिरहेको छ । धेरै छोरी छन् भनी छोरीलाई नराम्रो व्यवहार नगर्नु छोरी भए पनि आफैं सक्षम हुन सक्छन् । कसैको भर पर्दैनन्, रुँदै रुँदै पराइघर गएर पनि आफैले काम गरेर खाने हुन् । छोरीलाई होला नगर्न आग्रह गर्दै उपदेश प्रस्तुत गरिएको छ ।

### (३) लोकमङ्गलको कामना

लोक गीतलाई लोकमङ्गल वा लोकल्याणकारी गीत भनिन्छ । लोकसाहित्यको उद्देश्य पनि व्यक्ति विशेषको हित नभएर जनसमुदायकै हित गर्नु हुने हुँदा यसको सिर्जना, बालक, युवा, वृद्ध आदि सबैका दृष्टिकोणलाई ध्यानमा राखेर गरिन्छ (लुइँटेल, २०६८, पृ. १४) । लोकगीत लोकसाहित्यकै एक प्रमुख विधा भएकोले लोकसाहित्यको उद्देश्य नै लोकगीतको पनि उद्देश्य हो । लोकगीतमा सबैको भलो वा हित हुने प्रस्तुतिले विशेष स्थान पाउँछ । यसले लोकको अहित वा हानी नोक्सानी गर्ने कुरालाई बर्जित गरेर हित वा भलो हुने कुरालाई अँगाल्छ र समाजलाई सही मार्गनिर्देश गरी आफ्नो लोकमङ्गलकारी उद्देश्य पूर्ति

गर्छ । यसले लोकसमुदायलाई दुःख पीडामा पार्ने काम नगरी सही बाटो पहिल्याउनेतर्फ इङ्गीत गर्छ । लोकसाहित्यमा सत्यको विजय र असत्यको पराजय प्रस्तुत गरेर लोकमङ्गलको बाटो प्रस्तुत गरेको हुन्छ । त्यसैले लोकमङ्गललाई पनि लोकसाहित्यको एक महत्वपूर्ण उद्देश्य मानिन्छ ।

चाँगुनारायण नगरपालिकामा प्रचलित विभिन्न लोकगीतहरूमा लोकमङ्गलको कामनाहरू पाइन्छ । लोकगीत व्यक्तिगत नभएर लोकसमाजको साझा सम्पत्ति हो । लोकगीतमा विभिन्न भावहरू प्रस्तुत भएको हुन्छ । यस्तैमा लोकमङ्गलको कामना पनि लोकगीतमा पाइन्छ । यस्तैगरी यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित गरिएका देउसरी भैलो गीत पनि लोकमङ्गलपूर्ण गीत हुन् । तिहारको अवसरमा गाइने यस गीतमा देउसेहरूले देउसी खेल्ने घरमुलीको कुसलमङ्गल होस् भनी आशिष दिँदै यस्तो मङ्गलपूर्ण गीत गाउँछन् । तिहारको अवसरमा गोवर्धन पूजाको दिन साँझ गाउँघरका युवाहरू जम्मा भएर मादल खैजडी बजाउँदै घरघर डुली देउसी खेल्ने गर्छन् । देउसी खेल्दा देउसी खेल्ने घरमा घरको मुख्य व्यक्तिले दक्षिणा गरिसकेपछि देउसेहरूले कुसल मङ्गलपूर्ण गीत गाएर आशिष दिने गर्छन् । यसलाई तल उदाहरणमा प्रस्तुत गरिएको छ :

आहै यही घरको - देउसि रे
आहै घरबेटीज्यूले - देउसि रे
आहै माटोमा छुँदा - देउसि रे
आहै अन्न होओस् - देउसि रे
आहै घरमा सधैं - देउसि रे
आहै भरिपूर्ण होस् - देउसि रे
आहै ढुङ्गामा छुँदा - देउसि रे
आहै सुन चाँदी होस् - देउसि रे
आहै घरबेटीबाको - देउसि रे
आहै यसपाली - देउसि रे
आहै छोराको - देउसि रे
आहै बिहे होस् - देउसि रे

आहै यो घरमा - देउसि रे

आहै लक्ष्मीले - देउसि रे

आहै बास गवरुन् - देउसि रे

(परिशिष्ट क-१०)

माथि उदाहरणमा प्रस्तुत मङ्गलपूर्ण गीत तिहारको अवसरमा गाउने आशिष गीत हुन् । तिहारको अवसरमा युवाहरू मादल खैजडी बजाएर घरघर डुल्दै देउसी गीत गाउँछन् । जब घरबेटीले दान दक्षिणा दिन्छन् अनि युवाहरू घरबेटीको शुभ होस्, मङ्गल होस् भनी आशिष दिने गर्छन् । माथि उदाहरणमा प्रस्तुत पङ्क्तिहरूले घरबेटीले माटो छुँदा अन्न होस्, ढुङ्गा छुँदा सुन चाँदी होस, धन दौलतले भरिपूर्णि होस् घरबेटी बाको यसपटक छोराको विवाहको कामना गर्दै लक्ष्मीले बास गरुन् भनी कुशल मङ्गलपूर्ण गीत प्रस्तुत गरी आशिष दिएका छन् ।

**(४) यथार्थको प्रकटीकरण**

लोकसमाजमा जीवन भोगाइका माया-प्रिती, हाँसो-आँसु, सुखि-दुःख, पीडा आदि अनुभवहरूको यथार्थ प्रस्तुतीलाई यथार्थको प्रकटीकरण भनिन्छ । जनसमुदायका वास्तविक भोगाइको स्वतः स्फूर्त र नैसर्गिक अभिव्यक्ति हुने हुँदा लोकसाहित्यलाई समाजको ऐना पनि भनिन्छ । यसमा लोकमानस, जीवन भएर देखा परेको हुन्छ (लुईटेल, २०६८, पृ. १५) । लोकगीत लोकसाहित्यको एक महत्वपूर्ण विधा भएकोले लोकसाहित्यको उद्देश्य नै लोकगीतको उद्देश्य हो । लोकगीतमा समग्र समाजको चित्र प्रतिबिम्बित हुने गर्छ । किनकि लोकगीत भनेको नै सामाजिक भोगाइ हो । लोकगीतमा समाजका रीतिस्थिति, चालचलन, रहनसहन, लवाई खवाई, सोचार्य, विश्वास, अन्धविश्वास संस्कृति क्रियाकलाप संस्कार, धार्मिक अनुष्ठान आदिको यथार्थ प्रतिबिम्बित हुन्छ । लोकगीतमा पाइने सरल, सरस र ठेटपना अन्य प्रकारमा पाइँदैन । लोकगीतमा अन्धविश्वास समेत रहेको हुन्छ भने यसमा आफ्नो वरपरको परिवेश वा नजिकै सेरोफेरोमा भएका घटना सहभागिता, मनोरञ्जन, पर्व, मेला आदिको अत्यन्त स्वभाविक अभिव्यक्ति मार्मिक ढङ्गमा प्रस्तुत गरिएको हुन्छ । लोकगीतमा समाजमा भए गरेका राम्रो नराम्रो सम्पूर्ण कुराको सच्चा प्रस्तुति हुने हुँदा यथार्थको प्रकटीकरण पनि यसको महत्वपूर्ण उद्देश्य मानिन्छ ।

चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतहरूमा समाजमा भए गरेका यथार्थ चित्रण पाइन्छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित तिहार गीत 'नत फूल' गीतले चाँगुनारायण नगरपालिकाको मात्र होइन सिङ्गो नेपालीको यथार्थको प्रकटीकरण गरेको छ । प्राचीनकालदेखि नै नेपाली दाजुभाइहरू जीविकोपार्जनका लागि विदेश जानुपर्ने र विदेशमा गएका दाजुभाइलाई तिहारमा दिदीबहिनीले सम्झने गरेको आफ्नो बारीमा फूल्ने फूलसँग पनि दिदी बहिनलि गुनासो गरेको कुरा प्रस्तुत गरिएको छ । उदाहरणमा यस गीतलाई प्रस्तुत गरिएको छ :

बहिनी - नत फूल नत फूल मखमली फूल
मेरा दाजुभाई घरमा छैनन् कसले लाउला फूल

मखमली फूल - सोही फूल फूलुला सोही फूल झरुला
तिम्रा दाजुभाई आएपछि फेरी फूलुला

बहिनी - नत फूल नत फूल गोदावरी फूल
मेरो दाजु घरमा छैनन् कसले लाउला फूल

गोदावरीफूल- सोही फूल झरुला सोही फूल फूलुला
तिम्रा दाजु आएपछि फेरी फूलुला

(परिशिष्ट क-१२)

माथि उदाहरणमा प्रस्तुत गरिएको नत फूल गीतले फूललाई प्रश्न र फूलले दिएको उत्तर हो । एउटा चेलीका लागि माइती र दाजुभाइ कति प्यारो हुन्छ र माइतीको अभाव अर्थात् तिहार जस्तो पर्वमा आफ्नो दाजुभाइ नहुँदा बारीमा फूलेका फूल पनि बेकार लाग्ने गर्छ । त्यसैले मखमली र गोदावरी फूललाई आफ्नो बारीमा नफूल्न आग्रह गर्दै आफ्ना दाजुभाइ छैनन् त्यो फूल कसले लगाउँछ ? भनेर प्रश्न गरिएको छ । फूलले पनि प्रति उत्तर दिँदै सोही फूल झर्ने र सोही फूल फूल्ने र दाजुभाइ आएपछि फेरी फूल्ने वाचा गरेको छ । फूल फुलेर झर्नु र फेरि फूल उम्रनु प्राकृतिक नियम हो यो यथार्थ हो । नेपाली समाजमा प्राचीनकालदेखि विदेशिनु र चाडपर्व आउँदा आफ्ना आफन्त इष्टमित्र, घरपरिवारले विदेशिएका व्यक्तिहरूलाई सम्झने गर्छन् । यो यस क्षेत्रका समाजको यथार्थ प्रस्तुति हो ।

## ४.५ चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको भाषाशैलीगत विश्लेषण

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन गर्ने ध्येयका साथ सम्पन्न भएको यस शोधप्रबन्धअन्तर्गत सो क्षेत्रमा प्रचलनमा रहेको लोकगीतहरूको भाषाशैलीगत विन्यासको विश्लेषण गर्ने कार्य यस उपशीर्षकमा गरिएको छ । यसमा भाषाशैलीगत विन्यासमा रहने मुख्य तत्वहरू भाषा, शैली तथा बिम्ब, प्रतीक, अलङ्कार आदिको यस क्षेत्रमा प्रचलित लोकगीतको आधारमा विश्लेषण गरिएको छ । यस उपशीर्षकमा । चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतका आधारमा भाषिक विन्यास शैलीय विन्यास, बिम्ब र प्रतीक, लय विधान, अलङ्कार, विधान र अग्रभूमिकरणको अलग अलग उपशीर्षकमा विश्लेषण गरिएको छ । चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन शीर्षकको शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित सबै गीतहरूको पृथक, पृथक विश्लेषण गरी प्रतिनिधिमूलक ढङ्गले समावेश गरी गीतमा रहेको भाषा, शैली, बिम्ब, प्रतीक, लय तथा अलङ्कार जस्ता शैलीय पक्षको अध्ययन गरिएको छ ।

### ४.५.१ भाषिक विन्यास

भाषिक विन्यासका दृष्टिले चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन गर्दा यहाँका लोकगीतहरूमा स्थानीय तहमा प्राप्त शब्दहरू तथा स्थानीय मानिसले गर्ने उच्चारण अनुसारको ध्वनिहरू पर्याप्त मात्रामा देखिए तापनि यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलन गरिएका गीतहरूमा भने स्थानीय शब्द र स्थानीय मानिसले उच्चारण गर्ने ध्वनिको साथमा परम्परागत शब्द र ध्वनिहरूको प्रयोग भएको देखिएका छन् । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूमा रहेको ध्वनि व्यवस्थालाई तलका उदाहरणले पुष्टि गर्छ ।

(१) जन्मी छोरी चार भाइका वंशमा
मलाई पुग्नी भाग रैन्छ अंशमा
एउटी छोरी चार भाइको माजमा
हाल्देउ बुबा ल्याएर गाजमा

(२) माइत घरमा म कान्छी छोरीको

हुन्छ मरन नाम्लो र डोरीको

मनको पिर मनमा नै लिनु

सोधे भने सञ्चै छ भन्दिनु

भाइ तिमी त्यो कलम सिउरिंदा

सधें रुन्छु घाँस काट्न निहुरिंदा

(परिशिष्ट क-५)

माथिका उदाहरण (१) मा 'वंशमा, अंशमा, माजमा, गाजामा' क्रियापदमा उदाहरणमा स्तरीय नेपाली क्रियापदमा रहेको 'माज' शब्दमा 'म' आकार लागेको छ । उदाहरण (२) मा छोरीको डोरकिो क्रियापदमा षष्ठी विभक्तिको प्रयोग भएको छ । क्रियापदमा रहेको 'को' ओकार लागेको छ ।

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतमा गीतको लय मिलाउन तथा अनुप्रास र तुकबन्दीबाट गीतमा मिठास थप्नका लागि कोशीय अर्थ नभएका भिन्न शब्दहरूको पनि प्रयोग गरिएको छ । यस क्षेत्रमा प्रचलित लोकगीतहरूमा ग्रामिण ठेट शब्द, अनुकरणात्मक शब्दहरूको पनि प्रयोग भएको छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूमा कोशीय अर्थ नभएका भिन्न शब्दहरू, अनुकरणात्मक शब्दहरू र ग्रामीण शब्दहरूको प्रयोग गरिएको छ । यसलाई तलका उदाहरणबाट हेर्न सकिन्छ :

(१) आहै आखुम बाखुम - देउसी रे

आहै सेलपुरी चाखुम - देउसी रे

(परिशिष्ट क-१०)

(२) धानमा रोप्ने हो छुपु र छुपु कोदो रोप्ने नल मात्रै

हो होइन तर आफैं विचार गर कोदो रोप्ने नल मात्रै

(परिशिष्ट क-६)

(३) कहाँ जन्मे राम लछुमन कहाँ जन्मिन् सीता माई

आलु र तामा हरे राम राम कहाँ जन्मिन् सतिा माई

(परिशिष्ट क-२१)

माथि उदाहरण (१) मा 'बाखुम' र 'चाखुम' क्रियापदमा अनुप्रास मिलाउनका लागि कोशीय अर्थ नभएका भिन्न शब्दको प्रयोग भएको छ । उदाहरण (२) मा छुपु र छुर्पु जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको छ । उदाहरण (३) मा 'लछुमन' जस्ता कथ्य शब्दहरूको प्रयोग भएको छ ।

नेपाली भाषाका प्रयोगका निपात तुलनातमक रूपमा निकै नै प्रयोग गरिन्छ भने लोकगीतमा थेगोको प्रयोग गरिन्छ । थेगो निपात वर्गकै सानो उपवर्ग हो । लोकगीतको बिचबिचमा आउने शब्दलाई रहनी, कथन, वा थेगो पनि भनिन्छ । यस्ता शब्दहरू कति सार्थक हुन्छन् भने कतिको शब्दार्थ खुट्याउन गाह्रो पनि पर्न सक्छ । यिनमा केही सम्बोधनका रूपमा देखिन्छन् र केही चाहिँ अनुकरणात्मक र उद्‌गारबोधक शब्द पनि हुन्छन् । यस्ता कथन र रहनीको गीतको प्रवाह र छन्द निर्माणमा महत्वपूर्ण भूमिका खेल्छन् (बन्धु, २०५८, पृ. ११६) । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली गीत सङ्कलितहरूमा रहेको थेगो तलका उदाहरणमा प्रस्तुत गरिएको छ :

(१) औंसीको दिन – गाई तिहारो भैलो

(२) आहै

(३) काँ देखि आयौ तिमी

(४) वनमा जाउँला काली काठ खाउला

(५) अलि वर हे माया सरन यता

(६) वारी खोला सुन्य सान्य

(७) सेतो सेतो कमेरो माटो

(८) आलु र तामा हरे राम राम

माथि उदाहरणमा ए हे जस्ता छुट्टै अर्थ नभएको र बाँकी थेगाहरू गीतसँग सम्बन्धित नै भएर आएको छ । ए औंसीको दिन गाइतिहारो भैलो गीतसँग सम्बन्धित भएर आएको छ । यसैगरी माथि उदाहरणमा जाउँला खाउँला, सेतो सेतो, हरे राम राम जस्ता थेगाहरू गीतसँगै सम्बन्धित भएर आएको पाइन्छ । यस क्षेत्रमा कतिपय गीतहरूमा थेगोको प्रयोग नगरिकनै गाइएको पाइन्छ ।

### ४.५.२ शैलीय विन्यास

कुनै पनि विधाको प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । लोकगीतमा शैली भनेको लोकगीत गाउने तरिका हो । लोकगीतमा लोकशैलीको प्रयोग भएको हुन्छ । एउटा लोकगीतलाई अर्को लोकगीतबाट भिन्न बनाई शैलीले आफ्नो पहिचान प्रष्ट्याउने कार्य गर्दछ । लोकगीत साधारण शैलीको प्रयोग गरी प्रस्तुत गरिन्छ । चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूमा पनि यस्तै साधारण शैलकिो प्रयोग भएको पाइन्छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूलाई शैलीविज्ञानको पद्धतिअनुसार चयन विचलन र समानान्तनरताका आधारमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

**(१) चयन**

चयन भनेको विकल्पहरूको छनोट हो । शैली अन्तर्गत चयनको भाषिक एकाइको छनोटलाई बुझाउँछ । भाषिक एकाइका विभिन्न विकल्पहरू मध्येबाट उपयुक्त भाषिक एकाई छनोट गर्नु नै चयन हो । उपलब्ध विकल्पहरू मध्ये वा पर्यायवाची मध्ये एउटा एकाइको छनोट (शर्मा र लुइटेल, २०६३ : पृ. ७५-७७) । चयनका दृष्टिले यस शोधप्रबन्ध सम्पन्न गर्न सङ्कलित लोकगीतहरूको अध्ययन गर्दा रूपात्मक तहमा रहने पर्यायवाची शब्दको छनोटका क्रममा विभिन्न शब्दमध्ये सामान्य जनजीवनमा भिजेका सरल रूपमा चयन गरिएको छ । यस कुरालाई तलको उदाहरणले पुष्टि गरिएको छ ।

(१) निधारमा लगाउने बाटुली टिकी
शिरमा लाउनी शिर फूल
निधारमा लगाउने बाटुलो टिको
गाजलको लाउनी कोश

(परिशिष्ट क-६)

(२) घाँस जाँदा हँसिया छ हातमा
बा, आमाको आँसु छ काखैमा

(परिशिष्ट क-११)

(३) यो घरमा रमाइलो छ भनी
आको म त भिर पहिरो नभनी

(परिशिष्ट क-२४)

माथि प्रस्तुत उदाहरणमा सामान्य जनजीवनमा प्रयोग हुने शब्दहरूको विभिन्न विकल्पहरूमा उपयुक्त भाषिक एकाइको चयन गरिएको छ । उदाहरण (१) मा निधार (ललाट) शिर टाउको जस्ता पर्यायवाची शब्दको प्रयोग गरिएको छ । उदाहरण (२) मा हातमा, हस्त, बा पिता, जनक, आमा, जननी, माता, जस्ता शब्द चयन गरिएको छ ।

### (२) अग्रभूमीकरण

गीतको कुनै अंशमा पुनरावृति वा नियमको अतिक्रमणद्वारा गरिने सुन्दरताको सिर्जना नै अग्रभूमिकरण हो (शर्मा र लुइटेल, २०६३, पृ. ७७) । अग्रभूमीकरणले प्रचलित नियमको पालना र उल्लङ्घन गरी शैली निर्माण गर्छ । यहाँ चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतमा रहेको शैलीय विन्यासको अध्ययनका क्रममा लोकगीतमा रहेको विचलन र समानान्तरताको विश्लेषण गरिएको छ ।

### (क) विचलन

प्रचलित नियमको उल्लंघन अतिक्रमणबाट गरिएको सौन्दर्यको सिर्जना नै विचलन हो । विचलनमा भाषाका सामान्य नियमको अर्थपूर्ण अतिक्रमण गरिन्छ । तर अज्ञानताका कारणले भएको त्रुटिपूर्ण भाषिक प्रयोग विचलन होइन (लुइटेल, २०६२, पृ. ७९) । विचलन कोशीय, व्याकरणिक, वर्णनात्मक, आर्थीगत भाषिकगत, प्रयुक्त र लेखिमिक गरी ७ प्रकारका हुन्छन् । (विचलनले भाषाको मानक नियम वा रूपको अर्थपूर्ण अतिक्रमण वा उल्लंघन गरी लोकगीतमा सौन्दर्य सिर्जना गरिन्छ । नियमको अतिक्रमण गरेर भए पनि गीतमा सुन्दरताको सिर्जना गरिने हुनाले यउसले शैलीको निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । विचलनका दृष्टिले चाँगुनाराण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूमा सुन्दरताको सिर्जना र लय निर्माणका लागि विचलनहरू भएको पाइन्छ । यहाँ लोकगीतमा भएको विचलनलाई तलको उदाहरणले पुष्टि गर्छ :

(१) हातमा कान्छा अछेता पाती
बिदावादी भएर जाऊँ साथी

(परिशिष्ट क-२४)

(२) बाबाको घरमुनि ठूलो रुख बडर
धेरै छोरी छन् भनेर हेला नगर

(परिशिष्ट क-१५)

(३) नत फूल नत फूल, मखमली फूल

मेरा दाजु/भाई घरमा छैनन् कसले लाउला फूल

(परिशिष्ट क-१२)

माथि प्रस्तुत उदाहरणका पङ्क्तिहरू उदाहरण (१) मा 'अक्षता' शब्द 'अछेता' भएको छ । उदाहरण (२) मा 'बढेर' शब्द बडर भएको छ । त्यसैगरी उदाहरण (३) मा 'नफूल' शब्दलाई नत फूल बनाएर प्रस्तुत गरिएको छ । यी उदाहरणमा बाहेक पनि यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित गीतहरूमा विभिन्न स्थानमा कोशीय शब्दको भिन्न रूप बनाएर प्रस्तुत गरिएको पाइन्छ । हाम्रो लोकसमाजमा लोकगीत सामान्य ग्रामीण मानिसले गाउने हुनाले र लोकगीतको संरक्षण कथ्य रूपमा भन्ने र सुन्ने परम्परामा रहेको हुनाले यहाँ कोशीय शब्दहरूको विकल्पमा अन्य शब्दहरूको प्रयोग भएको छ । ती अन्य शब्दहरूले लोकगीतमा सुन्दरताको सिर्जना तथा लयमा भूमिका खेलेका छन् ।

**(ख) समानान्तरता**

शैली निर्माणका क्रममा विचलनलाई अनियमितताका रूपमा र समानान्तरतालाई अतिरिक्त नियमितताका रूपमा लिने गरिन्छ (लुइटेल, २०६२, पृ. ९८) । कुनै पनि कृतिमा भाषिक एकाइको नियमित पुनरावृत्तिलाई नै समानान्तरता भनिन्छ । समानान्तरता विचलनको विपरीत कुरा हो । विचलनमा नियमहरूको पालना पुनरावृत्तिद्वारा सौन्दर्यको सिर्जना गर्ने कार्यलाई बाह्य समानान्तरता भनिन्छ । यस्तो समानान्तरता वर्णात्मक, रूपतात्विक तथा वाक्यात्मक तहमा हुन्छ । आन्तरिक समानान्तरता भनेको आर्थी समानान्तरता हो । यो अर्थ तहमा हुन्छ र अर्थको पर्यायवाची वा विपरीतार्थी रूपरेखा पर्छ ( लुइटेल, २०६२, पृ. १०८) ।

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूमा बाह्य तहमा समानान्तरता पैदा भएको तथ्य तलका उदाहरणले पुष्टि गर्छन् :

(१) जीवन बिताइ गह्रो भो बाँच्न नि- २

यस्तो जीवन सकिन्न साँच्न नि- २

(परिशिष्ट क-५)

(२) घाँसै काट्ने त्यो पारी पाखामा- २

(सौता नल्याउ छोरो छ काखमा) - २

(परिशिष्ट क-५)

(३) डाँडै काटी जाउ भनी ठूलीले - २

(रेलको भाडा पुग्दैन फुलीले) - २

(परिशिष्ट क-२४)

माथि उदाहरणमा प्रस्तुत पङ्क्तिहरूमा समानान्तरता पाइन्छ । उदाहरण (१) मा 'नी' ध्वनिको पुनरावृत्ति पाइन्छ । उदाहरण (२) मा 'मा' ध्वनिको पुनरावृत्ति पाइन्छ र उदाहरण (३) मा 'ले' ध्वनीको पुनरावृत्ति भएको छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित गीतहरूमा माथि उदाहरणमा प्रस्तुत बाहेक पनि धेरै गीतहरूमा ध्वनि वर्ण तथा शब्द वा वाक्यका तहमा समानान्तरता देखिन्छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित गीतहरूमा थेगोको पुनरावृत्ति स्थायीको आंशिक वा पूर्ण पुनरावृत्ति स्थायीको आंशिक वा पूर्ण पुनरावृत्ति समान खालका ध्वनिहरूको एक वा अनेक पटकको पुनरावृत्ति देखिन्छ । यसमा रहेको पुनरावृत्तिहरूले गीतको बाह्य रूपमा सुन्दरता थपेको छ ।

### ४.५.३ बिम्ब र प्रतीकको प्रयोग

बिम्ब भनेको कुनै पनि शब्द वा सन्दर्भ ग्रहण गरेपछि मानसपटलमा बन्ने मानसिक तस्विर हो । कुनै पनि वस्तुको स्वरूपलाई जनाउने मानसिक चित्र वा मानस्पटलमा उत्पन्न हुने वस्तु बारेको अवधारणा एवं आकृति जनाउने भाषिक विधानलाई बिम्ब भनिन्छ । बिम्बले साहित्यिक कृतिलाई आर्थिक र उद्दीप्त पार्ने र भावलाई संवेदनशील तथा वस्तुलाई दृश्यमान बनाउने कार्य गर्छ । बिम्ब, स्रोत वा पाठकमा भएको अनुभूतिको व्यञ्जन पनिह ो (लुइटेल, २०६२, पृ., १६४-१६५) । यसले कुनै पनि वस्तुको स्वरूपलाई जनाउने मानसिक चित्र वा मानस्पटलमा उत्पन्न हुने वस्तुको बारेमा आकृति एवं अवधारणा बनाउँछ । यसले कुनै पनि कृतिलाई मार्मिक र मर्मस्पर्शी पार्ने र भावलाई संवेदनशील तथा वस्तुलाई दृश्यमान बनाउने कार्य गर्छ । कृतिमा रचनाकारले कुनै पनि वस्तु परिवेश वा घटनालाई चित्रमय बनाएर प्रस्तुत गर्छ र स्रोत वा दर्शकलाई मर्माहित बनाउँछ । लोकगीतमा पनि यस प्रकारको बिम्ब र प्रतीकहरू प्रयोग भएको हुन्छ । लोकगीतमा प्रयोग भएको बिम्ब प्रतीक भनेको गीतका शब्द र चित्रमय मिठो भाषा हो ।

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूमा सहज प्रकारको बिम्ब योजन प्रयोग भएको देखिन्छ । यस क्षेत्रमा प्रचलित रहेका यी प्रतीकात्मक संरचना भएका लोकगीतलाई सौन्दर्ययुक्त बनाउन विभिन्न बिम्बहरूको प्रयोग गरिएको छ । यस भेगका लोकगीतहरूमा प्रशस्त बिम्बहरू रहेका छन् । यसलाई तलका उदाहरणले प्रष्ट्याउँछः

(१) हल्लीमा हल्ली बारीमा आयो

बगाइ ल्यायो के गरौं

अर्काको घरमा आफ्नो हिम्मत छैन

नरोएर के गरौं

(परिशिष्ट क-४)

(२) साँगाको भन्छन् हो रातो माटो

ठिमी टारे कमेरो

हो होइन तर आफैं विचार गर ठिमी टारे कमेरो

(परिशिष्ट क-६)

(३) धेरै बाट्यौं कुच्चा नाम्ला धेरै बाट्यौ दाम्ला

धेरै आयौ बुढापाका धेरै आयौ कुच्चा

(परिशिष्ट क-२)

माथि प्रस्तुत उदाहरणमा (१) मा बारीमा हल्ली बारमिा बगाएर ल्याएको प्रसङ्ग र अर्काको घरमा आएको चेलीलाई मन दुःखाउँदा रुनुपर्ने बिम्बको प्रयोग गरिएको छ । साँगाको रातो माटो र ठिमी तारे कमेरो भनी बिम्बको प्रयोग गरिएको छ । बाटिएका कुच्चा नाम्ला र बुढापाका फुच्चाले बिम्ब र प्रतीक दुवैलाई प्रस्तुत गरिएको छ । माथि उदारहणमा प्रस्तुत गरिएको गीतमा मात्र नभई यस क्षेत्रमा प्रायः गीतहरूमा शाब्दिक बिम्ब रहेको छ । यस्ता बिम्बले मानिसको जीवनयापनमा आइपर्ने सम्पूर्ण क्रियाकर्म सुख दुःखलाई सुन्दर रूपमा वर्णन गर्छन् ।

### ४.५.४ लयविधान

स्वरको आरोह अवरोहको विशेषक्रम वा प्रवाहलाई लय भनिन्छ । लयले नै लोकगीतलाई सौन्दर्य प्रदान गर्छ । लय वा भाका भनेको लोकगीतको स्वर गठन हो । एउटा गीतलाई विभिन्न लय वा भाकामा गाउन सकिन्छ । लोक जीवनमा गीत गाउने खास शैली नै भाका हो (बन्धु, २०५८, पृ. ११७) । लयले नै लोकगीतलाई जीवन प्रदान गर्छ । लोकगीतमा लय, गति, यति, विराम आदिको पारस्पारिक संयोगबाट उत्पन्न ध्वनि प्रवाहको ढाँचा हो । लयले नै गीतको भाकालाई समातेर अभिव्यक्त हुने भएकोले लोकगीतको सिर्जना र गायनमा लय प्रमुख भूमिका हुन्छ । लय कविता वा गीतमा ध्वनिप्रवाहको ढाँचा हो जुन ध्वनिको प्रवाह र यसको गति यति बिराम आदिको पारस्पारिक संवेगबाट उत्पन्न हुन्छ । विशेषतः आवृत्तिबाट लयात्मक हुने हुँदा लयको स्वरूप आवृत्तिमूलक हुन्छ भन्ने मानिएको छ (लुइटेल, २०६२, पृ. २७४) । लोकगीत गेय अभिव्यक्ति हुनाले यसमा लयको भूमिका महत्वपूर्ण हुन्छ । लोकगीतमा प्रयोग भएको लयको सुमधुर्ताले मानिसलाई आकर्षण गर्छ भने लय मिठासयुक्त छैन भने त्यस्तो गीत लोकप्रिय पनि बन्दैन र लोप भएर जान्छ । किनकि यस्ता गीतहरू मौखिक रूपमा अनुसरण हुँदै पुस्तान्तरण हुँदैन । चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूलाई लयका आधारमा हेर्दा यी गीतहरूका लोकलयका विविध रूपहरूमा संरचित भएका छन् । यस क्षेत्रमा प्रचलनमा रहेका लोकगीतहरूलाई लयका आधारमा हेर्दा यी गीतहरूका विभिन्न मौलिकता भएका भएका लोकलयको प्रयोग देखिन्छ । यसलाई तलका उदाहरणले पुष्टि गर्छ ।

(१) नरोउ नरोउ ए दुलही नानी
काट्न होइन पाल्नलाई लैजानी

(२) घरै छेउको कटरको रुखले
आमा रुन्छिन् पानीको दुःखले

(३) यी सासुको छैन केही गुन पनि
सालको पातमा खटाउँछिन् नुन पनि

(परिशिष्ट क-२४)

माथि उदाहरणमा प्रस्तुत पङ्क्तिहरूमा उदाहरण (१) 'दुलही' शीर्षकको गीतमा समान अक्षर हुने सम संख्यायुक्त पङ्क्ति भएका लयको प्रयोग भएको छ । नरोउ नरोउ ए दुलही नानीमा पनि पङ्क्ति मिलाएको छ । उदाहरण (३) मा यो सासुको छैननी गुन पनि मा दुवै पङ्क्तिमा बाट बाट अक्षरको सम अक्षर सङ्ख्यायुक्त पङ्क्ति भएका लयको प्रयोग भएको छ ।

अक्षर संख्यायुक्त पङ्क्ति भएका लयको आधारमा हेर्दा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोक गीतहरूमा सम अक्षर संख्यायुक्त भएका पङ्क्तिहरू कम र अर्ध सम तथा विसम अक्षर संख्यायुक्त भएका पङ्क्तिहरू बढी मात्रामा रहेको देखिन्छ । यस क्षेत्रमा रहेका लोकगीतहरूबारे यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूको लयमा छुट्टै खालका मिठासपन रहेको छ । यसमा सङ्कलित अधिकांश लोकगीत लामो भाका र लयमा हे ए, आहै हो भन्दै लेग्रो तानेर गाइने हुँदा त्यस लयसँग ताल पनि मिलेको हुन्छ र गीतलाई माधुर्यतापूर्ण बनाउँछ ।

### ४.५.५ अलङ्कार

अलङ्कार शाब्दिक अर्थ आभूषण वा गहना हो । अलङ्कारले कुनै पनि साहित्यिक रचनालाई सजाउने काम गर्छ । (२) कृतिभित्रका शब्द तथा अर्थमा चमत्कार वा सौन्दर्य ल्याउँछन् । कृतिमा भएका भावलाई अझै सुन्दर पार्नका लागि विभिन्न प्रकारका अलङ्कारको प्रयोग गरिन्छ । अलङ्कारको चर्चा ऋग्वेदमा पाइएकाले वैदिक युगदेखि नै यसको इतिहास प्रारम्भ भएको हो भन्न सकिन्छ । ऋग्वेदमा ' अलङ्कार' वा 'अलंकृत' जस्ता शब्द छैनन् तर अलंकृतकै समानार्थी 'अरङ्कृत' को प्रयोग भने भएको छ । यसै 'अरङ्कृत' शब्दमा पछिबाट 'र' का ठाउँमा 'ल' भएर अलङ्कृता वा अलङ्कृत हुन गएको बुझिन्छ (उपाध्याय, २०६७, पृ. ९३) । सौन्दर्य स्थापना गर्ने विधिको आधारमा अर्थालङ्कार र शब्दालङ्कार गरी अलङ्कार दुई प्रकारका हुन्छन् । अर्थमा चमत्कार हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । यो शब्दको अर्थमा आधारित हुने हुनाले शब्दको अर्थगत चमत्कार वा यसले साहित्यमा सौन्दर्यता प्रदान गर्छ । शब्दमा चमत्कार हुने अलङ्कारलाई शब्दालंकार भनिन्छ । शब्दको प्रयोगमा आधारित यस अलङ्कारले शब्द एवं ध्वनिको चमत्कारिक प्रयोगबाट साहित्यिक कृतिमा सौन्दर्य पैदा गर्छन् । शब्दालंकारमा शब्दको प्रधानता हुने हुँदा पर्यायवाची शब्द राख्दा यो अलङ्कार नासिन्छ । लोकगीतमा शब्दालंकार र अर्थालंकार दुवैको प्रयोग भएको पाइन्छ । लोकगीतमा प्रयोग भएको अनुप्रसादि अर्थालंकार दुवैको प्रयोग भएको पाइन्छ । लोकगीतमा प्रयोग भएको अनुप्रसादि अलङ्कारले संगीत योजना र लयलाई

मधुर बनाउँछन् र अभिव्यक्तिमा मिठास थप्छन् भने अर्थालङ्कारले भावलाई मार्मिक र सुन्दरता प्रदान गर्छ । लोकगीतमा यसको बाह्य सौन्दर्य शब्दालङ्कारले गर्छ । लोकगीतमा विभिन्न प्रकारका अनुप्रास अलङ्कारले ध्वनिमा माधुर्यता र लयमा मिठासता प्रदान गर्छ । लोकगीतमा अर्थमा चमत्कार सिर्जना गर्ने विभिन्न अर्थालङ्कारको पनि प्रयोग भएको हुन्छ । ललितपुर जिल्लाको यस क्षेत्रमा गाइने लोकगीतहरूमा भएको अलङ्कारलाई तलका उदाहरणले पुष्टि गर्छ :

(१) जन्मी छोरी चार भाइका वंशमा

मलाई पुग्नी भाग रैन्छ अंशमा

(२) घरै छेउको कटहरको रुखले

आमा रुन्छिन् पानीको दुःखले

(३) तिमी जानी म पनि जानी

यो देशको पानी नै नखानी

(परिशिष्ट क-११)

माथि प्रस्तुत उदाहरण (१) मा वंशमा र अंशमा शब्दले सुन्दर अन्त्यानुप्रास सिर्जना गरेको छ । उदाहरण (२) रुखले र दुःखले शब्दले गीतको अन्त्यानुप्रासमा सुन्दरता प्रदान गरेको छ । यसैगरी उदाहरण (३) मा जानी र नखानी शब्दले गीतको अन्त्यानुप्रासमा सुन्दरता प्रदान गरेको छ । यसैगरी यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित गीतहरूमा विभिन्न प्रकारका शब्दालंकारहरूको प्रयोग गरी अन्त्यानुप्रासमा सुन्दरता प्रदान गरेको छ ।

## ४.६ भाव र विचार

कुनै पनि रचना भाव वा विचार विनाको निर्माण हुन सक्दैन । लोकगीत निर्माणका निम्ति भाव वा विचार अनिवार्य तत्व हो । त्यसैले भाव वा विचारलाई लोकगीतको मुख्य वस्तु वा अन्तर वस्तु पनि भनिन्छ । लोकगीतमा लोकभावना र लोक विचारको अभिव्यक्ति गरिएको हुन्छ । यसमा लोकसमुदायको व्यापक अनुभवमा आधारित दुःख-सुख, हर्ष-विष्मात्, प्रेम-पीडा, उज्यालो-अँध्यारो, आँसु-हाँसो, विजय-पराजय, उन्नति-अवनति, मिलन-वियोग, बेथा-वेदना आदिको सरल, सहज, स्वभाविक र प्रभावकारी उद्‌गार व्यक्त भएको हुन्छ । यसमा वैयक्तिक भाव वा विचारको कुनै स्थान हुँदैन (शर्मा र लुइटेल, २०६३, पृ. ७५) ।

लोकगीत अशिक्षित अपठितहरूको लोकसमुदाय माझमा जन्मिएर हुर्केका बढेका हुन्छन् । यसमा शिक्षित वर्गको सहभागिता नहुने हुँदा यसमा समग्र अनुभव र अनुभूतिहरू, सुख-दुःख, हाँसो-आँसु, मिलन-विछोड, जीत-हार, हर्ष-विस्मात, धनी र गरिबका क्रियाकलाप, गाउँवेसी, हिमाल, पहाड, मेलापात, उकाली-ओराली, आपत-वित, जात्रा, पर्व, शासन व्यवस्था, स्वतन्त्र, निरङ्कुशता राष्ट्रियता आदिको अभिव्यक्ति सरल सरस र ठेट भाषामा अभिव्यक्त हुन्छ ।

यसमा प्रयोग हुने सरल, सरस र ठेट भाषाका कारण लोकगीतलाई जो कसैले सजिलै र सहजै बुझ्न र मनन गर्न सकिन्छ । लोकगीतमा लोकको व्यवहार, विश्वास र परम्पराले विशेष अभिव्यक्त पाएको हुन्छ । यसमा प्रस्तुत विषयले लोकसभ्यता र लोक संस्कृतिको प्रभावकारी दिग्दर्शन प्रस्तुत गरिएको हुन्छ । यसमा प्रस्तुत हुने भाव वा विचारहरू व्यक्तिगत भए तापनि विस्तारै यो सामूहिक भाव वा विचारको रूपमा लोकगीतमा प्रस्तुत गरिएको हुन्छ । यसमा प्रस्तुत हुने भाव वा विचारहरू व्यक्तिगत भए तापनि विस्तारै यो सामूहिक भाव वा विचारको रूपमा हुन्छ । लोकगीतमा प्रस्तुत भएको भाव वा विचारले नै लोकगीतलाई मूर्त रूप दिने र जीवन प्राप्त गर्ने हुँदा लोकगीतमा भाव वा विचारलाई अनिवार्य तत्वका रूपमा लिएको छ । कृतिमा रहेका यही आन्तरिक तत्वले नै मर्मस्पर्शी बनाउँछ । यही नै लोकगीतको केन्द्रीय कथ्य वा आत्मा हो ।

## ४.७ निष्कर्ष

विभिन्न साहित्यिक कृतिहरूलाई विधागत अध्ययन गर्दा तत्त्वका आधारमा अध्ययन गरिन्छ । साहित्यिक कृतिमा रहेका तत्त्वहरू भाव वा विचार, उद्देश्य, भाषाशैलीका आधारमा कृतिको अध्ययन गरिन्छ । लोकगीतको पनि यसै तत्वहरूका आधारमा अध्ययन गर्न सकिन्छ । लोकगीतमा भाव वा विचार अन्तर्गत गीतमा रहेका लोकसमुदायको व्यापक अनुभवमा आधारित दुःख, सुख, हर्ष, विस्मात, प्रेम, पीडा, उज्यालो, अँध्यारो, आँसु, हाँसो, विजय पराजय आदिको प्रकट भएको हुन्छ ।

यस शोधप्रबन्धमा सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतमा दुईवटा असारे गीत छन् । असारे गीतले चाँगुनाराण नगरपालिकामा प्रचलित नेपाली लोकगीतमा मनोरञ्जन दिनुका साथै प्रेम र सामाजिक संस्कारका विषयवस्तु झल्काउँछ । चाँगुनारायण क्षेत्रमा

सङ्कलित रत्यौली गीतले माया प्रेम, विरह र विछोडका विविध पक्षको भाव वा विचार अभिव्यक्ति भएको छ । लोकदोहोरी गीतमा माया प्रेमका भाव व्यक्त भएको छ भने तीजको बेलामा जानुपऱ्यो मेलामा गीतले माइत जान नपाएको र माइत जानलाई सासुसँग विदा माग्दा बचन लगाएका कुरा व्यक्त गरिएको छ । सङ्कलित घाँसे गीतले घाँस काट्न जाँदा आफूले भोग्नु परेका पीडा भाव र पढ्न नपाएको गुनासो व्यक्त भएका छन् । यस क्षेत्रमा सङ्कलित तिहार गीतले आफ्ना दाजुभाइ प्रदेश जाँदा तिहार जस्तो महान पर्वमा आफ्नो बारीमा फुल्ने फूललाई पनि नफुल्ने आग्रह गरेकोले चाँगुनारायण क्षेत्रमा प्राचीन समयदेखि नै विदेशीने चलन रहेको र घरपरिवारले विछोडका पीडा भोगेका कुरा प्रस्तुत गरिएको छ । चाँगुनारायण क्षेत्रकै तिहारमा गाइने भैली र देउसी गीतले सामाजिक भाव व्यक्त भएका छन् । कुनै पनि साहित्यिक कृति विना उद्देश्य रचना गरिँदैन । यसले लोकगीतको पनि आफ्नै उद्देश्य रहेका हुन्छन् । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित गीतहरूमा भगवान्प्रतिको सेवा भावको उद्देश्य मनोरञ्जनको उद्देश्य सामाजिक यथार्थताको प्रकटीकरण गर्ने उद्देश्य लोकमङ्गल जस्ता उद्देश्यहरू पाइन्छ । अन्य साहित्यिक विधा जस्तै– लोकगीत पनि भाषिक कला हो । यसमा सामान्य बोलचालको भन्दा पृथक किसिमको भाषाको प्रयोग हुन्छ । स्थान अनुसार लोकगीतमा भाषिक तथा भाषिकागत विविधता रहेको हुन्छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित धेरैजसो गीतहरूमा परम्परादेखि भन्ने र सुन्ने भाषाको प्रयोग भएको छ । यस क्षेत्रमा प्रचलित लोकगीतहरूमा गीतलाई माधुर्यता बनाउन उपयुक्त शब्द चयन भएको छ । यसैगरी सङ्कलित लोकगीतहरूमा विचलन र समानान्तर पनि रहेको छ भने बिम्ब, प्रतीक, लय विधान अलङ्कार जस्ता गीतलाई सौन्दर्य प्रदान गर्ने तत्वहरूको पनि प्रयोग भएको छ । यस शोधप्रबन्धका लागि सङ्कलित गीतहरूमा अक्षर संख्याको आधारमा समान अर्थ समान तथा असमान अक्षर संख्या भएका पंक्तिले निर्मित विविध लोकलयहरू प्रयुक्त छन् ।

# पाँचौ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधप्रबन्ध पाँच परिच्छेदमा संरचित गरिएको छ । यस शोधप्रबन्धको पहिलो परिच्छेदमा शोध परिचय प्रस्तुत गरिएको छ । यस शोध परिचयमा विषय परिचय, समस्या कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य, सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोध विधि र शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । शोधको शीर्षकलाई विषय परिचयमा परिभाषित गरी पूर्व कार्यका आधारमा समस्याको कथनको निर्धारण गरिएको छ ।

यिनै समस्या कथनका आधारमा चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतको वर्गीकरण विधागत आधारमा विश्लेषण गर्ने उद्देश्य रहेको कुरा उल्लेख गरिएको छ । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि मूलभूत रूपमा सम्बन्धित क्षेत्र र विषय निकट भएर यसभन्दा अघि गरिएको अध्ययन र विषयसँग सम्बन्धित रहेर अग्रजहरूको पुस्तक, लेख, रचनालाई पूर्वकार्यको रूपमा समीक्षा गरिएको छ । यस शोधप्रबन्धको शीर्षकसँग सम्बन्धित क्षेत्र र विषय निकट भएर यसभन्दा अघि गरिएको अध्ययन र विषयसँग सम्बन्धित क्षेत्र र विषय निकट भएर यस भन्दा अघि गरिएको अध्ययन र विषयसँग सम्बन्धित रहेर अग्रजहरूका पुस्तक, लेख रचनालाई पूर्वकार्यको रूपमा समीक्षा गरिएको छ ।

यस शोधप्रबन्धको शीर्षकसँग सम्बन्धित अध्ययनहरू लोकगीतको सैद्धान्तिक पक्षको अध्ययन वर्गीकरण तथा लोकगीतको विश्लेषण गर्न सहयोगी भए पनि चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूको विश्लेषणमा केन्द्रित नभएकाले यस क्षेत्रमा प्रचलित लोकगीतका बारेमा अध्ययन हुन बाँकी रहेको प्रष्ट पार्दै यस रिक्ततालाई पूरा गर्न यो शोधप्रबन्ध सम्पन्न गरिएको छ । यस शोधप्रबन्धले चाँगुनारायण नगरपालिकाको लोपोन्मुख लोकगीतहरूलाई सङ्कलन गरी अध्ययन गरेको हुँदा प्रस्तुत शोधप्रबन्ध महत्वपूर्ण रहेको छ ।

यस शोधप्रबन्धले देशको लोकसम्पदा र संस्कृतिको संरक्षण र सम्बर्द्धनका निम्ति टेवा पुऱ्याउने हुनाले यो शोधप्रबन्ध औचित्यपूर्ण रहेको छ । शोधप्रबन्ध तयार गर्ने क्रममा चाँगुनारायण नगरपालिकाको नौ वटा वडाहरूबाट लोकगीतहरूको सङ्कलन तथा तिनको

विश्लेषणलाई शोधको भौगोलिक सीमा मानिएको छ । यस क्षेत्रबाट सङ्कलित लोकगीतहरूलाई विभिन्न आधारमा वर्गीकरण र विधागत आधारमा विश्लेषण गरिएको कुरा खुलाइएको छ । सामग्री सङ्कलनको लागि पुस्तकालयीय विधि र क्षेत्रीय अध्ययन विधि र सामग्री सङ्कलनको आधारमा वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरी सङ्कलित सामग्रीको विश्लेषण गर्ने तथ्य स्पष्ट पारिएको छ ।

शोधप्रबन्धको तेस्रो परिच्छेदमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको वर्गीकरण प्रस्तुत गरिएको छ । यहाँ लोकगीतका वर्गीकरण सम्बन्धी विभिन्न विद्वान्को एक मत नरहेको कुरा प्रस्तुत गरिएको छ । यसो हुँदा हुँदै पनि यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित लोकगीतहरूलाई निम्न आधारमा वर्गीकरण गर्ने तथ्य प्रस्तुत गरिएका छन् । क्षेत्रीय आधारमा, बनोटको आधारमा-भावप्रधान, घटना प्रधान, जातीय आधारमा, आकारका आधारमा, लघुतम र लघु प्रस्तुतिका आधारमा- कण्ठ्यगीत, नृत्यगीत, बाद्यगीत र नृत्यवाद्य गीत, उमेरका आधारमा– बालगति, युवा गीत र वृद्धगीत, समयका आधारमा- सामयिक सदाकालिक, विषयका आधारमा– धार्मिक, सांस्कारिक लिङ्गका आधारमा– नारीगीत, पुरुषगीत, नारी-पुरुषगीत र सहभागीका आधारमा– एकलगीत दोहोरी गीत र सामूहिकका आधारमा लोकगीतको वर्गीकरण गर्ने तथ्य स्पष्ट पारिएका छन् ।

चाँगुनारायणको भौगोलिक क्षेत्र ऐतिहासिक धार्मिक स्थलको पनि वर्णन गरिएको छ । यस शोधप्रवन्ध सम्पन्न गर्नका लागि लोकगीतहरू सङ्कलित गरिएको छ । ती गीतहरू सबै भावप्रधान रहेका छन् । यसरी सङ्कलित लोकगीतहरूमा तीजगीत क्षेत्री बाहुनले मात्र गाउँछन् । यस शोधप्रबन्ध सम्पन्न गर्नका लागि सङ्कलित छबिसवटा लोकगीतहरूमा कण्ठ्यगीत, नृत्यगीत, उन्नाइसवटा वाद्यगीत रहेका छन् । यस शोधप्रबन्धका लागि सङ्कलित गीतहरूमा सामयिक र सदाकालिक रहेका छन् । दुई बालगीत, दुईवटा असारे गीत, ६ वटा रत्यौली गीत, एउटा सिलोक, दुई वटा घाँसेगीत, एउटा बाह्रमासे गीत, एउटा प्रार्थना, तीनवटा तिहार गीत, सातवटा तीज गीत, चारवटा धार्मिक गीत रहेका छन् । यसरी यस शोधप्रबन्धको दोस्रो परिच्छेदमा विभिन्न विद्वान्हरूको लोकगीतको वर्गीकरण गरिएको छ ।

शोधप्रबन्धको चौथो परिच्छेदमा उद्देश्य उपशीर्षकमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको उद्देश्यलाई प्रस्तुत गरिएको छ । यस उपशीर्षकमा यस क्षेत्रको प्रचलित लोकगीतको उद्देश्यलाई प्रस्तुत गरिएको छ । यस उपशीर्षकमा यस क्षेत्रको

प्रचलित लोकगीतहरूको उद्देश्य पक्षको विश्लेषण गरिएको छ । कुनै पनि साहित्यिक कृति उद्देश्यविहिन रचना नहुने तथ्य प्रस्तुत गर्दै लोकगीतको प्रयोजनलाई त्यसको उद्देश्य मानेर मनोरञ्जन प्रदान गर्नु, शिक्षा वा उपदेश प्रदान गर्नु, लोकमङ्गलको कामना गर्नु यथार्थताको प्रकटीकरण गर्नुलाई लोकगीतको मुख्य उद्देश्य मानिएका छन् । यस क्षेत्रबाट सङ्कलित लोकगीतहरूको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । पर्वगीतको रूपमा रहेको देउसी भैली गीत मनोरञ्जनयुक्त गीत हो भन्ने तथ्य यस उपशीर्षकमा प्रस्तुत गरिएको छ । नेपाली समाजमा धेरै युवाहरू विदेशीएका युवाहरूलाई चाडपर्वको समयमा परिवारले कमी महसुस गरी दुःखी भइरहेको समयमा गाउँका युवायुवतीहरू मादल, खैंजडी लिएर नाचगान सहित देउसी भैली खेल्दा ती घरपरिवारले दुःख बिर्सेर मनोरञ्जन लिइरहेका तथ्य प्रस्तुत गरिएको छ । समाजमा भएका विकृति र विसङ्गतिहरूलाई हटाउँदै नैतिक शिक्षा दिने अर्ति उपदेश दिने उद्देश्य लोकगीतमा भएको तथ्यलाई त्यस उपशीर्षकमा प्रस्तुत गरिएको छ । लोकगीतको अर्को महत्वपूर्ण उद्देश्य भनेको लोकमङ्गलको कामना गर्नु हो । लोकगीत लोकको साझा सम्पत्ति हो । यो लोक समाजमा नै जन्मन्छ, हुर्कन्छ र सदियौँसम्म जीवित रहन्छ । त्यसैले लोकगीतले व्यक्तिविशेषको हति नभएर लोकसमाजको हितकारी कुरा प्रस्तुत गरिन्छ । गीत मार्फत् नै लोकको मङ्गलको कामना गरिन्छ भन्ने तथ्य यहाँ प्रस्तुत गरिएको छ । यस उपशीर्षकमा लोकगीतले समाजको यथार्थताको प्रकटीकरण गर्ने उद्देश्य भएको तथ्यलाई प्रस्तुत गरिएको छ ।

लोकगीत भनेको लोकसमाजको ऐना हो । जहाँ लोकसमाजमा रहेका हर्ष, विस्मात, सुख, दुःख, आँसु, हाँसोको यथार्थताको प्रकटीकरण भएको हुन्छ भन्ने तथ्यलाई यहाँ प्रस्तुत गरिएको छ । तिहारको नत फूल नत फूल गीत मखमली, गोदावरी सयपत्री फूललाई यथार्थ रूपमा तथ्यसहित प्रस्तुत गरिएको छ । यसैगरी घाासे गीत र तीजगीत मार्फत् समाजमा हुने छोरा छोरीको भेदभावलाई तथ्यको रूपमा यस उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

यस शोधप्रबन्धको चौथो परिच्छेद भाषाशैली उपशीर्षकमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको भाषाशैलीलाई प्रस्तुत गरिएको छ । यसमा भाषाशैली विन्यासमा रहने मुख्य तत्वहरू भाषा, शैली, लय, बिम्ब, प्रतीक, अलङ्कार आदिको आधारमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली गीतको भाषाशैलीय विन्यासको विश्लेषण गरिएका छन् । लोकगतिमा भाषाशैलीय विन्यासभित्र भाषा र यसको

व्यवस्था मौलिकता प्रस्तीकरणको शैली र सौन्दर्य उत्पादनको प्रक्रिया, बिम्ब, प्रतीक, लय, अलङ्कार जस्ता शैलीय पक्षको समेत अध्ययन गरिएको छ । भाषाशैलीय विन्यासको विश्लेषणका आधारमा भााषिक व्यवस्था शैलीय विन्यास, लयविधान, बिम्ब, प्रतीकको प्रयोग र अलङ्कार विधानलाई फरक-फरक उपशीर्षकमा विश्लेषण गरिएको छ । कृतिमा रहेको भाषिक संरचना अन्तर्गत यस्का ध्वनिव्यवस्था, शब्दव्यवस्था, अर्थव्यवस्था रहेको तथ्य प्रस्तुत गरिएको छ । साहित्यमा शैलीलाई कृतिमा सौन्दर्य स्थापना गर्ने तत्वको रूपमा स्पष्ट पारिएको छ । भक्तपुर नगरपालिकामा प्रचलित नेपाली लोकगीतको भााषिक शब्द व्यवस्था विशिष्ट रहेको छ । यी गीतहरूमा नेपाली भाषाको साथै परम्परित श्रुतिमा हस्तान्तरित भाषाको प्रयोग भएको छ ।

यस क्षेत्रमा लोकगीतमा मिठास सौन्दर्य प्रदान गरी लय मिलाउन अनुप्रास र तुकबन्दीमा कोशीय अर्थ नभएका शब्दहरू प्रयोग गरिएको तथ्य प्रस्तुत गरिएको छ । यी गीतहरूमा एकै, हो आहै जस्ता थेगाहरूको प्रयोग भएको पाइन्छ भने कतिपय गीतहरूमा प्रयुक्त लोकलयको आफ्नै मौलिकता रहेको र बिम्ब, प्रतीक एवम् अलङ्कारले गीतहरूलाई सुन्दर, मिठास र माधुर्य बनाएको तथ्य प्रस्तुत गरिएको छ ।

शोधप्रबन्धको पाँचौं परिच्छेदमा सारांश तथा निष्कर्ष शीर्षकमा सबै परिच्छेदको परिच्छेदगत सारांश र समग्रमा निष्कर्ष प्रस्तुत गरिएको छ । यस क्रममा सारांश उपशीर्षकमा यस शोधप्रबन्धमा रहेका सबै परिच्छेद र तेस्रो परिच्छेदको उपशीर्षकमा शोधप्रबन्धको सबै परिच्छेदको परिच्छेदगत निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी यस शोधप्रबन्ध चार परिच्छेदमा तयार भएको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधप्रबन्धको समस्याकथनमा उल्लिखित प्रश्नहरूसँग सम्बन्धसम्बद्ध सामाग्रीको विश्लेषण नै तेस्रो परिच्छेददेखि चौथो परिच्छेदसम्म गरिएको छ । विश्लेषणबाट प्राप्त निचोडलाई तल निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ :

(१) लोकगीतको वर्गीकरणमा विद्वान्हरूको एक मत पाइँदैन । त्यसैले लोकगीतमा रहेका मौलिकता र विविधतालाई समेट्ने गरी चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतलाई क्षेत्र, जाति, लिङ्ग, उमेर, सहभागिता, बनोट प्रस्तुति, विषयवस्तु, आकार

र समय गरी दशवटा आधारमा वर्गीकरण गर्नु उपयुक्त हुन्छ । क्षेत्रका आधारमा यी अधिकांश गीतहरू राष्ट्र रूपमा गाउने र केही केही यस क्षेत्रमा मात्र गाउने गीतहरू रहेका छन् । छबिस वटा सङ्कलित गीतहरूमा जातीय, लिङ्ग, उमेर आदिका आधारमा रहेका छन् । सङ्कलित गीतहरूमा दुई बालगीत, दुई असारे गीत, चार तीज गीत, बाह्रमासे, घाँसे, पर्वगीत, सिलोक आदि रहेका छन् ।

(२) चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूलाई विधागत विश्लेषण भाव वा विचार, उद्देश्य र भाषाशैलीको आधारमा गरिएको छ । कुनै पनि रचना भाव वा विचार बिनाको निर्माण हुन सक्दैन । लोकगीत निर्माणका निम्ति भाव वा विचार अनिवार्य तत्व हो । सङ्कलित लोकगीतमा रहेको प्रेम, विरह र सांस्कारिक पक्षको अभिव्यक्ति, भक्ति भाव पक्षको अभिव्यक्ति, चाडपर्व निहित अन्तरवस्तुको अभिव्यक्ति, लय भाव वा विचारको रूपमा विश्लेषण गरिएको छ । यस शोधप्रबन्धका लागि सङ्कलित लोकगीतहरूमा २ वटा असारे गीत, ४ वटा तीज, २ वटा घाँसे , २ बालगीत, पाँचवटा भजन भगवानप्रति भक्तिभावपूर्ण गीत छन् । यसैगरी सङ्कलित लोकगीतका तीनवटा गीतहरू चाडपर्वनिहित पर्वगीत रहेका छन् । कुनै पनि रचना वा कृतिको सिर्जना गर्दा निश्चित उद्देश्यका साथ गरिन्छ । लोकगीतको पनि आफ्नै उद्देश्य रहेको छ । यस क्षेत्रबाट सङ्कलित लोकगीतलाई लोकगीतको मनोरञ्जन प्रदान गर्ने, शिक्षा वा उपदेश प्रदान गर्ने, लोकमङ्गलको कामना गर्ने यथार्थताको प्रकटीकरण गर्ने जस्ता उद्देश्यहरूको आधारमा विश्लेषण गरिएका छन् । गाउँ घरमा विभिन्न परिस्थिति र अवसरमा मनोरञ्जन दिने मनोरञ्जन लिने र मनलाई बहलाउने उद्देश्यले लोकगीतहरू प्रस्तुत गर्ने गरिन्छ । चाहे विवाह, ब्रतबन्धमा गाउने दोहोरी होस् वा तीजगीत, तिहारको देउसी भैली वा सांस्कारिक गीत यी सबैको उद्देश्य भनेको मनोरञ्जन प्रदान वा मनबहकाउनका लागि नै हो । समाजमा भएका विकृति र विसङ्गतिहरूलाई हटाउँदै नैतिक शिक्षा दिने अर्ती उपदेश दिने साधनको रूपमा लोकगीतलाई प्रयोग गरिन्छ । लोकगीतले सरल र सरस भाषाको प्रयोग गरी समाजलाई शिक्षा वा उपदेश प्रदान गर्छ । लोकगीत व्यक्तिगत नभएर लोकसमाजको साझा सम्पत्ति हो । त्यसैले लोकगीतले लोकसमाजमा सत्यको विजय र असत्यको

पराजय प्रस्तुत गरेर लोक मङ्गलको बाटो प्रस्तुत गरेको हुन्छ । यसै गरी तीजगीतमा समाजमा हुने छोरा र छोरी बीचको विभेदलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । असारे गीतमा दिनभरी हिलोमा खेल्दा र निहुँरिएर काम गर्दाको थकानलाई भुलाउनका लागि मनोरञ्जनात्मक रूपमा प्रस्तुत गरिएको छ । यस शोधप्रबन्धमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरूलाई भाषाशैलीगत रूपमा अध्ययन गरिएको छ । भाषाशैलीमा रहने मुख्य तत्त्वहरू भाषा, शैली, लय, बिम्ब, प्रतीक, अलङ्कार आदिका आधारमा लोकगीतलाई विश्लेषण गरिएको छ । यस क्षेत्रमा प्रचलित लोकगीतलाई विभिन्न आधारमा विश्लेषण गरिएको छ । यस क्षेत्रमा रहेको लोकगीतहरूमा लोकगीतलाई सौन्दर्य प्रदान गर्नका लागि अनुप्रास र तुकबन्दीमा कोशीय अर्थ नभएका शब्दहरूको प्रयोग गरिएको छ ।

यी गीतहरूमा ए, हे, हो, है, आहै जस्ता छोटा थेगाहरू पनि प्रयोग भएको छ । अक्षर संख्याका आधारमा सङ्कलित गीतहरूमा सम, अर्धसम, विसम, अक्षर संख्यायुक्त पङ्क्ति भएका लयहरू प्रयुक्त भएका छन् । यी सङ्कलित लोकगीतहरूमा लोकभूमिबाटै स्वतः प्राप्त भएका बिम्ब, प्रतीकले मानवीय व्यवहार नारी वेदना आफन्तसँगको वियोगको बोध आदि विविध क्षणहरूको सुन्दर वर्णन गरेका छन् । यी गीतहरूलाई मिठासपूर्ण र गहन बनाउनका लागि जीवनको विभिन्न भोगाइहरूलाई सुन्दर ढङ्गले वर्णन गरिएका छन् । सौन्दर्य प्रदायक शैली, आलङ्कारिक बिम्ब निर्माण र परम्परित शब्द चयनले गीतलाई गाभिर्इ र सौन्दर्य थपि दिएको छ ।

समग्रमा चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरू लघु आकारका रहेका छन् । कुनै कुनै गीत लामो भए तापनि यसमा भएका शब्दहरूको पुनरावृत्तिले गर्दा यी गीतहरू पनि लघु आकारमै रहेको मान्न सकिन्छ । यस सत्रमा रहेका गीतहरू भावप्रधान र कण्ठ्य रहेका छन् । यस क्षेत्रमा प्रचलित गीतहरू धेरैजसो गीतहरू भगवानप्रतिको भक्तिभावपूर्ण रहेका छन् । यहाँ प्रचलित गीतहरूको विषय मायाप्रेम, धर्म, संस्कार, पर्व, विरह वा पीडा रहेको छ । यी गीतहरूको उद्देश्य मूलतः मनोरञ्जन प्रदान गर्नु, शिक्षा वा अर्ति उपदेश प्रदान गर्न लोकमङ्गलको कामना गर्नु र सामाजिक यथार्थताको प्रकटीकरण गर्नु रहेका छन् । यस्ता गीतहरूमा परम्परागत रूपमा श्रुतिपरम्परामा संरषित भाषाहरूको प्रयोग

भएको छ । यी गीतहरूमा विभिन्न विकल्पमध्ये उपयुक्त शब्द चयन गरिएका छन् । यस क्षेत्रका लोकगीतहरूमा सौन्दर्य उत्पादनका लागि वर्णात्मक, भाषिक विचलन र आन्तरिक समानान्तर पाइन्छ । गीतमा सौन्दर्य प्रदान गर्न शैलीय विन्यास, अलङ्कार बिम्ब आदिको प्रयोग गरिएको छ । सङ्कलित लोकगीतको परम्परित भाषिक प्रभाव ए, है, हो, आहै जस्ता छोटा र जलसागर केशवाय नन्द, सेतो सेतो कमेरो माटो, झल्को आउँछ नहिँड त्यो बाटो जस्ता लामा थेगोको प्रयोग तथा लयात्मक मौलिकता र भाषाशैलीगत विशिष्टता हुन् ।

यस शोधप्रबन्धको लागि सङ्कलित चाँगुनारायण नगरपालिकामा प्रचलित लोकगीतहरूमा परम्परागत शैलकिा साथै समाजको प्रतिबिम्ब देखिन्छ । यहाँका लोकगीतहरू परम्परित, मौलिक र ओजपूर्ण रहेका छन् ।

# परिशिष्ट - क

## चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतहरू

चाँगुनारायण नगरपालिकामा प्रचलित नेपाली लोकगीतको अध्ययन शीर्षकमा सम्पन्न शोधप्रबन्ध चाँगुनारायण नगरपालिकामा गएर विभिन्न स्रोत व्यक्तिहरूलाई प्रत्यक्ष भेटेर र पर्व जात्रामा सहभागी भएर, फोनको माध्यमबाट प्राथमिक सामग्रीको रूपमा लोकगीतहरू सङ्कलन गरिएको छ । ती सङ्कलित लोकगीतहरूलाई प्रस्तुतिका आधारमा वर्णानुक्रम अनुसार राखिएको छ ।

**१. इन्टुमिन्टु (बालगीत)**

इन्टुमिन्टु रन्जनमा

मेरो भाई पल्टनमा

स्कूलको पाले दाई

पहिलो घण्टी लगाइदेउ

टिनी टिनी टिन्नन

झ्याप

**स्रोत व्यक्ति**
सुस्मिता दाहाल
वडा नं. ३
उमेर : १६

## २. कहाँबाट आयौ

बेहुलीको घरपट्टीकाले गाउने : कहाँदेखि आयौ तिमी जन्ति कहाँ बस्छौ बास

तिमीहरूको खोकीमा प्रबुलो अट्क्यो कहाँबाट फेरछौ स्वास

बेहुलापट्टीकाले गाउँने : घरदेखि आयौं हामी जन्ती बेहुलकिो घरमा बास

हाम्रो खोक्रीमा प्रबुलो अट्क्यो नाकबाट फेरछौँ स्वास

बेहुली पट्टीकाले गाउँने : कतिबाट्यौ कुच्चा दाम्ला कति बाट्यौ नाम्ला

कति आयौ बुढा पाका कति आयौ फुच्चा

बेहुला पट्टीकाले गाउँने : धेरै बाट्यौँ कुच्चा नाम्ला धेरै बाट्यौ दाम्ला

धेरै आयौँ बुढापाका धेरै आयौँ फुच्चा

**स्रोत व्यक्ति**
पुष्पराज लामिछाने
वडा नं. ७
वर्ष : ८०

**३. गाइदिउँ (भजन)**

गाइदिउँ हरे राम

गाइदिउँ हरे राम

नारायणुको मन्दिरमा

गाइदिउँ हरे राम

बाल्मिकेश्वर मन्दिरैमा

गाइदिउँ हरेराम

बागेहिणी मन्दिरैमा

गिाइदिउँ हरेराम

जाल्पादेवी मन्दिरैमा

गाइदिउँ हरेराम

चाँगुनारायण मन्दिरै

गाइदिउँ हरेराम

**स्रोत व्यक्ति**
उपेन्द्र पुडासैनी, चाँगुनारायण
वडा नं. १,
उमेर : ८०

**४. घरै छेउ (घाँसे गीत)**

घरै छेउको कटहरको रुखले

आमा रुन्छिन् पानीको दु:खले

दिन्न छोरी आमाले भनिनन्

बाउले पनि घरकेटी हेरेनन्

हल्लीमा हल्ली बारीमा आयो

बगाइ ल्यायो के गरौं

अर्काको घरमा आफ्ने हिम्मत छैन

नराएर के गरौं ।

**स्रोत व्यक्ति**
भगवती दाहाल,
वडा नं. ३
वर्ष ७६

**५. घाँस काटेर (बाह्रमासे गीत)**

घाँस काटेर पुतली गाईलाई भो
दु:ख मलाई सम्पत्ति दाइभाइलाई भो- २
जन्मी छोरी चार भाइका वंशमा
मलाई पुग्नी भाग रैन्छ अंशमा
सातै डाँडा कटायौ बा मलाई
सम्झी सम्झी रोहीरहन्छु अबलाई-२
बाको लागि म एउटाी छोरी
जुनी भरी रोइरछु धरधरी- २
माइती घरमा म कान्छी छोरीको
हुन्छ मरन नाम्लो र डोरीको- २
मनको पिर मनमा नै लिनु
सोधे भने सञ्चै छ भन्दिनु - २
भाइ तिमी त्यो कलम सिउँरिदा
सधै रुन्छु घाँस काट्न निहुँरिदा - २
एउटी छोरी चार भाइको माजमा
हाल्देउ बुबा ल्याएर गाजामा- २
जीवन बिताइ गाह्रो भो बाँच्न नि
यस्तो जीवन सकिन साँच्न नि- २
तिमी जानी म पनि जानी
यो देशको पानी नै नखानी- २
आउनी भए आइजो भाइ घरैमा

पठाउँदैनन् खबरको भरमा- २

शिरको फूल ओइलायो धुपले

छैन कर्म के गरौँ रूपले- २

घाँसै काट्ने त्यो पारी पाखामा

सौता नल्याउ छोरा छ काखमा- २

**स्रोत व्यक्ति**
राधिका लामिछाने
वडा नं. ७
वर्ष ६०

### ६. छुपु र छुपु (असारे गीत)

धानमा रोप्ने हो छुपु र छुपु कोदो रोप्ने नलमात्रै- २

हो होइन तर आफैं विचार गर कोदो रोप्ने नल मात्रै- २

धानैमा काटे हो सरबटी गौ नै काटे ठोसारा- २

हो होइन तर आफै विचार गर गौ नै काटे ठोसारा- २

निधारमा लाउने हो बाटुलो टिकी शिरमा लगाउने शिरफूल

गाजलको लगानी कोश- २

हो होइन तर आफैं विचार गर गाजलको लगाउनी कोश-२

साँगाको भन्छन् हो रातो माटो ठिमी टारे कमेरो-२

हो होइन तर आफैं विचार गर ठिमी टारे कमेरो- २

धानमा रोप्ने हो छुपुमा छुपु, कोदो रोप्ने नल मात्रै

हो होइन तर आफैं विचार गर कोदो रोप्ने नल मात्रै- २

**स्रोत व्यक्ति**
चखली के.सी.
वडा नं. ६, चाँगुनारायण नगरपालिका
वर्ष : ७५

### ७. जय सागर (साँझमा दियो बाल्दाच गाउने गीत)

जय सागर केशव नन्द

दीप ज्योति ज्योति नमस्तुते

**स्रोत व्यक्ति**
देवकी पुडासैनी
वर्ष ७२
वडा नं. २

## ८. तीज गीत

तीजको बेलामा जानु पऱ्यो मेलामा

मै चेलीको आँसु झऱ्यो दैला ठेलामा

तीजको बेलामा बाबा लिन आउनुभो

सासु र नन्दज्यूले वचन लाउनु भो- २

तीजमा जानलाई कुन चाहिँ सारी लाउनी हो-२

बिदा दिनु सासु बजै कहिले आउने हो - २

भरे छोरो आउनेछ मलाई गाली गर्नेछ

पञ्चमीको भोली पल्ट आउनुपर्छ- २

**स्रोत व्यक्ति**
भगवती दाहाल
वडा नं. ३,
वर्ष : ७६

## ९. तीजको पञ्चमी गीत

सानो गेडी तिल गन्छन्- २

रन देवताको थान शिव रन देवताको थान शिव

ठूली गेडो मोति भन्छन् मनसुरा

घाम शिव मनसुराको घाम

घुमी घुमी सेवा लाउँला

सप्तऋषि थान शिव सप्त ऋषि थान- २

**स्रोत व्यक्ति**
राधिका लामिछाने
वडा नं. ७
वर्ष ६०

## १०. देउसी

| **भट्याउने** | **समूहमा भन्ने** |
|---|---|
| आहै मन मेरो भाइ हो | देउसी रे |
| आहै राम्ररी भन | देउसी रे |
| आहै स्वर मिलाइकन | देउसी रे |
| आहै वर्ष र दिनको | देउसी रे |
| आहै तिहारैमा | देउसी रे |
| आहै हजुरको | देउसी रे |
| आहै घर आँगनमा | देउसी रे |
| आहै आयौं हामी | देउसी रे |
| आहै हामी त्यसै | देउसी रे |
| आएका होइनौ | देउसी रे |
| आहै बलिमा राजाले | देउसी रे |
| आहै पठाएका | देउसी रे |
| आहै आखुम बाखुम | देउसी रे |
| आहै सेलपुरी चाखौं | देउसी रे |
| आहै रातो माटो | देउसी रे |
| आहै चिप्लो बाटो | देउसी रे |
| आहै घुम्दै फिर्दै | देउसी रे |
| आहै देउसी रे खेल्न | देउसी रे |
| आहै आएका हामी | देउसी रे |
| आहै केराको खम्बा | देउसी रे |
| आहै आठभाई जम्मा | देउसी रे |
| आहै भन भन भाइ हो | देउसी रे |
| आहै भन भन भाइ | देउसिरे |
| आहै स्वर मिलाइ कन | देउसिरे |

| | |
|---|---|
| आहै हामी त्यसै | देउसि रे |
| आहै आएका होइनौ | देउसि रे |
| आहै बलिमा राजाले | देउसि रे |
| आहै पठाएका | देउसि रे |
| आहै आखुम, बाखु | देउसि रे |
| आहै सेल, पुरी, चाखौं | देउसिरे |
| आहै यति ठूलो घरकी | देउसि रे |
| आहै यही हो त चाला | देउसि रे |
| आहै खोटो पैसा | देउसि रे |
| आहै बोक्नु कि टोक्नु | देउसि रे |
| आहै घरवेटी बाबा | देउसि रे |
| आहै घरबेटी आमा | देउसि रे |
| आहै थोत्रो गुन्द्री | देउसि रे |
| आहै तान्दै तान्दैनौ | देउसि रे |
| आहै दश भाइलाई | देउसि रे |
| आहै हजार हजार | देउसि रे |
| आहै पुग्नै पर्छ | देउसि रे |
| आहै यही घरको | देउसि रे |
| आहै घरबेटीज्यूले | देउसि रे |
| आहै माटोमा छुँदा | देउसि रे |
| आहै अन्न होओस् | देउसि रे |
| आहै घरमा सधैं | देउसि रे |
| आहै भरिपूर्ण होस् | देउसि रे |
| आहै ढुङ्गामा छुँदा | देउसि रे |
| आहै सुन चाँदी होस् | देउसि रे |

| | |
|---|---|
| आहै घरबेटीबाको | देउसि रे |
| आहै यसपाली | देउसि रे |
| आहै छोराको | देउसि रे |
| आहै बिहे होस् | देउसि रे |
| आहै यो घरमा | देउसि रे |
| आहै लक्ष्मीले | देउसि रे |
| आहै बास गवरुन् | देउसि रे |

**स्रोत व्यक्ति**
राजकुमार लामिछाने
वर्ष ४०
वडा नं. ६

## ११. नरोउँ नरोउँ (रत्यौली गीत)

नरोउँ नरोउँ ए दुलही नानी

मार्न होइन पाल्नलाई लैजानी- २

सात भाइ छोरा यही घरमा अटाए

एउटा छोरी थानकोट कटाए- २

नरोउ नरोउ ए दुलही नानी

मार्न होइन पाल्नलाई लैजानी

घाँस जाँदा हँसिया छ साथमा

बा-आमाको आँसु छ काखमा

नरोउ नरोउ ए दुलही नानी

मार्न होइन पाल्नलाई लैजानी

**स्रोत व्यक्ति**
ठाकुरप्रसाद लामिछाने,
वडा नं. ६
वर्ष ८०

**१२. नत फूल (तिहारको गीत)**

नत फूल नत फूल मखमली फूल

मेरो दाजु घरमा छैनन्

कस्ले लाउला फूल

सोही फूल फूलुला सोही फूल झरुला

तिम्रा दाजु आएपछि फेरी फुलुला

नत फूल नत फूल गोदावरी फूल

मेरो दाजु घरमा छैनन् कस्ले लाउला फूल

सोही फूल झरुला, सोही फूल फुलुला

तिम्रो दाजु आएपछि फेरी फूलुला

**स्रोत व्यक्ति**
सीता पनेरु
वडा नं. १
वर्ष ५५

**१३. बाँसको डोलामा (भजन)**

एक दिन त जाने हो संसार छाडेर
हृदय तोडेर मायाँ मारेर
दुई दिनका नातालाई घरमा छोडेर
बाँसको डोलामा लान्छन् खोलामा
धन र सम्पत्ति घरमै झोलामा
बाँसको डोलामा लान्छन् खोलामा
दुई दिनको नातालाई आफ्नै भनेर
लोभ र लालचमा सधैं भुलेर
बाँसको डोलामा लान्छन् खोलामा

**स्रोत व्यक्ति**
मनमाया सापकोटा
वडा नं. १
वर्ष ८८

## १४. बाटो (रत्यौली)

तल्लीमा बाटो ससुराली जानी

माथिल्लो बाटो गार्य लानी

दुइवटी दिदी र बहिनी दाइ लानी की भाइ लानी

वनमा जाउँला काली काठ खाउला

बरु पोइल नजाउला

डाला भरी बोकेर सिमी

पाईल जान हिँडेको लौ तिमी

**स्रोत व्यक्ति**
मथुरा दुलाल,
वडा नं. ८
वर्ष ५५

### १५. बाबाको घरमुनि (तीज गीप्त स्वेदना गीत)

बाबाको घरमुनि ठूलो रुख बडर

धेरै छोरी छन् भनेर हेला नगर- २

धेरै छोरी भए पनि आफ्नै कमाई खाने हुन्

रुँदै रुँदै पराइको घर जाने हुन्

घर आउँछन् स्वामी राजा आधा रात काटेपछि

साङला र बिरालाले भान्छा कुरी बस्छन्-

त्यही भात खाउँ भन्दा साङ्लो मरेको

बाबाको घर मुनि ठूलो रुख बडर

धेरै छोरी छन् भनेर हेला नगर- २

**स्रोत व्यक्ति**
कोपिला दाहाल
वर्ष ४५
वडा नं. २

## १६. भैली

हे औंसी बार गाइतिहार भैली-२

भैलिनी आइन आँगन गुन्युचोली मागन

हे औसी बार गाइतिहार भैली- २

हरियो गोबरले लिपेको

लक्ष्मी पूजा गरेको

हे औसी बार गाइ तिहार भैली-

हामी त्यसै आएनौ बली राजाले पठाए

ए औंसीबार गाइतिहार भैली

छाना भरी फर्सि  भाइ टीका पर्सी

ए औंसीबार गाइतिहार भैली

छाना माथि घिरौला के के दिन्छन् हेरौंला- २

ए औंशी बार गाई तिहार भैली

दिने भए सिदा देउ नदिने भए विदा देउ

हे औंसीबार गाई तिहार भैली

सखर खण्ड गुलियो एउटै घरमा भुलियो

ए औंसीबार गाई तिहार भैली- २

यो घरकी आमा कस्ति छिन् चन्द्रसूर्य जस्ती छिन्

हे औंसी बार गाइ तिहार भैली

यो घरका बाबा कस्ता छन् विष्णु भगवान जस्ता छन्- २

ए औंसीइ बार गाइ तिहार भैलो- २

**स्रोत व्यक्ति**
सितु अर्याल, सरिता अर्याल
वर्ष ३३, ३५
वडा नं. ६ र ७

## १७. मकै भुट (रत्यौली गीत)

मकै भुट जुनेला नभुट भरे आउने दुलहीलाई नकुट- २

हिजो राती पकाको सुहारी भरे आउँछिन् लक्षिणकी बुहारी - २

साग छरे पालुङ्गो छरे गाउँको मुखियालाई

केही गरे नि सुख छैन कर्म दुखियालाई

रत्यौलीको एकचोटा मासुले -२

कानको ढुग्री फुकालिन सासुले -२

**स्रोत व्यक्ति**
ठूली बास्तोला
वडा नं. ६
वर्ष ६२

## १८. मान्छे भएर जन्मे (भजन)

मान्छे भएर जन्मे

हरि नाम जप्नलाई

अनुकूल नपारिदेउ हे नाथ

आज मलाई

छाती छ रुखो मेरो

मरुभूमि तुल्य सरी

शिव गौरी पनि कृष्ण कृष्ण भनुँ

यी मन कहाँ लगाउँ

गोविन्द नाम छाडेर

कसको शरणमा जाउँ

नभुली रहुन सुखमा मनुले

नभुलुन रसिलो प्रभुकी हरि नाम नभुलनु ॥

**स्रोत व्यक्ति**
टिकादेवी पुडासैनी
वडा नं. १
वर्ष ९०

## १९. मुटुमा (बाह्रमासे गीत)

ठोक्छन् सधै मुटुमा किलो जीवन साथी हरे नपर्दा गतिलो- २

नन्द छुच्ची सासुनी खराब छ हरे मेरो जिन्दगी धराप छ- २

छोराछोरी ओठमा कलेटी बुढा कस्नी हरे भट्टीमा पलेटी- २

घरको तनाव मन सधै डराउनी एउटै इच्छा हरे छोराछोरी पढाउनी-२

**स्रोत व्यक्ति**
ललिता भुजेल
वडा नं. ५
वर्ष ४०

## २०. राम (बालुन (खैंजडी भजन)

राम, राम, राम, राम, राम राम राम

नारायण हरि हरि सत्यनारायण

लौ हेर हेर लौ सत्यनारायण

सत्यनारायण -२

सत गर्नेलाई सतमा राखे सत्य नारायण- २

सत्यनारायण- २

मरेर जाने चोला यो के नै लान सक्छौ र

हरे हरे हाम्रो भन्नु के छ र- २

हाम्रो भन्नु के छ र हरि हरि

हाम्रो भन्नु के छ र

भगवानको मुखमा  यो कलियुगमा हाम्ो भन्नु के छ र- २

हाम्रो भन्नु के छ र- २

यो जिउ त हाम्रो हाइन

अरु के छ र यहाँ

हे भक्तजन हो, मेरो मेरो

भन्छन् त्यो केही पनि होइन

त्यही भएको हुनाले हामीले

यो कलियुगमा किर्तन गर्नुपर्छ ।

गरौं :किर्तन, गरौं किर्तन-

हो गरौं किर्तन, गरौ किर्तन- २

भगवानको मुखमा यो कलियुगमा

गरौं किर्तन गरौं किर्तन- २

**स्रोत व्यक्ति**
ठाकुरप्रसाद लामिछाने
वर्ष ८१
चाँगुनारयण- ८

## २१. राम लक्ष्मण (असारे गीत)

कहाँ जन्मे राम लक्ष्मण कहाँ जन्मिन् सीता माई- २

आलु र तामा हरे राम राम कहाँ जन्मिन् सीतामाई- २

जतिमा आपत रामकी सीतामाईलाई त्यति आपत भो मलाई- २

आलु र तमा हरे राम राम उस्तै आपत भो मलाई- २

पानीलाई पऱ्यो रिमी र सिझमी घाम लागेर रमाइलो- २

आलु र तामा हरे राम राम घाम लागेर रमाइलो - २

वारीखोला सुन्यसान्य भयो गरिजा रमाइलो- २

आलु र तामा हरे राम राम गरिजा रमाइलो- २

बाह्र बिसे खेतको तेह्रबिसे आली ६ हल गोरु बाझो छ- २

आलु र तामा हरे राम राम ६ हल गोरु बाझो छ- २

पलौटी कस त्यो डिलमा बस भन्देउ लिला जाडो छ- २

घडीको सुइले दिदी बहिनी दुईले भन्देउ लिला जाडो छ- २

**स्रोत व्यक्ति**
राधिका लामिछाने
वडा नं. ७
वर्ष ६०

## २२. वर-पिपल (बाह्रमासे गीत)

बर पिपल सारेको धर्मले

सौता माथि पारेको कर्मले- २

हातमा घडी बाँधेको देखेर

बाले दिए बाटोमा छेकेर- २

कस्तो घरमा दिइ भन्येउ मेरो बा

भातट खाएर चुठ्नीस ठाउँ रैनछ- २

यो सासुको छैन केही गुन पनि

सालको ापतमा खटाउँछिन नुन पनि- २

सुनको सिक्री बाउ भए दुःखि

लाउसरीको रहै नपुगी- २

यो मनमा पिर कति कति

कसले देला मुसाको ओखती

यो मन पिर पऱ्यो गहिरो

भन्ने छैन साउनको भिरपहिरो- २

चाँगुनारायिण हे शिव नाराण

मैले पढ्न नपाको के कारण- २

दाजु भाइले एम.ए. पास गर्दा

म छोरीलाई गर भन्यौ घरधन्दा

**स्रोत व्यक्ति**
भुना लामिछाने
वडा नं. ७
वर्ष ८०

**२३. सानी नानी (बालगीत)**

एउटा सानी नानी जङ्गलमा

रोइरोइ बसेकी - २

उसको चिनेको साथीक ोही पनि छैनन्

हेरन साथी हेरन - २

उसलाई राम्रोसँग चिन्न

हाम्रो साथी बनाउन न ।

**स्रोत व्यक्ति**
सुस्मिता दाहाल
उमेर : १६
वडा नं. ३

## २४. शिरखण्ड (रत्यौली गीत)

शिरखण्ड कान्छा घोटेर केशरी

फेरी भुटे हुँदैन यसरी- २

तिम्रो हाम्रो भेट हुने रहिछ

हिजै देखि चञ्चले मन भैछ- २

डाँडै काटी जाउ भनी ठूलीले

रेलको भाडा पुग्दैन फुलिले- २

जानीलाई कान्छा जानदेउ राम

नजानीलाई छेकेर के काम- २

जनीलाई जाउ जाउले सक्यो

नजानीलाई खोर्सानी बेल पाक्यो- २

हातमा कान्छा अछेता पाती

बिदाबादी भएर जथाऊ साथी- २

हातमा घडी गलैमा टाई छ

जानेबेला सबैलाई बाइबाई छ- २

हिमालमा कान्छा घाम अस्ते अस्ते

जाने बेला सबैलाई नमस्ते

**स्रोत व्यक्ति**
राधिका लामिछाने
वर्ष ६०
वडा नं. ७

## २५. सेतो सेतो हे माया

सानुमाया ए माया तिमी नै भन्दा

छोडी आए घरको काम धन्दा- २

सेतो सेतो हे माया कमेरो माटो

पीडा हुन्छ हेमाया नहिड यो बाटो- २

सानुमाया ए माया बोलेको सुनेर

आको म त झ्याल ढोका थुनेर- २

सेतो सेतो हेमाया कमेरो माटो

झल्को आउँछ नहिँड यो बाटो- २

सपनीमा हेमाया मायालाई देखेको

विपनीमा भेट्नलाई लेखेको- २

सेतो सेतो हे माया कमेरो माटो

झल्को आउँछ नहिँड यो बाटो - २

वरिपरि हे माया मायाले ढाकेको

खोइ त मायाले बस्नी राखेको- २

सेतो सेतो  हे माया कमेरो माटो

झल्को आउँछ नहिँड यो बाटो- २

पिडा हुन्छ हे माया नहिँड यो बाटो- २

अलि वर हे माया सरन यसो

टाढा भयो कसरी दिल बसौं- २

सेतो सेतो हे माया कमेरो माटो

झल्को आउँछ नहिँड यो बाटो- २

पीडा हुन्छ हे माया नहिअँड यो बाटो

तिमी टाढा हे माया म पनि टाढा भाकोले

तिम्लाई भेट्न म धाई धाई आकोले- २

सेतो सेतो हे माया  कमेरो माटो

झल्को आउँछ नहिँड यो बाटो - २

पीडा हुन्छ हे माया नहिँड यो बाटो- २

आको म त हे माया हिजोको  गुनले

ज्यानले निम्तो पठाको हुनाले

सेतो सेतो हे माया कमेरो माटो

झल्को आउँछ नहिँड यो बाटो- २

पीडा हुन्छ हे माया नहिँड यो बाटो- २

डुबाई दिन्छन् हे माया दुधको तरमा

आको मत दिदीको घरमा- २

मैले पनि हे माया के खानी के खानी

तिम्रो दिदी मेरो त जेठानी- २

सेतो सेतो कमेरो माटो

झल्को आउँछ नहिड यो बाटो-

पीडा हुन्छ हे माया नहिँड यो बाटो- २

**स्रोत व्यक्ति**
विमला वास्तोला
दुर्गा भारती र उषा अधिकारी (साथीहरू)
वर्ष ५०, ५२ र ३८
वडा ७

## २६. हाइस्कूल (तीजको गीत)

हाइस्कूल जाने बेला जान पऱ्यो घाँस दाउरा गर्न- २

ऐले भयो गाह्रो दिन रात काट्न

छोरी मान्छे लेख्न पढ्न हुन्न भन्ने चलन-२

त्यो दिन सम्झी यो मन हुन्छ जलन

धनी बउको छोरा छोरी जानथे हाइस्कुल-२

आफू भने सकिएन अघि बढ्नलाई-२

नामै लेख्न सके पनि हुन्थ्यो थिरमा-२

अनपढ भइ बाँच्न पऱ्यो पिर्रै पिरमा-२

यो रमाइलो सबै जान्छन् माइत-२

आफ्नो माइती मुग्लान पारी छैन साइत-२

**स्रोत व्यक्ति**
गोदावरी भुजेल
चाँगुनारायण
वर्ष ४०
वडा नं ४

# सन्दर्भ सामग्रीसूची


इदिङ्गो, मनकुमारी (२०७७), *ताप्लेजुङको फत्तालुङ क्षेत्रमा प्रचलित पालामको अध्ययन,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

उपाध्याय, केशवप्रसाद (२०६७), *पूर्वीय साहित्य सिद्धान्त* (पाँचौं सस्क.) ललितपुर साझा प्रकाशन ।

पराजुली, मोतीलाल र गिरी, जीवेन्द्रदेव (२०६८), *नेपाली साहित्यको रूपरेखा,* ललितपुरः साझा प्रकाशन ।

पौडेल, ईश्वरा (२०७६), *ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित लोकगीतको संरचनात्मक अध्ययन,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौं : एकता बुक्स थापाथली ।

लामा, ज्ञानबहादुर (२०७९), *ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतको अध्ययन,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *लोकसाहित्य परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* ( तेस्रो संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।